karobar
1st National Economic Daily

नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक

# कारोबार

नयाँ ग्राहक बन्नु परेमा
ठेगाना परिवर्तन भएमा ।
अन्य कुनै सुझाव भएमा ।
०१-४७९५०००
९८०११६८८६५

वर्ष १७, अंक २३ । राष्ट्रिय संस्करण । नेपाल संवत् ११४६ । शुक्रबार, २५ पुस २०८२ । FRIDAY, 9 JANUARY 2026 । पृष्ठ ८ । मूल्य १० रुपैयाँ karobardaily.com

ईपीएस विवाद

## ‘कोरियासँग कुरा हुँदैछ, आन्दोलन नगर्नुस्’

**गोपाल संग्रौला**

काठमाडौं- रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत कोरिया जान रोष्टरमा रहेका नेपालीलाई आन्दोलनका कार्यक्रम नगर्न सरकारले अनुरोध गरेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र ईपीएस शाखा नेपालले आन्दोलनरत पक्षका मागका सम्बन्धमा कोरिया सरकारसँग कूटनीतिक पहल भइरहेको जनाउँदै आन्दोलन नगर्न अनुरोध गरेको हो।

रोष्टरमा लामो समय रहँदा पनि माग नआएको भन्दै पुस १६ बाट युवाहरु आन्दोलन गरिरहेका छन् । शाखाका निर्देशक टीकाराम ढकालले विभिन्न क्षेत्रमा गरी गत वर्षमात्र ११ हजार १७८ जना युवा कोरिया प्रवेश गरिसकेको बताए । आन्दोलन भन्दा वार्ता र कूटनीतिक पहल उपयुक्त रहेको उनको भनाइ छ।

नेपाल र कोरिया सरकारबीच सन् २००७ मा रोजगार अनुमति प्रणालीमा सम्झौता भएयता हालसम्म करिब १ लाख २१ हजार नेपाली श्रमिक दक्षिण कोरिया गएर रोजगारी प्राप्त गरिसकेको शाखाद्वारा जारी सूचनामा उल्लेख छ। एचआरडी कोरियाबाट कोरियन भाषा परीक्षा र सीप परीक्षण उत्तीर्ण गरी विभिन्न क्षेत्रका रोष्टरमा रहेका युवाहरुले विभिन्न माग राखी ईपीएस कार्यालयमा धर्ना, जुलुस तथा आन्दोलन गरिरहेका छन्। मागरत पक्षका प्रतिनिधिहरु, श्रम मन्त्रालयका सचिव र वैदेशिक रोजगार विभागका महानिर्देशक लगायतका पदाधिकारी तथा कर्मचारीहरुसँग समस्या सामाधानका लागि पुस १८ मा छलफल भई मन्त्रालयमा भएको सहमति अनुसार काम भइरहेको शाखाले जनाएको छ।

साथै, रोष्टरमा रहेका व्यक्तिहरुको इस्यू गराइदिने भन्दै केही व्यक्ति तथा समूहले झुटो आश्वासन दिने गरेको गुनासो भएको जनाउँदै शाखाले यसप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ । कोरियाका रोजगारदाताले मात्र श्रमिक छनोट तथा इस्यू गर्ने हुँदा भ्रममा नपर्न शाखाले अनुरोध गरेको छ। लामो समयदेखि छनोटमा परेका युवाले आफ्नो फाइल रोजगारदातासम्म नपुर्‍याएको भन्दै विरोध प्रदर्शन हुन थालेपछि ईपीएस प्रणालीमा नै प्रश्न उठ्न थालेको छ। दुई वर्षदेखि रोष्टरमा रहेका १३ हजारभन्दा बढी युवाले छनोट प्रक्रियामा ढिलासुस्ती भएको जनाउँदै अघिल्लो बुधबारबाट विरोधका कार्यक्रम राखेका थिए।

भाषा परीक्षा र सीप परीक्षणमा धेरै युवा पास गराउने र सोअनुसार माग नआएपछि कोरिया जान नपाउनु मुख्य समस्या रहेको ईपीएस पीडित युवाले बताउँदै आएका छन्। सन् २०२२ देखि भाषा परीक्षा उत्तीर्ण भएदेखि हालसम्म कोरिया जान नपाउनुमा ईपीएस कार्यलय र एचआरडीको हात रहेको बुझाइ पीडितको छ। पटक-पटक ज्ञापनपत्र बुझाए पनि कुनै निकायले चासो नदेखाएका कारण आन्दोलन गर्नुपरेको गुनासो उनीहरुले गरेका छन्।

## पुल नबन्दा फेरीको भर



भोजपुर र संखुवासभालाई जोड्ने अरुण नदीको सतिघाटमा पक्की पुल नहुँदा स्थानीयवासी वर्षौंदेखि सास्ती खेप्दै आएका छन्। उत्तरी क्षेत्रबाट बाह्य जिल्ला प्रवेश गर्ने मुख्य नाकामा स्थायी पुल नहुँदा आवतजावत र व्यापारिक गतिविधि प्रभावित बनेको छ।

वैकल्पिक रूपमा २०७६ सालदेखि फेरी सञ्चालनमा ल्याइए पनि प्राविधिक समस्या, हावाहुरी तथा वर्षायाममा नदीको बहाव बढेपछि फेरी पटक-पटक बन्द हुने गरेको छ। बर्खायाममा फेरी पूर्ण रूपमा बन्द हुँदा नागरिक झोलुङ्गे पुल प्रयोग गर्न र पिठ्यूँमा सामान बोकेर ओसार्न बाध्य छन्।

पक्की पुल नहुँदा षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका नागरिक सबैभन्दा बढी प्रभावित भएका छन् । स्थानीयवासीका अनुसार सतिघाटमा पुल निर्माणको आशा धेरै वर्षदेखि भए पनि अहिलेसम्म कुनै ठोस प्रगति हुन सकेको छैन।

हिउँदको समयमा बिहान ७ बजेदेखि राति १० बजेसम्म फेरी सञ्चालन हुँदै आएको छ। फेरीले तत्कालका लागि केही राहत दिए पनि दीर्घकालीन समाधान नभएको षडानन्द नगरपालिका प्रमुख सुरेन्द्रकुमार उदासले पटक पटक बताउँदै आएका छन्। उनका अनुसार सतिघाटमा पक्की पुल निर्माणका लागि सम्बन्धित निकायसँग निरन्तर पहल भइरहेको छ।

*तस्बिरः नेपाल फोटो लाइब्रेरी*

# पाँच लाख बचतकर्ताको ११ अर्ब जोखिममा

**मुकेश चौधरी**

धनगढी- कैलालीको गौरीगंगा नगरपालिका-१ गोप्काका ९० वर्षीय महासिंह कठायतले खोकामा सामान बेचेर चौमाला बचत तथा ऋण सहकारी संस्थामा ४२ हजार ६ सय रूपैयाँ जम्मा गरे । दैनिक एक सयदेखि दुई सय रूपैयाँका दरले जम्मा गरेको रकम झिक्न जाँदा ‘सहकारीमा पैसा छैन, अर्को दिन आउनु’ भन्ने जवाफ पाए। आफूले बचत गरेको रकम झिक्न पटक-पटक सहकारी धाउँदा पनि महासिंहले बचत फिर्ता पाएनन् । अन्धाधुन्ध बिना धितो ऋण लगानी गरी दिवालिया भएको सहकारी अन्ततः बन्द भयो।

महासिंह लगायत बचत डुबेका बचतकर्ताले सहकारीबाट आफ्नो बचत झिकाइदिन माग गर्दै गौरीगंगा नगरपालिका र चौमाला प्रहरी चौकीमा उजुरी गरे । ‘नगरपालिकामा उजुरीको सुनुवाइ नै भएन,’ महासिंहले भने, ‘चौमाला प्रहरी चौकीमा दिएको उजुरी इलाका प्रहरी कार्यालय अत्तरियासम्म पुग्यो । प्रहरीले सञ्चालकलाई ल्याएर बचत फिर्ता गराउन कागज बनायो। तर, अहिलेसम्म बचत फिर्ता पाइएन।’

सहकारीले बचत फिर्ता नगरेपछि २०७८ सालमा बचतकर्ताले प्रहरी र नगरपालिकालाई उजुरी गरेका थिए। प्रहरीले संस्थाका अध्यक्ष डिल्लीराम आचार्यलाई अत्तरिया झिकाएर बचत फिर्ता गर्न कागज गराएर छोड्यो। त्यसपछि कार्यालय खोलेर आचार्यले केहीको बचत फिर्ता गराए। त्यसबेला पनि महासिंहको बचत फिर्ता भएन। ‘केही रकम जम्मा भएपछि खोकामा सामान थप्छु, उपचार गर्छु र बचेको पैसाले केही पोषिलो खान्छु भनेर जम्मा गरेको थिएँ । तर, बचत गरेको पैसा जति तिनीहरूले खाइदिए । पैसा फर्काइदिन भनेर दिनदिनै प्रहरी चौकी गएँ। दुःख मात्रै भयो,’ उनले गुनासो गरे।

उनीजस्तै गोप्का चोकमा स-सानो रकम दैनिक बचत गरेर सुन्दर भविष्यको सपना देखेका कैयौंले बचत फिर्ता पाएका छैनन्। गोप्का चोकमै टेलर्स चलाएकी राजकुमारी चौधरीले पनि दैनिक बचतबाट जम्मा भएको ८४ हजार ४६ रूपैयाँ फिर्ता नपाएको बताइन् । ‘एकदुई पैसा जोडेर काम लागेको बेला झिक्ने सोचले जम्मा गरेको थिएँ । टेलरमा सामान थप्नुपर्ने भएपछि झिक्न खोज्दा सहकारीले दिँदै दिएन। कसैले पनि पैसा नपाएपछि आन्दोलन गर्‍यौं । नगरपालिका र प्रहरीमा उजुरी दियौं। प्रहरीले अध्यक्षलाई कागज गराएर छोड्यो तर हाम्रो पैसा दिलाएन,’ उनले भनिन्।

राजकुमारीको चौमाला बचत तथा ऋण सहकारीमा मात्रै नभई शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थामा पनि ७५ हजार ७४२ रूपैयाँ बचत फसेको छ। शिवशिखरबाट बचत फिर्ता पाउन उनले धनगढी पुगेर जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी छन् । उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालयले जिल्ला अदालतमा सहकारी ठगी सम्बन्धी मुद्दा गर्दा गराएको छ । २०८०-८१ मा दर्ता भएको मुद्दा जिल्ला अदालतको विशेष मुद्दा फाँटमा विचाराधीन अवस्थामा छ।

एकै पटक दुई वटा सहकारीबाट ठगिएकी राजकुमारीलाई अब सहकारीमाथि विश्वास छैन । ‘जहाँ बचत गर्‍यो, त्यहीं डुब्ने रहेछ,’ उनले भनिन्, ‘अब त सहकारीमाथि विश्वास छैन । हाम्रो डुबेको पैसा कसैले निकालिदेला भन्ने आश पनि रहेन । अब त कुनै पनि सहकारीमा बचत गर्दिनँ।’ अर्थतन्त्रका तीन खम्बामध्ये एक मानिने सहकारी क्षेत्रलाई बेथितिले भित्रैबाट खाइसकेको भए पनि अर्थतन्त्रको पहिलो खम्बा सरकारी क्षेत्रले त्यसको उपचारतर्फ चासो दिएको छैन । सरकारले बेवास्ता गरी अनुगमन तथा निमयन नगर्दा साना सहकारीहरु सञ्चालनकै द्विविधामा छन् भने ठूला सहकारीहरुले सहकारी सम्बन्धी कानुन मिचिरहेका छन् । सुदूरपश्चिम प्रदेश अन्तर्गत दर्ता भएका ३५१ वटा सहकारी संस्थामध्ये १३४ वटा एकीकृत सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) मा आवद्ध नै भएका छैनन् भने १४२ वटा संस्था निष्क्रिय रहेको प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयले जनाएको छ। प्रदेशमा रहेका मध्ये १७० वटा संस्थाले मात्रै साधारणसभा र लेखापरीक्षण नियमित रूपमा बुझाउने गरेको कार्यालयका रजिष्ट्रार विनोदराज पन्तले जनाए।

### सहकारीमा बेथिति-१

प्रदेशमा दर्ता रहेका सहकारीका दुई लाख तीन हजार ७०३ जना सदस्य र एक लाख ९८ हजार २३ जना बचतकर्ताले आठ अर्ब १६ करोड ४३ लाख रूपैयाँ बचत गरेका छन् भने सहकारीहरूले सात अर्ब ६९ करोड ९२ लाख रूपैयाँ कर्जा प्रवाह गरेका छन्।

यसैगरी, कैलालीका १३ वटा स्थानीय तहमा ५७३ वटा सहकारी संस्था दर्ता छन्। तीमध्ये ४७७ वटा सहकारी सञ्चालनमा छन् भने १९६ वटा निष्क्रिय छन् । स्थानीय तहमा रहेका ५०२ वटा कोपोमिसमा आबद्ध मध्ये नियमित विवरण अपडेट गर्नेको संख्या २१६ मात्रै छ। २९३ वटा सहकारीले आबद्धता लिएर पनि कोपोमिसमा विवरण दाखिला गर्दैनन्। सक्रिय रहेका सहकारीहरूले अनलाइनबाट नभई प्रिन्ट कपी मार्फत वार्षिक साधारणसभाको विवरण र लेखापरीक्षण प्रतिवेदन बुझाउने गरेका छन् । कैलालीका स्थानीय तहमा रहेका सहकारीका झण्डै एक लाख सेयर सदस्य तथा बचतकर्ताहरूले तीन अर्ब दुई करोड ३८ लाखभन्दा बढी सेयर लगानी तथा बचत गरेका छन् भने एक अर्ब ५४ करोड २९ लाख रूपैयाँ ऋण लगानी गरेका छन्।

महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनमा स्थानीय तहले समेत सहकारी संस्थाको अनुगमन तथा नियमन नगरेको उल्लेख छ। यसले गर्दा स्थानीय तहमा रहेका सहकारी संस्थाका बचतकर्ताको बचत रकम जोखिममा परेको छ। सहकारी ऐनले प्रदेश र स्थानीय तह दुवैलाई सहकारी नियमनको अधिकार दिएको छ । तर, दुवै नियामकले बचतकर्ताको बचत खाएर बन्द हुने सहकारीलाई नियमन गर्न चासो नै दिएका छैनन् । प्रदेश सहकारी रजिष्ट्रार नरेश सिंह ऐरीले नियमनका लागि कुनै प्रक्रिया नै नचलाएको बताए। ‘नियमनका लागि अनुगमन नै गर्ने हो,’ उनले भने, ‘तर, अहिलेसम्म अनुगमन गरिएको छैन। बचत फिर्ता नै नगरी सहकारी बन्द भएको जानकारीमा पनि छैन।’

कैलालीका स्थानीय तहमा रहेका दुई वटा बचत तथा ऋण सहकारी संस्था ऋण लगानी गरेको रकम नउठेपछि बन्द भएका छन्। धनगढीको सगरमाथा बचत तथ ऋण सहकारी संस्था र गौरीगंगाको चौमाला बचत तथा ऋण सहकारी संस्था बचतकर्ताको बचत समेत फिर्ता गर्न नसकेर बन्द छन्। ऋण नतिर्ने सहकारीका सदस्यहरुलाई कालोसूचीमा राख्न सकिने कानुनी व्यवस्था र संयन्त्र नभएका कारण बचत तथा ऋण जोखिममा रहेको महालेखाको २०८०-८१ को प्रतिवेदनमा उल्लेख छ। जोखिम न्यूनीकरणका लागि प्रभावकारी नियमन हुनुपर्ने महालेखाको सुझाव छ।

बिना धितोको ऋण लगानी असुली नभएपछि सहकारीहरु साँवा र व्याज भराई माग्न अदालत पुगेका छन्। कैलाली जिल्ला अदालतमा २०८१ वैशाखदेखि २०८२ भदौसम्म सहकारीबाट बिना धितो दिइएको ऋण दिएको साँवा, व्याज भराई माग्न २५ वटा करार लेनदेन सम्बन्धी मुद्दा परेको छ। तीमध्ये दुई वटाको फैसला भएको छ।

(बाँकी पृष्ठ २ मा)

## निर्वाचन प्रहरीको खर्च झण्डै पाँच अर्ब

काठमाडौं (कास)- प्रहरी प्रधान कार्यालयले आगामी निर्वाचनका लागि झण्डै एक लाख ३४ हजार निर्वाचन (म्यादी) प्रहरीका लागि भर्ना खुलाएको छ।

प्रहरी प्रधान कार्यालयको मानवस्रोत विकास विभागले बिहीबार निर्वाचन प्रहरी भर्ना गर्न आवेदन आह्वान गरेको हो । यसपालि प्रहरीले एक लाख ३३ हजार ९८० जना निर्वाचन प्रहरी भर्ती गर्दैछ। निर्वाचन प्रहरी ४० दिनका लागि भर्ना खुलाइएको हो।

कार्यालयका अनुसार एक जना निर्वाचन प्रहरीका लागि ३६ हजार ८ सय ६ रुपैयाँ खर्च लाग्नेछ । कार्यालयले चाहेजति सबै निर्वाचन प्रहरी भर्ना गरे कुल ४ अर्ब ९३ करोड ३१ लाख रुपैयाँ खर्च लाग्नेछ । यो निर्वाचन प्रहरीलाई खाना बाहेकको खर्च हो। अर्थ मन्त्रालयले यस पटक सुरक्षा निकायलाई साढे १० अर्ब रुपैयाँ निर्वाचन बजेट दिएको छ। निर्वाचन प्रहरीको खर्च नै लगभग आधा हुने देखिन्छ। प्रहरी प्रधान कार्यालयका अनुसार निर्वाचन प्रहरीको तलब दिनको ८६९ रुपैयाँ हुनेछ। त्यसअनुसार ४० दिनका लागि ३४ हजार ७६० रुपैयाँ दिइने छ। यस्तै, ४० दिनको खाद्यान्नको खर्च सरकारले व्यक्तिगत बैंक खातामा उपलब्ध गराउने छ।

निर्वाचन प्रहरीलाई खटिएको ठाउँमा आउने र जाने तयारीस्वरूप एक पटकको लागि एकमुष्ट रूपमा ८४६ रुपैयाँका दरले तयारी खर्च उपलब्ध गराइने छ। प्रतिदिन ३ सयका दरले चार दिनका लागि एकमुष्ट १२०० रुपैयाँ खाजा खर्च पनि उपलब्ध हुनेछ। कार्यालयका अनुसार म्यादी प्रहरीमा भर्ना हुन इच्छुक व्यक्तिले शुक्रबारदेखि माघ १ सम्म आवेदन दिन सकिनेछ। सार्वजनिक बिदामा पनि आवेदन दिन सकिने प्रहरी प्रधान कार्यालयले जनाएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौं, ललितपुर, भक्तपुर र सबै जिल्ला प्रहरी कार्यालयमा फारम लिन र बुझाउन पाइनेछ। कार्यालयले निर्वाचन प्रहरीका लागि केही नियम बनाएको छ। उमेरका हकमा फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष भई ५४ वर्ष ननाघेको हुनुपर्नेछ।

यस्तै, निर्वाचन प्रहरी बन्न साधारण लेखपढ गरेको हुनुपर्ने, नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको हुनु पर्नेछ । राजनीतिक दलको सदस्य नरहेको, स्वस्थ रहेको, आतंककारी एवं विध्वंसात्मक संगठनको सदस्य नरहेको पनि हुनु पर्नेछ।

पुरूषको हकमा घटीमा ५ फिट हाइट, छाती ३१-३३ इन्च, ५० किलो तौल र महिलाको हकमा ४ फिट १० इन्च हाइट, तौल ४२ किलो भएको हुनुपर्ने उल्लेख छ। निर्वाचन प्रहरी भर्ना गर्नुपर्ने भएका कारण सबै चुनावमा निर्वाचन आयोगभन्दा बढी सुरक्षाका लागि खर्च भइरहेको छ। पहिलो संविधान सभा २०६४ को निर्वाचनका बेला सात अर्ब ५० करोड रुपैयाँ खर्च भएकामा करिब ५ अर्ब रुपैयाँ सुरक्षाका लागि मात्र थियो। यस्तै, दोस्रो संविधान सभाको निर्वाचनमा खर्च भएको ११ अर्ब १० करोडमध्ये ६ अर्ब ८४ करोड रुपैयाँ सुरक्षा निकायका लागि थियो।

सरकारी अधिकारीहरु चुनाव महँगिँदै जानुको सबैभन्दा ठूलो कारण बढी संख्यामा म्यादी प्रहरी भर्ना हुनुलाई मान्छन् । उनीहरुका अनुसार २०५६ को चुनावपछि बढी संख्यामा म्यादी प्रहरी भर्ना गर्ने प्रचलन बढेको छ। २०५६ अघिका चुनावमा म्यादी प्रहरी भर्ना ज्यादै कम संख्यामा भर्ना गरिँदै आएकोमा पछिल्ला निर्वाचनमा ५०-६० हजार हुँदै यो संख्या एक लाख हाराहारीमा पुगेको थियो। यो पटक भने एक लाख ३४ हजार पुग्ने भएको छ।

# २६ सयमै अलमलियो सेयर बजार, के खोज्दैछन् लगानीकर्ता ?

**परिवर्तन देवकोटा**

काठमाडौं- पछिल्लो ६ महिनामा नेप्से परिसूचकमा १५४.२५ अंकको गिरावट आएको छ। गत असार मसान्तको तुलनामा पुस २४ सम्ममा यो ५.५२ प्रतिशतको गिरावट हो।

असार मसान्तमा नेप्से परिसूचक २७९४.७९ थियो। पुस २४ मा परिसूचक २६४०.५४ विन्दुमा छ । विगतमा मौद्रिक नीति आएपछि सेयर बजार बढ्ने प्रवृत्ति थियो। केन्द्रीय बैंकले सेयर बजारलाई प्रभावित पार्ने नीतिहरूमा लचकता अपनाउँदा त्यसबाट लगानीकर्ता उत्साहित हुन्थे। तर, यसपटक त्यस्तो अवस्था देखिएन । मौद्रिक नीति आएको केही दिन बजार बढे पनि त्यो दीगो हुन सकेन। ६ महिनासम्म पनि सेयर बजार २६ सय विन्दु हाराहारीमै अलमलिएको छ।

नेप्से परिसूचकसँगै कारोबार रकम पनि घटेको छ, जसले सेयर बजारको कुल पुँजीकरण पनि घटाएको छ। असार मसान्तमा ४६ खर्ब ५६ अर्ब ९९ करोड रुपैयाँ रहेको सेयर बजार पुँजीकरण पुस २४ मा ४४ खर्ब ३३ अर्ब ५३ करोड रुपैयाँमा झरेको छ।

विगतका वर्षमा साउनमा आउने मौद्रिक नीति चालु आवका लागि असारमै आएकाले त्यसले सेयर बजार वृद्धिको ट्रेण्डलाई केही फरक पारेको स्टक ब्रोकर्स एसोसियसन अफ नेपालका पूर्वअध्यक्ष भरत रानाभाट बताउँछन् । उनले भने, ‘साउनमा मौद्रिक नीति आउँदा भदौमा बजार बढ्यो । तर, यसपटक असारमै आयो, जसले साउनको सुरुवाती दिनमा बजार बढायो ।’ त्यसपछि बजारले लय समात्न नपाउँदै जेनजी आन्दोलन भएपछि लगानीकर्ताको मनोबल खस्किएको उनी बताउँछन् । ‘सोही कारण बजार २ हजार ६ सय आसपासमै अलमलिएको हो,’ कारोबारसँग रानाभाटले भने । नेप्से परिसूचक २७ सय पुग्नुमा नयाँ गभर्नर आउँदाको उत्साह कारक भएको उनको भनाइ छ । तर, अहिले राजनीतिक र आर्थिक अनिश्चयका कारण लगानीकर्ता पनि अलमलिएको उनी बताउँछन् । ‘नीतिगत लचकता छ, अब राजनीतिक निश्चितता भयो भने मात्रै बजार बढ्छ । आर्थिक सूचकहरूले बजारलाई प्रभाव पार्नुपर्नेमा पछिल्ला वर्षहरूमा राजनीतिले प्रभाव पार्ने गरेको छ। जसोजसो राजनीति उसोउसो सेयर बजार भन्ने अवस्था आयो। अहिले लगानीकर्ताले निर्वाचन पर्खिरहेका छन्,’ उनले भने।



इन्भेष्टर्स फोरमका अध्यक्ष तुलसीराम ढकाल विगतमा नीतिगत कडाइका कारण पुँजी बजार जुन किसिमले बढ्नुपर्थ्यो, त्यो अनुसार बढ्न नसकेको बताउँछन्। त्यसपछि अर्थतन्त्रले गति लिन नसक्दा सेयर बजारमा त्यसको नकारात्मक असर परिरहेको उनले बताए। ‘मौद्रिक नीतिमा अपेक्षा गरिए अनुसार लचकता नआउँदा पनि आर्थिक वर्षको सुरुवाती महिनामा सेयर बजार बढ्न नसकेको हो । जेनजी आन्दोलनपछि लगानीकर्ताको मनोबल गिर्‍यो र उठ्नै गाह्रो भयो,’ ढकालले भने, ‘विशेषगरी राजनीतिक वातावरण अनिश्चित र संशयपूर्ण भयो । सरकार निर्वाचनमा लागिसकेको देखिए पनि राजनीतिक दलहरू अलमल गरिरहेका कारण लगानीकर्ता डराएका हुन्।’

> राजनीतिक अनिश्चितता एउटा कारण भए पनि सेयर बजार घट्नुमा लगानीकर्ताको मनोबल पनि कारक हो । पछिल्लो समय अर्थतन्त्रको सुस्तताका कारण लगानीकर्ताले सेयर बजारमा लगानी गर्ने ट्रेण्ड नै बदलिएको छ ।
>
> **गोपाल भट्ट**
> पूर्व कार्यकारी निर्देशक
> राष्ट्र बैंक

लगानीयोग्य रकम अधिक भएको अहिलेको अवस्थामा ब्याजदर पनि घटिरहेको छ । यस्तो बेलामा कर्जा लिएर सेयर बजारमा लगानी गर्नुपर्ने बेला भए पनि राजनीतिक अवस्थाले गर्दा लगानीको वातावरण बिथोलिएको उनले बताए। सेयर बजार २ हजार ६ सय विन्दुभन्दा तल झर्ने ठाउँ नै नभएको लगानीकर्ता ढकाल बताउँछन् । ‘यो २६ सय विन्दु निकै न्यून हो, यहाँबाट घट्ने ठाउँ छ जस्तो मलाई लाग्दैन,’ उनले भने।

सेयर बजारका जानकार तथा राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक डा. गोपाल भट्टले अहिले राजनीतिक अनिश्चितता एउटा कारण भए पनि सेयर बजार घट्नुमा लगानीकर्ताको मनोबल पनि कारक रहेको बताए। पछिल्लो समय अर्थतन्त्रको सुस्तताका कारण लगानीकर्ताले सेयर बजारमा लगानी गर्ने ट्रेण्ड नै बदलिएको उनको बुझाइ छ। उनले भने, ‘अहिले अल्पकालमै नाफा कमाउने अवस्था बनेको छ । त्यस्ता लगानीकर्ता हाबी हुँदा त्यसको प्रभाव सेयर बजारमा परेको छ।’ अल्पकालिन नाफा कमाउनका लागि त्यस्ता लगानीकर्ताले प्रायः सूचकहरूलाई गम्भीर रूपमा नहेरी तत्कालै नाफा कमाउने सोच्ने उनी बताउँछन् । सोही कारण पछिल्लो समय प्राविधिक वा फण्डामेन्टल विश्लेषणले समेत बजारको प्रवृत्ति अनुमान गर्न गाह्रो हुने अवस्था रहेको उनले बताए। ‘लगानीकर्ताहरू जानेर वा नजानेर यस्तो परिस्थितिमा जेलिएका छन्। सेयर बजार अगाडि बढाउनका लागि दीर्घकालीन लगानी मजबुत हुनुपर्छ,’ उनले भने।

# जेनजी आन्दोलनमा ८४ अर्ब ४५ करोडको भौतिक क्षति

**दीपेन्द्र थापा**

काठमाडौं- गत भदौ २३ र २४ गते भएको 'जेनजी' प्रदर्शनका क्रममा देशले ठूलो भौतिक मूल्य चुकाउनु परेको सरकारी प्रतिवेदनले देखाएको छ। राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको 'सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षति मूल्यांकन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना सम्बन्धी प्रतिवेदन, २०८२ अनुसार आन्दोलनका क्रममा कुल ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँबराबरको भौतिक क्षति भएको छ। यो क्षति देशको कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४.३० प्रतिशत बराबर हो।

पुनर्निर्माणका लागि मात्र ३६ अर्ब ३० करोड खर्च र ३ वर्षको समय लाग्ने छ। समितिले तयार पारेको पुनर्निर्माण कार्य योजना अनुसार सार्वजनिक क्षेत्रका क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण, मर्मत तथा नयाँ भौतिक वस्तु खरिदका लागि कुल ३६ अर्ब ३० करोड २१ लाख लाग्ने अनुमान गरिएको छ। पुनर्निर्माण कार्य सम्पन्न गर्नका लागि बढीमा ३ वर्षको समय सीमा तोकिएको छ। जसअन्तर्गत तत्काल गर्नुपर्ने मर्मतका कार्यहरू १ वर्षभित्र र ठुला निर्माणका कार्यहरू १ देखि ३ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। भवन पुनर्निर्माणमा १९ अर्ब ९८ करोड ९८ लाख रुपैयाँ, सवारीसाधन खरिद तथा मर्मतमा ६ अर्ब १६ करोड ८० लाख रुपैयाँ र अन्य भौतिक वस्तु खरिद तथा मर्मतमा १० अर्ब १४ करोड ४२ लाख रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ।

प्रदेशगत क्षतिको विस्तृत विवरण आन्दोलनबाट देशका सातै प्रदेश प्रभावित भए पनि बागमती प्रदेशमा सबैभन्दा बढी क्षति पुगेको छ। बागमती प्रदेशमा मात्रै कुल क्षतिको करिब ६७ प्रतिशत हिस्सा रहेको छ।

बागमती प्रदेश ५६ अर्ब २३ करोड, कोशी प्रदेशमा १० अर्ब २४ करोड, लुम्बिनी ५ अर्ब ९९ करोड, मधेश प्रदेशमा ४ अर्ब ९२ करोड, गण्डकी प्रदेशमा ४ अर्ब १ करोड, सुदूरपश्चिम प्रदेशमा २ अर्ब ४० करोड र कर्णाली प्रदेशमा ६२ करोड २२ लाख रुपैयाँ रहेको छ। सबैभन्दा कम क्षति कर्णाली प्रदेशमा रहेको छ।



जेनजी आन्दोलनको क्षति देशको कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४.३० प्रतिशत रहेको छ।

सरकारी/सार्वजनिक क्षेत्रमा ५३ प्रतिशत, निजी क्षेत्रमा ४० प्रतिशत र सामुदायिक क्षेत्रमा ७ प्रतिशत असर परेको छ। भवनमा आन्दोलनका क्रममा कुल २,६७१ भवनमा क्षति पुगेको छ। जसको कुल मूल्य ३९ अर्ब ३१ करोड ७५ लाख रुपैयाँ रहेको छ। क्षतिग्रस्तमध्ये करिब ८० प्रतिशत सार्वजनिक भवन हुन्। अन्य भौतिक सम्पत्तिमा फर्निचर, इलेक्ट्रोनिक्स र मेसिनरी लगायतका वस्तुमा २० अर्ब ३६ करोड ४० लाख रुपैयाँ बराबरको क्षति भएको छ।

नगद तथा बहुमूल्य वस्तुको चोरी र आगजनीका कारण २ अर्ब ८१ करोड ३४ लाख रुपैयाँ बराबरको नगद, सुनचाँदी लगायतका वस्तु नोक्सान भएका छन्। अन्य अस्थायी तथा निजी सम्पत्तिमा ९ अर्ब २ करोड ६७ लाख बराबरको क्षति भएको छ।

**सवारी साधनमा मात्रै १३ अर्बको क्षति**

आन्दोलनका क्रममा सवारी साधनहरू प्रदर्शनकारीको मुख्य निशानामा परेका थिए। प्रतिवेदन अनुसार कुल १२ हजार ६५९ वटा सवारीसाधन क्षतिग्रस्त भएका छन्। जसको कुल मूल्य १२ अर्ब ९३ करोड ६१ लाख रहेको प्रतिवेदनमा उल्लेख छ। सवारीसाधन क्षतिको प्रकृति हेर्दा क्षतिग्रस्त सवारीसाधनमध्ये ७४.७ प्रतिशतमा पूर्ण क्षति पुगेको छ। कुल सवारीसाधन क्षतिमध्ये कार, जीप र भ्यान समूहको हिस्सा ७२ प्रतिशत (सबैभन्दा धेरै) र मोटरसाइकलको ११ प्रतिशत रहेको छ।

बीमाको अवस्था हेर्दा क्षति भएका सवारी साधनमध्ये जम्मा २२.१ प्रतिशतको मात्र बीमा रहेको पाइएको छ। राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठित समितिको प्रतिवेदन अनुसार आन्दोलनका क्रममा ७७ जनाको मृत्यु भएको छ। मृतकमध्ये ७३ जना पुरुष र ४ जना महिला छन् भने १३-२८ वर्ष उमेर समूहका ३९ जना रहेका छन्। आन्दोलनमा २ हजार ४२९ जना घाइते भएका छन्। जसमा ठूलो हिस्सा युवावर्गको छ। रोजगारीमा पनि गम्भीर असर परेको प्रतिवेदनले देखाएको छ। जहाँ २ हजार ३५३ जनाले पूर्ण रूपमा रोजगारी गुमाएका छन्। प्रदेशगत रूपमा बागमती प्रदेश सबैभन्दा बढी प्रभावित भएको छ। जहाँ कुल भौतिक क्षतिको करिब ६७ प्रतिशत हिस्सा रहेको प्रतिवेदनमा उल्लेख छ।

यो क्षति कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४.३० प्रतिशत बराबर रहेको छ। भौतिक क्षतिमा भवन, सवारीसाधन, नगद तथा अन्य सम्पत्तिमा ठूलो नोक्सानी भएको प्रतिवेदनमा उल्लेख छ। राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठित समितिको प्रतिवेदन अनुसार पुनर्निर्माण कार्य बढीमा ३ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। समितिले पुनर्निर्माणका क्रममा भविष्यमा यस्ता जोखिम दोहोरिन नदिन 'रेजिलियन्ट डिजाइन' अपनाउन तथा अग्नि सुरक्षाका आधुनिक उपायहरू लागु गर्न सरकारलाई सुझाव दिएको छ। यसले संरचनाको दिगोपन र सुरक्षामा सुधार ल्याउने अपेक्षा गरिएको छ। साथै,सरकारी सम्पत्तिको अनिवार्य बीमा गर्न सुझाव दिएको छ।

# लुम्बिनी प्रदेशमा दैनिक १५ लाख लिटर दूध उत्पादन




बुटवल (कास) - लुम्बिनी प्रदेशमा दैनिक १५ लाख लिटर दूध उत्पादन हुने गरेको छ। नेपाल डेरी एसोसिएसन लुम्बिनी प्रदेशको छैटौं साधारणसभा तथा तेस्रो अधिवेशनमा व्यवसायीहरूले सो कुरा बताएका हुन्।

अधिवेशनमा अधिकांश व्यवसायीहरूले भन्सार तथा विद्युत सहुलियतका साथै ब्याज अनुदान, स्टक धितोका आधारमा ऋण सुविधा तथा डेरी प्राविधिक जनशक्ति उत्पादन लगायतका राष्ट्रिय समस्या समाधानका लागि सरकारसँग माग गरे।

अधिवेशनमा लुम्बिनी प्रदेशका डेरी उद्योगको वर्तमान अवस्था, सम्भावना, समस्या तथा भावी कार्य योजनाबारे छलफल गरिएको थियो। डेरी एसोसिएसन लुम्बिनीका अध्यक्ष थानेश्वर न्यौपानेले संस्थाको प्रतिवेदन प्रस्तुत गर्दै लुम्बिनी प्रदेश दुग्ध उत्पादनका हिसावले देशकै अग्रणी रहेको उल्लेख गरे। प्रदेशमा करिब दुई सय डेरी उद्योग दर्ता भई सञ्चालनमा रहेका छन् भने करिब १ हजार साना तथा घरेलु डेरी व्यवसाय सञ्चालनमा छन्।

प्रदेशमा दैनिक करिब १५ लाख लिटर दूध उत्पादन हुने अध्यक्ष न्यौपानेले बताए। जसमध्ये आधा औपचारिक र आधा अनौपचारिक रूपमा खपत हुँदै आएको उनले जानकारी दिए। दुग्ध उत्पादन क्षेत्रमा करिब एक लाख परिवार प्रत्यक्ष रूपमा आश्रित छन्।

डेरी उद्योगको व्यवस्थापन तथा बजार सन्तुलनका लागि लुम्बिनी प्रदेशमै दूध पाउडर प्लान्ट स्थापना गर्ने प्रक्रिया अघि बढेको बताइएको थियो। आगामी वर्ष स्थानीय सरकारसँग सहकार्य, डेरी उद्योगको स्तरोन्नति, तालिम, पुरस्कार, गुणस्तर प्रवर्द्धन, निर्यातको पहल तथा लुम्बिनी प्रदेश दुग्ध विकास बोर्ड स्थापना गर्न पहल गर्ने लक्ष्य लिइएको छ।

सो अवसरमा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर भैरहवाका प्रमुख रमेश आचार्यले कृषि तथा डेरी व्यवसायका लागि सहुलियतपूर्ण कर्जासम्बन्धी कार्यविधि संशोधन गरी हाल ३ प्रतिशत ब्याजदर कायम गरिएको जानकारी दिए। योग्य व्यवसायीले सुविधा नपाएको अवस्थामा राष्ट्र बैंकमा आउन आग्रह गर्दै, बिक्रीयोग्य स्टक धितोमा कर्जा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गरिने प्रतिबद्धता उनले जनाए।

एसोसिएसनका पूर्व केन्द्रीय अध्यक्ष मेघराज भण्डारीले डेरी क्षेत्रबाट राष्ट्रिय जीडीपीमा ९ प्रतिशत योगदान, करिब ६ लाख रोजगारी सिर्जना तथा वार्षिक करिब १ अर्ब रुपैयाँ राजस्व योगदान भइरहेको उल्लेख गरे। केन्द्रीय सहकारी संघका केन्द्रीय सदस्य हरि काफ्लेले दूध उत्पादन घट्दै गएको र यही अवस्था कायम रहे गर्मी सिजनमा दूध अभाव हुन सक्ने बताए।

नेपाल दुग्ध विकास संस्थान लुम्बिनी दुग्ध वितरण आयोजनाका प्रमुख कृष्णप्रसाद अर्याल, डेरी व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विष्णु पाण्डे लगायतले दूधको उत्पादन लागत घटाउनुपर्नेमा जोड दिए। यसले किसान र उपभोक्ता दुवैलाई लाभ पुग्ने उनको भनाइ थियो।

पृष्ठ १ बाट जारी

**पाँच लाख...**

कैलालीका ६ वटा सहकारी संस्थाले ५९ जना व्यक्तिसँग 'साँवा व्याज भराई पाउँ' भनी जिल्ला अदालतमा निवेदन दिएका छन्। तर, यी सबै मुद्दाको मिसिल जेनजी आन्दोलनमा जलेको अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए। उनका अनुसार २०८०-८१ मा शिवशिखर बहुद्देश्यीय सहकारी संस्थाले बचतकर्ताहरुलाई बचत फिर्ता नगरेको विरुद्ध ३ वटा मुद्दा परेको थियो। सो मुद्दा अहिले अदालतको विशेष फाँटमा छ।

कैलालीको गौरीगंगा नगरपालिकाको नियमन क्षेत्रमा ६४ वटा सहकारी रहेकोमा ९ वटा सहकारी निष्क्रिय छन्। यी सहकारीहरुले नगरपालिकामा लेखापरीक्षण प्रतिवेदन समेत नबुझाएको गौरीगंगा नगरपालिकाका नापी तथा सहकारी शाखा प्रमुख अशोक जोशीले बताए। निष्क्रियलाई सक्रिय बनाउने, कानुन मिच्नेलाई कानुनी दायरामा ल्याउने र बचतकर्ताको बचत फिर्ता गराउने सन्दर्भमा स्थानीय तहबाटै सहकारीलाई नियमन गर्न कठिन रहेको उनले बताए। 'स्थानीय तहबाट सहकारीहरूलाई नियमन गर्नै सकिँदैन,' उनले भने, 'हामी कर्मचारी पनि स्थानीय नै छौं। हाम्रो सरूवा पनि हुँदैन। सधैंभरि यहीँ ठाउँमा बस्नुपर्ने हुन्छ। त्यही भएर स्थानीयसँगै रिस्क लिएर सहकारीहरूलाई कडाइ गर्न सकिँदैन। सहकारीका सञ्चालकहरू राजनीतिक पहुँचवाला हुन्छन्। जहाँ राजनीति हुन्छ, त्यहाँ कर्मचारीबाट कडाइ गर्न कठिन हुन्छ।'

धनगढी उपमहानगरको नियमन क्षेत्रमा १११ वटा सहकारीमध्ये ३७ वटा निष्क्रिय छन्। उपमहानगरले सञ्चालनमा रहेको भनी विवरण उपलब्ध गराएका सहकारीमध्ये कतिपय बन्द भइसकेका छन्। धनगढी-७ देवहरियाको संघर्ष महिला कृषि सहकारी संस्था बन्द भएको तीन वर्षभन्दा बढी भयो। सहकारीकी सदस्य तुल्सी चौधरीले सहकारीमा जम्मा भएको रकम सदस्यहरुबीच बाँडफाँड गरी सहकारी नै बन्द गरिसकिएको बताइन्। 'पैसा बाँडिसके। पहिले मैले नै बैठक बसाएर हिसाब राखिदिने गरेको थिएँ। मैले छोडिसकेपछि पैसा बाँडेर सहकारी नै बन्द गरिसके,' उनले भनिन्। तर, यस विषयमा उपमहानगरपालिकालाई जानकारी नै छैन।

नियमित अनुगमन र नियमनको अभावमा सहकारी संस्थाहरु सञ्चालकको आफूखुशीमा चल्न थालेका छन्। 'सहकारी क्षेत्रको अवस्था देख्दा न सहकारी स्थानीय तहलाई चाहिएको छ, न त सहकारीलाई स्थानीय तह नै चाहिएको छ जस्तो लाग्छ,' धनगढी उपमहानगरपालिकाका सहकारी शाखा प्रमुख चन्द्र महराले भने, 'सहकारीवालाले स्थानीय तहसँग समन्वय सहकार्य गर्न नै चाहँदैनन्। कृषि सहकारीहरुले मल र बीऊको लागि कृषि शाखासँग सम्बन्ध राख्छन्। तर सहकारी शाखासँग समन्वय गर्दैनन्।'

उनले पनि सहकारीलाई स्थानीय तहबाट नियमन गर्न गाह्रो रहेको बताए। 'स्थानीय तहबाट सहकारी नियमन गर्ने हो भने सहकारी शाखालाई व्यवस्थित बनाउनुपर्छ,' उनले भने, 'सहकारी शाखाको छुट्टै कमाण्ड हुन जरुरी छ। सरकारले ऐन ल्याएर स्थानीय तहलाई सहकारीको जिम्मेवारी दियो तर स्थानीय तहमा सहकारी बुझेका कर्मचारी र जनप्रतिनिधि भएनन्।'

धनगढी उपमहानगरको तत्कालीन सहकारी डिभिजन कार्यालयमा कार्यरत एक जना कर्मचारी आएका थिए। उनलाई सचिवको जिम्मेवारी दिएर वडा कार्यालयमा खटाइएको छ। शाखा प्रमख महराले बन्द भएका मात्रै नभई कुनै सहकारीको अनुगमन नै नभएको बताए।

# ६३४ उद्योगलाई ३१ करोड अनुदान




**मुकेश चौधरी**

धनगढी- सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ सम्म प्रदेशमा रहेका उद्योगहरूलाई ३१ करोड बढी रकम अनुदान वितरण गरेको छ।

प्रदेशको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरूले प्रदेशका ६३४ वटा उद्योगहरूलाई ३१ करोड २९ लाख रुपैयाँ अनुदान वितरण गरेका हुन्। निर्देशनालयका अनुसार उक्त अनुदान २०७७/७८ देखि २०८१/८२ सम्म वितरण गरिएको थियो।

यो चार वर्षको अवधिमा प्रविधि हस्तान्तरण, महिलाद्वारा सञ्चालित उद्योगलाई प्रविधि सहयोग, एक जिल्ला एक उद्योग प्रवर्द्धन, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धन लगायतका लोकप्रिय कार्यक्रममार्फत सो अनुदान वितरण गरिएको निर्देशनालयकी सूचना अधिकारी यशोदा बोहराले बताइन्। उनले निर्देशनालयमा उद्योगहरूलाई अनुदानका धेरै कार्यक्रमहरू आएको भए पनि अधिकांश कार्यान्वयन हुन नसकेको बताइन्।

यस वर्षका उद्योगलाई सहयोग गर्न कार्यक्रम पनि कार्यान्वयनमा गइसकेको छैन। निर्देशनालय र मातहतका घरेलु तथा साना उद्योग कार्यालयहरूले प्रविधि र नगदै अनुदान वितरण गर्दै आएका छन्। निर्देशनालयको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै निर्देशनालय र घरेलु तथा साना उद्योग कार्यालयहरूले ११० वटा उद्योगलाई एक करोड १५ लाख २३ रुपैयाँको प्रविधि हस्तान्तरण गरेका छन्। निर्देशनालयले उद्योगहरूलाई फ्रिज, हैरो डिस्क, च्याप कटर, पावर टिलर, मोटर, धान कुट्ने मेसिन, छाला जुत्ता सिलाई मेसिन, हावा भर्ने कम्प्रेसर, सोलार ब्याट्री, टपरी बनाउने मेसिन लगायतका प्रविधि हस्तान्तरण वितरण गरिएको जनाएको छ।

यसैगरी, सोही वर्ष ८२ वटा उद्योगलाई निर्देशनालय र घरेलु तथा साना उद्योग कार्यालयहरूले एक करोड ७८ लाख रुपैयाँ नगदै अनुदान वितरण गरेका छन्। प्रविधि हस्तान्तरण, एक जिल्ला एक उद्योग प्रवर्द्धन, नयाँ उद्योग सञ्चालनका लागि पुँजीगत अनुदान, आरन सुधार कार्यक्रम, स्थानीय कच्चपदार्थ तथा परम्परागत सीपमा आधारित उद्योग प्रवर्द्धन, भटमास, उखु प्रशोधन, गलैंचा उद्योग, साबुन उद्योग र सिलाई कटाई उद्योगलाई सहयोग कार्यक्रम अन्तर्गत नगदै अनुदान वितरण गरिएको थियो।

२०७७/७८ देखि २०८०/८१ सम्म निर्देशनालयले ९४ वटा उद्योगलाई ६ करोड ९४ लाख अनुदान वितरण गरेको थियो भने सो अवधिमा कैलालीमा ७६ उद्योगलाई १२ करोड १९ लाख ९८ हजार रुपैयाँको प्रविधि तथा नगद अनुदान वितरण गरिएको थियो।

सो अवधिमा प्रविधि तथा नगद अनुदान अन्तर्गत कञ्चनपुरका ४० उद्योगले एक करोड ३६ लाख ६६ हजार, डडेल्धुराका ३९ उद्योगले ६१ लाख ४९ हजार, डोटीका २१ उद्योगले ६७ लाख १२ हजार, बैतडीका २१ उद्योगले ९५ लाख ३७ हजार, अछामका १८ उद्योगले एक करोड १५ लाख ८७ हजार, बाजुराका ५५ उद्योगले एक करोड ४५ लाख ५८ हजार, बझाङका ३७ उद्योगले एक करोड चार लाख ७१ हजार र दार्चुलाका ३२ उद्योगले एक करोड ९४ लाख ८७ हजार रुपैयाँ अनुदान प्राप्त गरेका छन्।

करोडौं रकम निजी उद्योगहरूलाई हस्तान्तरण भए पनि ती अनुदान वितरणबाट औद्योगिक क्षेत्रमा के कति उपलब्धि भयो भन्ने विषयमा अध्ययन वा अनुगमन दुबै भएको छैन। प्रदेश सरकारले प्रकाशन गर्ने कुनै पनि प्रतिवेदनहरूमा उद्योगलाई दिएको अनुदानहरूको उपलब्धको विषयमा उल्लेख गरिएका छैन। निर्देशनालयका निर्देशक हेमन्त सिंहका अनुसार अनुदान लिएका उद्योगहरूलाई खासै अनुगमन गरिएको छैन। यद्यपि, संयुक्त बजार अनुगमन समितिले बजार अनुगमन गरिरहेको उनले बताए। बजार अनुगमन र वितरित अनुदानको अनुगमन छुट्टै विषय भएको हुँदा बजार अनुगमनको समयमा अनुदान वितरणको सवालमा अनुगमन नहुने उनले बताए।

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन अनुसार २०७७/७८ मा औद्योगिक क्षमता प्रयोग ४७.२७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा औद्योगिक क्षमताको उपयोग घटेर ३४.४७ प्रतिशतमा झरेको छ। तथ्यांक अनुसार सुदूरपश्चिम प्रदेशमा दर्ता भई ५४ हजार ४८१ वटा उद्योगहरू सञ्चालनमा छन्। ती उद्योगहरूले दर्ताको बेलामा दुई लाख आठ हजार ८४४ जनालाई रोजगार दिने प्रतिबद्धता गरेका थिए।

## नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | रू. १६०।०० | रू. १६०।१५ |
| अमेरिकी डलर | १ को | रू. १४३.७४ | रू. १४४.३४ |
| युरो | १ को | रू. १६७.८५ | रू. १६८.५५ |
| पाउण्ड स्टर्लिङ्ग | १ को | रू. १९३.२७ | रू. १९४.०८ |
| स्विस फ्रैन्क | १ को | रू. १८०.२९ | रू. १८१.०५ |
| अष्ट्रेलियन डलर | १ को | रू. ९६.२७ | रू. ९६.६७ |
| क्यानेडियन डलर | १ को | रू. १०३.६४ | रू. १०४.०८ |
| सिंगापुर डलर | १ को | रू. १११.९४ | रू. ११२.४१ |
| जापानी येन | १० को | रू. ९.१७ | रू. ९.२१ |
| चिनियाँ युआन | १ को | रू. २०.५८ | रू. २०.६७ |
| साउदी अरब रियाल | १ को | रू. ३८.३३ | रू. ३८.४९ |
| कतारी रियाल | १ को | रू. ३९.४३ | रू. ३९.६० |
| थाई भाट | १ को | रू. ४.५७ | रू. ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रू. ३९.१३ | रू. ३९.३० |
| मलेशियन रिंगिट | १ को | रू. ३५.३८ | रू. ३५.५३ |
| दक्षिण कोरियन वन | १०० को | रू. ९.८९ | रू. ९.९३ |
| स्विडिस क्रोनर | १ को | रू. १५.६१ | रू. १५.६७ |
| डेनिस क्रोनर | १ को | रू. २२.४६ | रू. २२.५६ |
| हङ्गकङ्ग डलर | १ को | रू. १८.४५ | रू. १८.५२ |
| कुवेती दिनार | १ को | रू. ४७०.३५ | रू. ४७२.३२ |
| बहराइन दिनार | १ को | रू. ३८१.३२ | रू. ३८२.९१ |
| ओमानी रियाल | १ को | रू. ३७३.३६ | रू. ३७४.९२ |


**Mandandeupur Municipality**
**Office of Municipal Executive**
Mahadevsthan, Kavre
Bagamati Province, Nepal

**INVITATION FOR ONLINE BIDS**

(Date of Publication: 9th Jan 2026)

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S/n | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Ward no 1 ka Bibhinna yojanaharu | 37/Works/NCB/MDM/082/83 | 09/02/2026 12:00 hrs. | 09/02/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.67500.00 | Nrs.2293592.73 |
| 2 | Ward 7 ka bibhinna Sadak sambandhi yojana haru | 38/Works/NCB/MDM/082/83 | 09/02/2026 12:00 hrs. | 09/02/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.97000.00 | Nrs.3304339.88 |
| 3 | WARD NO. 5 KA BIBHINNA YOJANAHARU PHASE-2 | 39/Works/NCB/MDM/082/83 | 09/02/2026 12:00 hrs. | 09/02/2026 13:00 hrs. | Nrs.3000.00 | Nrs.75000.00 | Nrs.2491212.08 |

**Chief Administrative Officer**



**संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावलाई जरूरी सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०९/२५ गतेको कारोवार राष्ट्रिय दैनिक**

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको संस्थापक शेयरधनी श्री नर बहादुर गुरुङले आफ्नो नाममा रहेको संस्थापक शेयर ५०,००० कित्ता शेयर विक्री गर्न ईच्छा राखी निवेदन दिनुभएको र उक्त निवेदन सञ्चालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई विक्री गर्ने प्रकृया अघी बढाउने निर्णय भए अनुसार उक्त संस्थापक शेयर खरिद गरी लिन ईच्छुक यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडका संस्थापक शेयरधनीहरुलाईनै प्राथमिकता दिनुपर्ने व्यवस्था नेपाल राष्ट्र बैंक एकिकृत निर्देशन नं. १०/२०८१ को बुँदा १५ (ख) मा रहेकोले संस्थापक शेयरधनीहरुको जानकारीको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा उक्त शेयर खरिद गर्नका लागि संस्थापक शेयरधनी महानुभावबाट तोकिएको मिति सम्म निवेदन प्राप्त नभएकोले नेपाल राष्ट्र बैंक एकिकृत निर्देशन नं. १०/२०८१ को बुँदा १५ को उप बुँदा (ख) बमोजिम उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक अन्य व्यक्ति/संस्थालाई यो सूचना प्रकाशित भएको मितिले **१५(पन्ध्र) दिनभित्र** आवश्यक कागज प्रमाण संलग्न गरी यस बैंकको केन्द्रिय कार्यालय बालुवाटार, काठमाण्डौमा के कती कित्ता शेयर खरिद गरी लिनुहुने हो सो को व्यहोरा खुलाई निवेदन दिनुहुन सुचित गरिन्छ।

**थप जानकारीको लागि यस डेभलपमेन्ट बैंकको शेयर विभागमा सम्पर्क राख्नुहोला।**

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय :** बालुवाटार, काठमाण्डौं, फोन : ०१-४५२१८६१/६२/६३

# लक्ष्मी सन्‌राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०९/२५**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी लाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गराइन्छ ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

## ऋणी तथा जमानतकर्ताको विवरण

### शाखा कार्यालय : टाँडी, चितवन

**१. ऋणीको नाम :** पदमलाल बगालेको नाती, वीर प्रसाद बगालेको छोरा, चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ८ भई हाल चितवन जिल्ला, रत्ननगर न.पा./गा.पा. वडा नं. १५ बस्ने **प्रदिप बगाले** (ना.प्र.नं. ३५१०१९/२५४, जि.प्र.का. चितवन, जारी मिति २०६७/०९/१९) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ताहरु :**

**क.** बलभद्र बगालेको नाति, पदमलाल बगालेको छोरा, चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ३ भई हाल चितवन जिल्ला, रत्नगनर न.पा./गा.पा. वडा नं. १५ बस्ने **वीर प्रसाद बगाले** (ना.प्र.नं. ७६२/०३५, जि.प्र.का. चितवन, जारी मिति २०४८/०१/११) ।

**ख.** पदमलाल बगालेको बुहारी, वीर प्रसाद बगालेको पत्नी, चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ३ भई हाल चितवन जिल्ला, रत्नगनर न.पा./गा.पा. वडा नं. १५ बस्ने **पदम कुमारी बगाले** (ना.प्र.नं. २३८/०४४/४५, जि.प्र.का. चितवन, जारी मिति २०४६/०३/१२) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** वीर प्रसाद बगालेको बुहारी, प्रदिप बगालेको पत्नी, चितवन जिल्ला, गुञ्जनगर गा.वि.स. वडा नं. २ भई हाल चितवन जिल्ला, रत्नगर न.पा./गा.पा. वडा नं. १५ बस्ने **रञ्जना न्यौपाने** (ना.प्र.नं. ३५१०३१/१७४५, जि.प्र.का. चितवन, जारी मिति २०७०/०२/२३) ।

**ख.** पदमलाल बगालेको नाति, वीर प्रसाद बगालेको छोरा, चितवन जिल्ला, रत्ननगर गा.वि.स./न.पा. वडा नं. १५ भई हाल चितवन जिल्ला, रत्ननगर न.पा./गा.पा. वडा नं. १५ बस्ने **प्रविन बगाले** (ना.प्र.नं. ३५-०१-७२-०१४७७, जि.प्र.का. चितवन, जारी मिति २०७२/०२/१८) ।

**ग.** पदमलाल बगालेको नाति, वीर प्रसाद बगालेको छोरा चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ८ भई हाल चितवन जिल्ला, रत्ननगर न.पा./गा.पा. वडा नं. १५ बस्ने **प्रकाश बगाले** (ना.प्र.नं. २००५/०६२, जि.प्र.का. चितवन, जारी मिति २०६२/०७/२४) ।

**घ.** वीर प्रसाद बगालेको बुहारी, प्रकाश बगालेको पत्नी, चितवन जिल्ला, गुञ्जनगर गा.वि.स. वडा नं. ७ भई हाल चितवन जिल्ला, रत्ननगर न.पा./गा.पा. वडा नं. १५ बस्ने **कल्पना पनेरु** (ना.प्र.नं. ३५३०३१/३९६, जि.प्र.का. चितवन, जारी मिति २०६३/११/०२) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता पदम कुमारी बगाले**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, पिठुवा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ७८८ को क्षेत्रफल क्रमशः ०-१-० (बिगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको नाम :** पशुपति भट्टको नाति, भवानी प्रसाद भट्टको छोरा, चितवन जिल्ला, पिठुवा न.पा./गा.वि.स. वडा नं. २ भई हाल रत्ननगर न.पा. वडा नं. १६ बस्ने **लेखनाथ भट्ट** (ना.प्र.नं. १८४१/०६१, जि.प्र.का. चितवन, जारी मिति २०६१/१२/२८) ।

**व्यक्तिगत जमानतकर्ता :** भवानी प्रसाद भट्टको बुहारी, लेखनाथ भट्टको पत्नी, चितवन जिल्ला, रत्ननगर न.पा./गा.वि.स. वडा नं. १६ भई हाल रत्ननगर न.पा. वडा नं. १६ बस्ने **सविता सिलवाल भट्ट** (ना.प्र.नं. ३५-०१-७७-०१४२५, जि.प्र.का. चितवन, जारी मिति २०७७/०६/१३) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता लेखनाथ भट्ट**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, पिठुवा गा.वि.स./न.पा. वडा नं. २, नक्सा सिट नं. २ क स्थित कित्ता नं. १७०४, १७०५ र १७०७ को क्षेत्रफल क्रमशः ८२५.८९, ८२.०० र १०८.०० (व.मि.)

### शाखा कार्यालय : झुम्का, सुनसरी

**१. ऋणीको नाम :** बधु साह तेलीको नाति, रवि साह तेलीको छोरा, सुनसरी जिल्ला, बक्लौरी गा.वि.स./गा.पा. वडा नं. ७ भई हाल रामधुनी उ.म.न.पा. वडा नं. ३ बस्ने **ललित साहु तेली** (ना.प्र.नं. १७४९८/१९४९८, जि.प्र.का. सुनसरी, जारी मिति २०५०/०३/३१) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** रवि साह तेलीको बुहारी, रामचन्द्र साह तेलीको छोरी, ललित साहु तेलीको पत्नी, सुनसरी जिल्ला, बक्लौरी गा.वि.स./गा.पा. वडा नं. ७ भई हाल रामधुनी उ.म.न.पा. वडा नं. ३ बस्ने **चिना देवी साह** (ना.प्र.नं. ०६३०१८/२४१७, जि.प्र.का. सुनसरी, जारी मिति २०६३/१०/१८) ।

**ख.** रवि साह तेलीको नाति, ललित साहु तेलीको छोरा, सुनसरी जिल्ला, बक्लौरी गा.वि.स./गा.पा. वडा नं. ७ भई हाल रामधुनी उ.म.न.पा. वडा नं. ३ बस्ने **गोपाल साहु** (ना.प्र.नं. ०६-०१-७१-०४८२०, जि.प्र.का. सुनसरी, जारी मिति २०७१/०५/०९) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता ललित साहु तेली**को नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, भादगाउँ सिनुवारी गा.वि.स./न.पा. वडा नं. ५, नक्सा सिट नं. ५ ग स्थित कित्ता नं. ३८१ को क्षेत्रफल ०-१-३.५ (बिगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन/अध्यादेश, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा दर्ता नं. १६८४/०६८/०६९, मिति २०६८/११/०४ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय धरान, पान नं. ६००२८९४७८ भएको सुनसरी जिल्ला, सिगिया गा.वि.स./गा.पा. वडा नं. ३ स्थित **ललित खरिद बिक्री केन्द्र** ।

**प्रोप्राइटर तथा धितो जमानतकर्ता :** बधु साह तेलीको नाति, रवि साह तेलीको छोरा, सुनसरी जिल्ला, बक्लौरी गा.वि.स./गा.पा. वडा नं. ७ भई हाल रामधुनी उ.म.न.पा. वडा नं. ३ बस्ने **ललित साहु तेली** (ना.प्र.नं. १७४९८/१९४९८, जि.प्र.का. सुनसरी, जारी मिति २०५०/०३/३१) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** रवि साह तेलीको बुहारी, रामचन्द्र साह तेलीको छोरी, ललित साहु तेलीको पत्नी, सुनसरी जिल्ला, बक्लौरी गा.वि.स./गा.पा. वडा नं. ७ भई हाल रामधुनी उ.म.न.पा. वडा नं. ३ बस्ने **चिना देवी साह** (ना.प्र.नं. ०६३०१८/२४१७, जि.प्र.का. सुनसरी, जारी मिति २०६३/१०/१८) ।

**व्यक्तिगत जमानतकर्ता :** रवि साह तेलीको नाति, ललित साहु तेलीको छोरा, सुनसरी जिल्ला, बक्लौरी गा.वि.स./गा.पा. वडा नं. ७ भई हाल रामधुनी उ.म.न.पा. वडा नं. ३ बस्ने **गोपाल साहु** (ना.प्र.नं. ०६-०१-७१-०४८२०, जि.प्र.का. सुनसरी, जारी मिति २०७१/०५/०९) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकता ललित साहु तेली**को नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, बक्लौरी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. २२३, ८३४, ८३५, १०७८ र २२० को क्षेत्रफल क्रमशः ०-२-७, ०-२-०, ०-२-१०, ०-०-११ र ०-०-१९ (बिगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. धितो जमानतकता चिना देबी तेली**को नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, बक्लौरी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ३८ र ३९ को क्षेत्रफल क्रमशः ०-३-१४, ०-६-११/२ (बिगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

## ऋणी तथा जमानतकर्ताको विवरण

### शाखा कार्यालय : डुम्रे, तनहुँ

**१. ऋणीको नाम :** कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४०१८८/०७७/०७८, मिति २०७७/०४/२५ मा अन्तर्गत रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय दमौली, पान नं. ६०९७७९१८१ भएको तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित **धुवाँकोट दाजु भाई इन्टरप्राइजेज प्रा.लि.** ।

**संचालक तथा धितो जमानतकर्ताहरु :**

**क.** पदम/पद्म राज पाठकको नाति, अग्न राज पाठकको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल गोरखा न.पा. वडा नं. ८ बस्ने **निशान पाठक** (ना.प्र.नं. ३७८६६, जि.प्र.का. गोरखा, जारी मिति २०५०/०४/२०) ।

**ख.** कृष्णराज कडेलको नाति, काशीराम कडेलको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल पालुङ्टार न.पा. वडा नं. ८ बस्ने **रमेश प्रसाद कडेल** (ना.प्र.नं. १२३२४६, जि.प्र.का. गोरखा, जारी मिति २०६१/०५/३०) ।

**ग.** बम बहादुर खनालको नाति, नर बहादुर खनालको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. १ बस्ने **प्रकाश खनाल** (ना.प्र.नं. ४४३०२०/३७, जि.प्र.का. गोरखा, जारी मिति २०६३/११/१०) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ताहरु :**

**क.** श्रीनन्द कडेलको नाति, कृष्णराज कडेलको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल पालुङ्गटार न.पा. वडा नं. ८ बस्ने **काशीराम कडेल** (ना.प्र.नं. १०६२१, जि.प्र.का. गोरखा, जारी मिति २०४३/०९/२८) ।

**ख.** पडके खनालको नाति, बम बहादुर खनालको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल पालुङ्गटार न.पा. वडा नं. ८ बस्ने **नर बहादुर खनाल** (ना.प्र.नं. २००४१, जि.प्र.का. गोरखा, जारी मिति २०४५/०७/१६) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता काशीराम कडेल**को नाममा मालपोत कार्यालय गोरखाको लगतमा दर्ता श्रेष्ता कायम रहेको गोरखा जिल्ला, धुवाँकोट न.पा./गा.पा. वडा नं. १ स्थित कि.नं. १०६२ र १२६५ को क्षेत्रफल क्रमशः १-२-१-० र २-८-२-० (रोपनी) भएको घर जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. धितो जमानतकर्ता नरबहादुर खनाल**को नाममा मालपोत कार्यालय गोरखाको लगतमा दर्ता श्रेष्ता कायम रहेको गोरखा जिल्ला, धुवाँकोट न.पा./गा.पा. वडा नं. १ स्थित कि.नं. १७७ को क्षेत्रफल १३-३-२-१ (रोपनी) भएको घर जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**३. धितो जमानतकर्ता निशान पाठक**को नाममा मालपोत कार्यालय गोरखाको लगतमा दर्ता श्रेष्ता कायम रहेको गोरखा जिल्ला, रानीस्वारा न.पा./गा.पा. वडा नं. ८ स्थित कि.नं. ११०१ र १०९५ को क्षेत्रफल क्रमशः ०-९-२-० र ०-२-३-१ (रोपनी) भएको घर जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**४. धितो जमानतकर्ता निशान पाठक, रमेश प्रसाद कँडेल र प्रकाश खनाल**को संयुक्त नाममा मालपोत कार्यालय गोरखाको लगतमा दर्ता श्रेष्ता कायम रहेको गोरखा जिल्ला, च्याली न.पा./गा.पा. वडा नं. ८ स्थित कि.नं. १७६९, १७१६ र १७१५ को क्षेत्रफल क्रमशः ०-८-३-२, ०-९-२-०, ०-९-२-० (रोपनी) भएको घर जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

५. यस बैंकको नाममा दर्ता कायम रही **ऋणी धुवाँकोट दाजु भाई इन्टरप्राइजेज प्रा.लि.** को जनिएको मोडेल Mahindra Bolero Camper DC 4 WD P/S, च्यासिस नं. MA1RU4TBKL3E91575 इन्जिन नं. TBL4C75858 भएको सवारी दर्ता नं. प्रदेश ३ ०१ २३ च ९०७१ को भाडा/निजी सवारी साधन थान १ ।

६. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

**२. ऋणीको नाम :** बम बहादुर खनालको नाति, नर बहादुर खनालको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल तनहुँ जिल्ला, आबुखैरेनी गा.पा. वडा नं. १ बस्ने **प्रकाश खनाल** (ना.प्र.नं. ४४३०२०/३७, जि.प्र.का. गोरखा, जारी मिति २०६३/११/१०) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** पडके खनालको नाति, बम बहादुर खनालको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल पालुङ्गटार न.पा. वडा नं. ८ बस्ने **नर बहादुर खनाल** (ना.प्र.नं. २००४१, जि.प्र.का. गोरखा, जारी मिति २०४५/०७/१६) ।

**ख.** नर बहादुर खनालको बुहारी, प्रकाश खनालको पत्नी, तनहुँ जिल्ला, आँबुखैरेनी गा.पा. वडा नं. ५ भई हाल आँबुखैरेनी गा.पा. वडा नं. १ बस्ने **सरस्वती थापा** (ना.प्र.नं. ४३१०२९/१२१३७१, जि.प्र.का. तनहुँ, जारी मिति २०६६/०९/२७) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता प्रकाश खनाल**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, सत्रसय आँबु गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १ क स्थित कित्ता नं. २२६२ को क्षेत्रफल ०-४-३-३ (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**३. ऋणीको नाम :** औद्योगिक व्यवसाय/अध्यादेश ऐन, २०७६ को दफा ३ बमोजिम, कालिका नगरपालिकाको कार्यालय चितवनमा दर्ता नं. ३४, मिति २०७६/०५/२७ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भरतपुर, पान नं. ६११९६२७१९ भएको चितवन जिल्ला, कालिका न.पा. वडा नं. ६ स्थित **भिजन कन्ष्ट्रक्सन एण्ड सप्लायर्स** ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता :** अग्नराज पाठकको नाति, निशान पाठकको छोरा, गोरखा जिल्ला, पालुङटार न.पा वडा नं. ८ भई हाल गोरखा न.पा. वडा नं. ८ बस्ने **भिजन पाठक** (ना.प्र.नं. ४४-०१-७४-०४१६९, जि.प्र.का. गोरखा, जारी मिति २०७४/०६/२३) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** चिरन्जीवी पाठकको नाति, पदम/पद्म राज पाठकको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल पालुङटार न.पा. वडा नं. ८ बस्ने **अग्नराज पाठक** (ना.प्र.नं. १७७०७, जि.प्र.का. गोरखा, जारी मिति २०४४/०९/२१) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** पदम/पद्म राज पाठकको नाति, अग्न राज पाठकको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल गोरखा न.पा. वडा नं. ८ बस्ने **निशान पाठक** (ना.प्र.नं. ३७८६६, जि.प्र.का. गोरखा, जारी मिति २०५०/०४/२०) ।

**ख.** अग्नराज पाठकको बुहारी, निशान पाठकको पत्नी, गोरखा जिल्ला, धुवाँकोट गा.वि.स. वडा नं. १ भई हाल गोरखा न.पा. वडा नं. ८ बस्ने **पार्वती देवी पाठक** (ना.प्र.नं. ७०३३६, जि.प्र.का. गोरखा, जारी मिति २०५६/०१/०८) ।

**ग.** अग्नराज पाठकको नाति, निशान पाठकको छोरा, गोरखा जिल्ला, पालुङटार न.पा. वडा नं. ८ भई हाल गोरखा न.पा. वडा नं. ८ बस्ने **रिजन पाठक** (ना.प्र.नं. ४४-०१-७३-०१६०२, जि.प्र.का. गोरखा, जारी मिति २०७३/०२/१७) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता अग्नराज पाठक**को नाममा मालपोत कार्यालय गोरखाको लगतमा दर्ता श्रेष्ता कायम रहेको गोरखा जिल्ला, धुवाकोट न.पा./गा.पा. वडा नं. १ स्थित कि.नं. १२९ को क्षेत्रफल ९-१५-३-० (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

**४. ऋणीको नाम :** पदम/पद्म राज पाठकको नाति, अग्न राज पाठकको छोरा, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. १ भई हाल गोरखा न.पा. वडा नं. ८ बस्ने **निशान पाठक** (ना.प्र.नं. ३७८६६, जि.प्र.का. गोरखा, जारी मिति २०५०/०४/२०) ।

**व्यक्तिगत जमानतकर्ता :** अग्नराज पाठकको बुहारी, निशान पाठकको पत्नी, गोरखा जिल्ला, धुवाँकोट गा.वि.स. वडा नं. १ भई हाल गोरखा न.पा. वडा नं. ८ बस्ने **पार्वती देवी पाठक** (ना.प्र.नं. ७०३३६, जि.प्र.का. गोरखा, जारी मिति २०५६/०१/०८) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता निशान पाठक**को नाममा मालपोत कार्यालय गोरखाको लगतमा दर्ता श्रेष्ता कायम रहेको गोरखा जिल्ला, रानीस्वारा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ४०८, ४११, २८८ र ४०१ को क्षेत्रफल क्रमशः ०-०-१-२, ०-१-०-१, ०-३-०-२ र ०-०-३-० (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

## ऋणी तथा जमानतकर्ताको विवरण

### शाखा कार्यालय : नारायणगढ, चितवन

**ऋणीको नाम :** साझेदारी ऐन, २०२० बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय प्रदेश नं. ३, चितवन नेपालमा दर्ता नं. ३०/०७२/०७३ मिति २०७३/०३/०५ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भरतपुर, चितवन पान नं. ६०४७८३५८३ भएको चितवन जिल्ला, भरतपुर म.न.पा./न.पा. वडा नं. १० स्थित **श्री डिज मोटर्स** ।

**साझेदार तथा व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** जगन्नाथ चापागाईको नाति, राम प्रसाद चापागाईको छोरा, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १० भई हाल भरतपुर म.न.पा. वडा नं. २ बस्ने **दीन बन्धु चापागाई** (ना.प्र.नं. १०१८४/०५२, जि.प्र.का. चितवन, जारी मिति २०५२/०५/०२) ।

**ख.** टिकाराम भण्डारीको नाति, हरी प्रसाद भण्डारीको छोरा, चितवन जिल्ला, दिव्यनगर गा.वि.स. वडा नं. ७ भई हाल भरतपुर म.न.पा. वडा नं. २ बस्ने **रोहन भण्डारी** (ना.प्र.नं. ३५-०१-७०-०१५४५, जि.प्र.का. चितवन, जारी मिति २०७०/१०/१९) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ताहरु :**

**क.** देवि प्रसाद उपाध्यायको नाति, जगन्नाथ चापागाईको छोरा, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १० भई हाल भरतपुर म.न.पा. वडा नं. २ बस्ने **राम प्रसाद चापागाई** (ना.प्र.नं. १०१, जि.प्र.का. चितवन, जारी मिति २०२७/०९/२६) ।

**ख.** जगन्नाथ चापागाईको बुहारी, राम प्रसाद चापागाईको पत्नी, चितवन जिल्ला, गितानगर गा.वि.स. वडा नं. ९ भई हाल भरतपुर म.न.पा. वडा नं. २ बस्ने **मिना नेपाली (चापागाई)** (ना.प्र.नं. ४३२१, जि.प्र.का. चितवन, जारी मिति २०४०/०९/०७) ।

**ग.** सत्य प्रसाद सुवेदीको नातिनी, जगन्नाथ सुवेदीको छोरी, दीन बन्धु चापागाईको पत्नि, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ४ भई हाल भरतपुर म.न.पा. वडा नं. २ (साबिक वडा नं १०) बस्ने **विनिता सुवेदी** (ना.प्र.नं. २५८९/०४४, जि.प्र.का. चितवन, जारी मिति २०५५/०५/०२) ।

**व्यक्तिगत जमानतकर्ता :** जय भद्र भण्डारीको नाति, टिकाराम भण्डारीको छोरा, चितवन जिल्ला, दिव्यनगर गा.वि.स. वडा नं. ७ भई हाल भरतपुर म.न.पा. वडा नं. २ बस्ने **हरि प्रसाद भण्डारी** (ना.प्र.नं. २७८९, जि.प्र.का. चितवन, जारी मिति २०४०/०४/२३) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता राम प्रसाद चापागाई**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ९, नक्सा सिट नं. ९ ख स्थित कित्ता नं. ५१३ र २४९ को क्षेत्रफल क्रमशः ९०५.८२ र ७४४.९८ (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. धितो जमानतकर्ता मिना नेपाली (चापागाई)** को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, भरतपुर गा.वि.स./न.पा. वडा नं. ५, नक्सा सिट नं. ५ क स्थित कित्ता नं. २७५९ को क्षेत्रफल २०३.१६ (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**३. धितो जमानतकर्ता विनिता सुवेदी**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४ ख स्थित कित्ता नं. ४४०५ र ५४४३ को क्षेत्रफल क्रमशः ८४.६५ र १६९.३० (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. धनी यस बैंक तथा ऋणी **ऋणी श्री डिज मोटर्स**को जनिएको बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको निम्न बमोजिमको २२ थानका निजी सवारी साधनहरु :

| क्र.सं. | सवारी मोडेल | इन्जिन नं. | च्यासिस नं. | सवारी दर्ता नं. |
|---|---|---|---|---|
| १ | KIA SELTOS | G4FLMV260501 | MZBEU812TMN314926 | Bagmati Pradesh - 01- 026CHA-9501 |
| २ | KIA SELTOS | D4FAMM384379 | MZBEU813LMN291252 | Bagmati Pradesh - 01-026CHA-7477 |
| ३ | KIA SONET | G4LFNV198040 | MZBFA812LNN172378 | Bagmati Pradesh - 01-028CHA-1537 |
| ४ | KIA SONET | G4LFMV150948 | MZBFA812LMN134118 | Bagmati Pradesh - 01-026CHA-9405 |
| ५ | KIA SONET | G4LFNV199244 | MZBFA812LNN171758 | Bagmati Pradesh - 01-028CHA-1173 |
| ६ | KIA SELTOS | G4FLMV263252 | MZBEU812LNN357053 | Bagmati Pradesh - 01-027CHA-7805 |
| ७ | KIA SONET | G4LFNV198093 | MZBFA812LNN172425 | Bagmati Pradesh - 01-028CHA-1183 |
| ८ | KIA SONET | G4LFMNV199259 | MZBFA812LNN171741 | Bagmati Pradesh - 01-028CHA-7755 |
| ९ | KIA SONET | G4LFNV199330 | MZBFA812LNN172310 | Bagmati Pradesh - 01-028-CHA-1184 |
| १० | KIA SONET | G4LFNV198065 | MZBFA812LNN172397 | Bagmati Pradesh - 01-027CHA-7682 |
| ११ | KIA SONET | G4LFNV180659 | MZBFA812LNN172478 | Bagmati Pradesh - 01-027CHA-7750 |
| १२ | KIA SONET | D4EFANM536026 | MZBFF813LNN167561 | Bagmati Pradesh - 01-028CHA-1192 |
| १३ | KIA SONET | G4LFNV199257 | MZBFA812LNN1711757 | Bagmati Pradesh - 01-028-CHA-1172 |
| १४ | KIA SONET | G4LFMV151143 | MZBFA812LMM134917 | Bagmati Pradesh - 01-026CHA-9409 |
| १५ | KIA SONET | G4LFMV174335 | MZBFA812LMN139844 | Bagmati Pradesh - 01-027CHA-1052 |
| १६ | KIA SONET | G4LFMNV174155 | MZBFA812LMN139888 | Bagmati Pradesh - 01-027CHA-1216 |
| १७ | KIA SONET | G4LFNV199269 | MZBFA812LNN171727 | Bagmati Pradesh - 01-027CHA-7735 |
| १८ | KIA Vehicle | G4FLLV019737 | MZBEP812LLNO91276 | Bagmati Pradesh - 01-023CHA-7299 |
| १९ | KIA Vehicle | G4FLMV244821 | M2BEP812LMN303297 | Bagmati Pradesh - 01-026CHA-7584 |
| २० | KIA Vehicle | G4FLNV322508 | MZBEP812LNN367099 | Bagmati Pradesh - 01-027CHA-7216 |
| २१ | KIA Vehicle | G4LFNV199170 | MZBFA812LNN171728 | Bagmati Pradesh - 01-027CHA-7736 |
| २२ | KIA Vehicle | G4FLMV264314 | MZBEP812LNN367293 | Bagmati Pradesh - 01-027CHA-7830 |

५. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

### शाखा कार्यालय : बानेश्वर, काठमाडौं

**ऋणीको नाम :** रगंलाल बखेलको नाति, गोपाल प्रसाद बखेलको छोरा, सर्लाही जिल्ला, जानकीनगर न.पा./गा.पा. वडा नं. २ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ७ बस्ने **रोशन बखेल** (ना.प्र.नं. ३१६५५४०९, जि.प्र.का. सर्लाही, जारी मिति २०६१/०४/१३ )

**व्यक्तिगत जमानतकर्ता :** हरी धिमिरेको नातिनी, निरूकुमार घिमिरेको छोरी, पर्सा जिल्ला, वीरगंज न.पा./गा.पा. वडा नं. १४ भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ७ बस्ने **निस्मा घिमिरे** (ना.प्र.नं. ३४-०१-७०-००५६०, जि.प्र.का. पर्सा, जारी मिति २०७०/०१/१७ ) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता रोशन बखेल**को नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला, सुडाल न.पा./गा.पा. वडा नं. ३ को कित्ता नं. २३२ को क्षेत्रफल ९५.३७ (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### शाखा कार्यालय : हेटौडा, मकवानपुर

**ऋणीको विवरण :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, दर्ता नं. २२४४३१/०७६/०७७, मिति २०७६/०५/२९ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय हेटौंडा, पान नं. ६०९६२५९९८ भएको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५, सानोपोखरा स्थित **सेम्जो कन्सट्रक्शन एण्ड इन्टेरियर प्रा.लि.** ।

**संचालक तथा व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** लाल मान लोको नाति, एक बहादुर लोको छोरा, मकवानपुर जिल्ला, आमभन्ज्याङ गा.वि.स. वडा नं. ४ भई हाल मकवानपुरगढी गा.पा. वडा नं. ५ बस्ने **मेम्बर बहादुर लो** (ना.प्र.नं. ३११००९/५०९५८, जि.प्र.का. मकवानपुर, जारी मिति २०६५/०३/२२) ।

**ख.** पोसव प्रसाद सिग्देलको नाति, रविन्द्र प्रसाद प्रसाद सिग्देलको छोरा, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ भई हाल मकवानपुरगढी गा.पा. वडा नं. ५ बस्ने **दिपेश सिग्देल** (ना.प्र.नं. ३१३०२३/२०२ ख, जि.प्र.का. मकवानपुर, जारी मिति २०६३/१०/०९) ।

**धितो सुरक्षणको विवरण :** यस बैंकको नाममा दर्ता कायम रही **ऋणी सेम्जो कन्सट्रक्शन एण्ड इन्टेरियर प्रा.लि.** को जनिएको मोडेल Mahindra YUVO 575DI २०१७, च्यासिस नं. MBNUFALYAHNC00078 इन्जिन नं. NHC5GFE3169 भएको सवारी दर्ता नं. ना ६ त ४८३६ को भाडा/निजी सवारी साधन थान १ ।

**नोट :** ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो । जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

# धार्मिक पर्यटनको धरोहर आशापुरी महादेव



डा. माधव अधिकारी

चारैतिर पहाडले घेरिएको आशापुरी महादेव मन्दिर स्थल प्राकृतिक दृष्टिले अति रमणीय छ । मन्दिरको अग्रभाग दक्षिणतर्फ फर्किएको छ । मन्दिरभित्र विराजमान आशापुरी महादेवको शिवलिङ्ग सानो कालो पत्थरको छ, जुन अति सुन्दर देखिन्छ । शिवलिङ्गवरिपरि बेरिएको तामाको नागको आभूषणले मूर्तिलाई थप आकर्षित बनाएको छ । मुख्य मन्दिर वरिपरि गणेशलगायत विभिन्न देवीदेवताका मूर्ति प्रतिष्ठापन गरिएको छ । मन्दिरको ठीक अगाडि उत्तरतर्फ पञ्चमुखी धारा छन्, जुन धाराबाट चौबीसै घण्टा कलकल ध्वनिमा पानी बग्ने गर्छ । मन्दिरको प्रसिद्धि र भक्तजनको ओहिरोसँगै आशापुरी क्षेत्रमा भौतिक पूर्वाधारको समेत बिस्तारै विकास हुन थालेको पाइन्छ ।

आशापुरी महादेवको वास्तविक नाम आशापुरेश्वर महादेव हो । आशापुरेश्वरबाट अपभ्रंश भई आशापुरी हुन गएको इतिहास तथा संस्कृतविद्हरू बताउँछन् । विशेष गरी मनले चिताएको इच्छा, आकांक्षा पूरा गर्ने महादेव भएकाले यसको नाम आशापुरेश्वर महादेव राखिएको किंवदन्ती छ । आशापुरेश्वरमा विशेष गरी सन्तान र सुख आदि प्राप्तिका लागि पूजा-आराधना गर्ने बताइन्छ । आशापुरी महादेव धार्मिक तथा सांस्कृतिक दृष्टिले बढी नै महत्त्व भएको पाइन्छ । यी महादेव लिच्छविकालीन हुन्, जुन शिव पुराणमा वर्णित चौसट्ठी शिवलिङ्गमध्ये एक हो । भक्तपुर र काभ्रेको संगममा पर्ने आशापुरी महादेव दर्शन गरे मनको इच्छा पूरा हुने जनविश्वास छ । यो मन्दिर भक्तपुर-काभ्रेको संगममा डोलेश्वरबाट ६ कि.मि.को दूरी, साँगा महादेवबाट ५ कि.मि.को दूरी र पनौती नगरपालिका ३ नं. वडामा भएको महादेवबाट ४ कि.मि.को दूरीमा पर्छ । त्रिवेणीको संगम नैचाल खोला, काँक्रेबारी खोला र पनौती १ नं. वडा कुबाडोलबाट आउने खोलाको त्रिवेणीमा अवस्थित छ ।

आशापुरी महादेवको स्थापनाबारे त्यहाँका जानकारहरूका अनुसार, परापूर्वकालमा सुवर्ण नाम गरेको ऋषिले हिमालय पर्वतमा तपस्या गर्दा महादेव प्रसन्न भई प्रत्यक्ष दर्शन दिएर के इच्छा छ भनी सुवर्ण नामका ऋषिलाई सोधेका र ऋषिले पापको प्रायश्चित्त गरी हे भगवान्, मलाई यो पापबाट मुक्त गराइदिनु भनी भन्नुभएको र महादेवले तिमीले यति तपस्या गरेर पुग्दैन, म तिमीलाई एउटा सुकेको मयलको लौरो दिन्छु, तिमीले यो लौरो टेक्दै जाँदा जुन-जुन स्थानमा बास बस्छौ, त्यो ठाउँमा लौरो गाड्दै जानु, जुन ठाउँमा बास बसेर लौरो गाड्दा लौरोमा मुना पलाउँछ, तब मात्र तिमीले चिताएको पूरा हुनेछ र आशा पूर्ण हुन्छ भनी दिएको मयलको लौरो विभिन्न ठाउँमा गाड्दै ऋषिमुनि यस स्थानमा आई बास बसेका र सो लौरो बिहान स्नान गरेर आउँदा मुना पलाएको देखेर खुसी भई आशापूर्ण भएको किंवदन्ती पाइन्छ । सो लौरो गाडेको ठाउँमा खोस्रेर हेर्दा शिवलिङ्ग फेला परेकाले आशापुरेश्वर महादेव नाम रहन गएको भन्ने भनाइ छ । त्यस बेलादेखि सो मन्दिरमा भक्तजनहरू आशा लिएर आउने र सो आशा पूरा भएको किंवदन्ती छ । विशेष गरी यहाँ लाग्ने मेलामा पौष मसान्तमा मादी बाल्ने/बत्ती बाल्ने, पितृ उद्धार तथा भाकल पूरा गर्ने र कार्तिक पूर्णिमा, शिवरात्री, माघ महिना तथा श्रावण महिनामा विशेष गरी सोमबार र शनिबार भक्तजनहरूको घुइँचो लाग्ने गरेको छ । भक्तपुर जिल्लामा कैयौं मठमन्दिर छन्, सो मठमन्दिरमध्ये मुख्यमुख्य मन्दिरको सर्किट बनाई पर्यटन विकासका कार्य गर्न आवश्यक छ ।

समृद्ध नगर तथा गाउँको रेखा कोरी देशको भविष्य निर्माण गर्ने आशा एवं भरोशाका केन्द्रबिन्दु युवा जनशक्तिको विदेश पलायन रोक्दै स्वदेश एवं जन्मभूमिमा नै उद्यमशीलता र रोजगारीको अवसर सिर्जना गर्नु पहिलो आवश्यकता भएको छ । नेपालको प्राकृतिक भू-धरातल वातावरण एवं सांस्कृतिक जनजीवनका विशेषताहरूको आधारमा सूचना र प्रविधिको अधिकतम उपयोगका साथ सामाजिक सेवामूलक व्यवसायमा जोड दिँदै पर्यटनलाई नयाँ आयामका साथ कृषिपछिको मुख्य व्यवसायका रूपमा धार्मिक पर्यटन व्यवसायको विकास गर्नु यस क्षेत्रको आवश्यकता हो ।

हुन त भक्तपुर जिल्लाभित्रका स्थानीय निकायहरूले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न महोत्सव तथा कार्यक्रमहरू नगरेको भने होइन । सोले मात्र आशातीत उपलब्धि प्राप्त हुन सकेको छैन । सोका लागि समय सान्दर्भिक महोत्सव तथा कार्यक्रम गर्न आवश्यक छ । यस क्षेत्रका लागि डोलेश्वर महादेव, आशापुरी महादेव र साँगाको महादेव मन्दिरको एकीकृत पर्यटकीय व्यवस्थापन गर्नु अति आवश्यक छ । योजनाको अभावले गर्दा यत्रतत्र अवस्थामा छरिएर रहेका सम्भावित पर्यटकीय आकर्षणहरूको महत्त्वलाई पहिचान गर्न, त्यस्ता आकर्षण स्थललाई पर्यटन सम्पदाको सर्किटका रूपमा विकास गर्न र पर्यटनसम्बन्धी सेवासुविधालाई पनि प्रभावकारी बनाउन सकिएको स्थिति पाइँदैन । त्यस्तै साँगाबाट आशापुरी महादेवको मन्दिरसम्म जाने बाटो अव्यवस्थित हुँदा पर्यटनमा प्रत्यक्ष असर पुगेको देखिन्छ । यहाँ भएका होटल, लजको आवश्यक व्यवस्थापनको कमीले गर्दा तीर्थयात्रीहरू मर्कामा परेका छन् । साथै, मन्दिरको पूर्वतर्फ सञ्चालन भइरहेको ढुंगा खानीले मन्दिर परिसर तथा प्राकृतिक सौन्दर्यमा ठूलो असर पुऱ्याएको छ । यसबारे स्थानीय सरकार बेलैमा सचेत हुन आवश्यक छ । यस क्षेत्रको समग्र आम्दानीमा धार्मिक पर्यटन व्यवसायलाई पनि एक दिगो स्रोत सिर्जना गर्न र अन्तरपालिका क्षेत्रको विकासमा सन्तुलन कायम गर्नमा समेत धार्मिक पर्यटन एउटा महत्त्वपूर्ण माध्यम हुन सक्छ । स्थानीय सरकारको समन्वयमा आशापुरी महादेव क्षेत्रमा रहेका होटल व्यवसायी, यातायात व्यवसायी, सरोकारवाला उद्योग वाणिज्य संघ र निजी क्षेत्रको समेत संलग्नतामा आ-आफ्ना तबरका कार्यक्रम एकीकृत गरी स्थानीय पर्यटन विकास र व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु आवश्यक देखिन्छ । पालिकाले स्थानीय समुदायको सहभागितालाई प्रोत्साहित गर्दै ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक महत्त्वका सम्पत्तिको संरक्षण, परम्परागत वास्तुकला, मन्दिर र स्थानीय समाजका सांस्कृतिक सम्पदाहरूको संरक्षणसम्बन्धी कार्य जेनतेन प्रकारले गर्दै आइरहेको अवस्थामा ठोस कार्यक्रमका साथ अगाडि बढ्नु आवश्यक देखिन्छ ।

प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा साहसिक दृष्टिकोणले विश्वकै प्रमुख देशहरूमध्ये नेपाल पनि पर्छ । नयाँ पर्यटकीय स्थल, गन्तव्य पर्यटकलाई आकर्षण गरिने तत्त्वहरूको विकास गरी धार्मिक पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारका रूपमा विकास गर्नुपर्ने आवश्यकता रहेको छ । पर्यटनको माध्यमबाट काम वा रोजगारी सिर्जना गरी अवसर जुटाई गरिबी न्यूनीकरण गर्दै यस आशापरी महादेव क्षेत्रभित्रदेखि देशभरिका जनताको जीवनस्तरमा सुधार ल्याउन आवश्यक छ । धार्मिक पर्यटन आगमनमा वृद्धि हुने सम्भावना प्रचुर रहेकाले पर्यटन प्रवर्द्धनबाट समृद्धिको आसमा आशापुरी भएकाले विद्यमान नीति, कानुन र प्रक्रियाअनुरूप धार्मिक पर्यटनलाई एक उद्योगका रूपमा विकास गरिनु समयको माग तथा आवश्यकता हो ।

# जनताले बनाउने र सरकारले चलाउने

प्रा.डा. हरि शर्मा



विगतमा नेपालले पर्यटन दशक (२०७०-२०८०) घोषणा गरेर चमत्कारिक उपलब्धि हासिल गर्ने लक्ष्य राखेका भए तापनि उक्त समयावधिमा पर्यटन उद्योगले देशको राजनीतिक र आर्थिक अवस्थाका कारण कुनै पनि उल्लेख्य काम गरेको उदाहरण छैन । गत वर्ष मार्चमा पोखरालाई नेपालको आधिकारिक पर्यटन राजधानी घोषणा गरेर तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले पोखरालाई एउटा अविस्मरणीय गुन भने लगाएकै हुन् । पोखराको फेवातालको उत्तरी तटमा एक भव्य समारोहबीच भएको कार्यक्रमले पोखरालाई एक अन्तर्राष्ट्रिय गन्तव्यहरूमध्येको विशेष गन्तव्यका रूपमा स्थापित गरेको छ । पर्यटकीय पूर्वाधारहरूका साथै त्यहाँका अन्य पर्यटकीय आवश्यकताहरूको आपूर्ति पनि बडो तीव्रताका साथ हुँदै गरेको हामी अहिले पनि देखिरहेछौँ । मुलुकको आर्थिक समुन्नतिका लागि पोखरा-पर्यटनको विकास अपरिहार्य रहेको भन्ने सन्दर्भ भाषण गर्न निपुण र लालायित प्रायःजसो सबै तहका पुराना वा नयाँ राजनीतिक हस्तीहरूको फटफटे जिब्रोमा झुन्डिएको पाइन्छ, जुन हामीले दिनहुँ सुन्दै आइरहेका छौँ ।

पर्यटनसँग प्रत्यक्ष रूपमा आबद्ध उद्यमीहरूको अन्तरपीडा आफ्नै ठाउँमा छ । पर्यटन पूर्वाधारहरूको समयोचित आवश्यक भौतिक संरक्षण, संवर्द्धन र प्रवर्द्धनको मौखिक रूपमा जति नै जप गरिए तापनि नीतिगत रूपमा त्यसको कहीँ कुनै प्रत्याभूति रहेको अवस्था शून्य छ । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको बाह्य र आन्तरिक उडान सेवाहरू जहाजको कमीले प्रभावित छन् । पटक-पटक जहाजहरू ग्राउन्डेड हुने अवस्थाले गर्दा निगमले अर्बौंको घाटा सहेर भए पनि आकाशभैरवको कृपाका भरमा आफ्नो अस्तित्व एवं गरिमालाई घट्न भने दिएको छैन । अब केही समयपछि 'लिज' मा जहाज ल्याउने चर्चा छ । यो भयो भने ने.वा.नि. पुनः तंग्रिनेछ भन्ने विश्वास लिन सकिन्छ ।

केही दिनअघि अर्थात् ३१ डिसेम्बरका दिन नेपालका दुई आसलाग्दा संस्था नेपाल पर्यटन बोर्ड र नेपाल नागरिक उड्डयन प्राधिकरणले आ-आफ्नो स्थापनाकालको २८ औं वार्षिकोत्सव बडो औपचारिक ढंगले मनाए । यी पर्यटनका 'एक्सलेरेटर' (गतिवर्द्धक) मानिने दुवै संस्था संकुचित रहेर आत्मरतिमा रम्ने संस्थाका रूपमा चर्चित छन् । नागरिक उड्डयन प्राधिकरणमा भने त्यति रमझम भएन नै, त्यहाँका महानिर्देशकको भूमिकामा सरकारले छानबिन चलाइरहेका कारण, तर ने.प.बो.मा सम्पूर्ण कर्मचारीहरू नेपालको इतिहास, भूगोल, जलवायु, प्रकृति, संस्कृति र लोकपरम्पराका सबै पाटासँग गहिरो सम्बन्ध राख्ने विलक्षण विज्ञता भने भएका देशभक्त, कर्मठ र दूरदर्शी जनशक्तिका रूपमा चिनिन्छन् । तिनीहरूको कार्यक्षेत्र मुख्यतः पाँच क्षेत्रमा बाँडिएको हुन्छ– नेपालको अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन, नेपालको पर्यटन सम्पदाहरूको विश्वव्यापी बजारीकरण, ससाना पूर्वाधार विकास, पर्यटन सम्बद्ध विषयहरूमा अनुसन्धान र योजना एवं पर्यटन संघ-संस्थाहरूसँग साझेदारी । यी सबै चुनौतीपूर्ण कार्यहरू सम्पन्न गर्नका लागि बोर्डसँग वार्षिक झन्डै १ अर्ब ५९ करोड रुपैयाँ उपलब्ध हुन्छ । बोर्डले यो रकम पर्यटक सेवा शुल्कबाट प्राप्त गर्छ । यो शुल्क पर्यटकहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्कंदा तिर्ने टुरिस्ट सर्भिस फी हो । एन प्रकारले पर्यटन बोर्ड आर्थिक रूपमा सक्षम छ । यसका अतिरिक्त पर्यटन बोर्डले बेला-बेला अन्तर्राष्ट्रिय संघ-संस्थासँग मिलेर संयुक्त रूपमा विशेष परियोजनाहरूमा साझेदारी पनि गर्छ । जस्तै– ने.प. बोर्ड र टिकटक, ने.प. बोर्ड र मित्रराष्ट्र चीन, ने.प.बोर्ड र आइटिबी बर्लिन आदि । नेपालमा पर्यटक आगमन र कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा पर्यटनको योगदान उल्लेखनीय छ । सन् २०२५ मा नेपालमा करिब १० लाख १५ हजार पर्यटक भित्रिए । यो गत वर्षको तुलनामा थोरै नै हो । तर, कोरोना महामारीपश्चात् पर्यटकको आगमन र खर्चमा सुधार हुँदै गइरहेको अनुभव गर्न सकिएको छ । हालका तथ्यांकहरू हेर्दा पर्यटनले नेपालको कुल गार्हस्थ्य उत्पादनमा ५ प्रतिशत योगदान पुऱ्याइरहेको छ । भविष्यका लागि यस आँकडालाई बढाएर ७ प्रतिशत राखिएको बताइन्छ । पर्यटनबाट उत्पादन हुने रोजगारी संख्या पनि नेपालमा रहेका कुल रोजगारी संख्याको २.९ प्रतिशत छ । अहिलेको दशक (२०२३-३२) भित्र नेपालमा प्रत्यक्ष र अप्रत्यक्ष दुवै मिलाएर करिब १० लाख रोजगारी सिर्जना हुने विश्वास लिएको छ । यसका लागि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले योजनाबद्ध कार्यक्रम ल्याउन जरुरी छ ।

मुलुकमा शिक्षालयहरू नै छैनन् भने शिक्षाको विकास, उन्नत खेतीयोग्य उर्बर जमिन नै छैन भने यथेष्ट अन्न-बालीको उत्पादन, उद्योग, कल-कारखानाको अभावमा रोजगारीका सम्भावना शून्य रहन्छ भनेजस्तै देशमा हवाईजहाजै छैनन् भने देशको आर्थिक मेरुदण्ड मानिने पर्यटनको अवस्था जति नै चर्को भाषण गरे पनि त्यही हुन्छ, जुन विगतका ठगबन्धनेहरूले गरेर देखाए । सुखी नेपाली र समृद्ध नेपालका गीत गाएर देशलाई झन् झन् बेथितिको ब्ल्याक होलतिर धकेलिने काम भएको होइन र ? अनाहकमा कलकारखानाहरू किन बेचिए ? किन नदीनालाहरूको सौदाबाजी गरियो ? किन देशको माटोलाई अनधिकृत रूपले व्यक्तिगत सम्पत्तिमा परिणत गर्ने प्रयास भए ? कसले गऱ्यो यस्ता घृणित काम ? त्यसले गऱ्यो, जसका हृदयमा हरि थिएन । लोभको भाँडो झुन्ड्याएको अलिबाबा थियो ।

पर्यटनकै सन्दर्भतिर फर्किंदा पंक्तिकारलाई सम्झना हुन्छ, अर्बौं खर्चेर हामी देशको पर्यटन प्रवर्द्धनमा जुटिरहेका छौँ । विदेशी पर्यटक आउँछन् कति ? छर्लङ्गै छ । बंगलादेशमा १२ देखि १५ लाख पर्यटक जान्छन्, पाकिस्तानमा सन् २०२४ मा मात्रै ९ लाख ६५ हजार पुगे । बंगलादेशसँग युएस बंगलादेश एअरलाइन्स (प्राइभेट) र विमान बंगलालादेश जोडेर अन्तर्राष्ट्रिय उडानका लागि कुल ३७ वटा विमान चालु अवस्थामा छन्, पाकिस्तानसँग ३२ वटा, भारतमा सबै वाणिज्यिक हवाई सेवा प्रदान गर्ने ६ सय बढी र भुटानसँग (ड्रुक एअर) ५ वटा छन् । नेपाल वायुसेवा निगमसँग ४ वटा, त्यै पनि हामी नियमित रूपले ११ वटा अन्तर्राष्ट्रिय गन्तव्यहरूमा पुगेका छौँ । नेपाल वायुसेवा निगमलाई भर्ती केन्द्रको आक्षेप लगाइन्छ, तर यस्तो आक्षेप थुपार्नेहरूले नै त्यहाँ दरबन्दी होस् वा नहोस्, राजनीतिक दलका हिमायतीहरूलाई मन्त्रालयको सिफारिसका आधारमा त्यहाँ काम गर्न पठाउने चलन नदेखिएको कहाँ हो र ? राष्ट्रिय ध्वजावाहकको अवस्था धुजाधुजा भइसक्दा पनि यो देशका राजनीतिक नेता, शासक, योजनाकार र अर्थमन्त्रीहरूलाई निगमका लागि नयाँ जहाज पनि चाहिएको छ, वर्षौं अघिदेखि ने.वा.नि.लाई युरोपको आकाशमा उड्न युरोपियन युनियनले लगाएको बन्देज पनि फुकाउनु छ, भैरहवामा निर्मित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई सक्रिय तुल्याउनु छ, आगामी दिनहरूमा हामीले युरोप मात्रै होइन, अस्ट्रेलिया र अमेरिकाका गन्तव्यहरूमा पुगेर त्यहाँ हाम्रो राष्ट्रिय ध्वजावाहकको सान स्थापित गर्नु छ भन्ने विषय अब पनि तिनको मगजमा उत्पन्न नभए कहिले हुने हो ? ने.वा.नि. र थाई एअरवेज एउटै समयमा जन्मेका होइनन् र ? आगामी फागुन २१ मा हुने आमनिर्वाचनमा प्रतिस्पर्धाका निम्ति भनिन्छ, १ सय २० राजनीतिक दलहरूले निर्वाचन आयोगमा दर्ता गराइसकेका छन् र २८ वटा थप दल दर्ता प्रक्रियामा छन् । नेपाललाई त अब राजनीतिक दलहरूको देश घोषणा गरिदिए हुनेजस्तो छ । सत्तालोलुपताले भरिएको हाम्रो देशका नागरिकलाई कहिल्यै पनि सुशासनको छहारीमा बसेर मित्रराष्ट्र भुटानमा झैँ आर्थिक सु-सम्पन्नता र खुसीका गीतको लयमा लय मिलाउने अवसर आउला ? राजनीतिक उद्दण्डता, उच्छृंखलता, अदूरदर्शिता र (भन्न मिल्ने हो कि होईन) पराधीनताका तुच्छ एवं जटिल फलामे साङ्लाहरूमा बाँधिएर देश त हामी बनाउँछौँ भन्दै सडक तताउनेहरूका आँखा कहिले उघ्रेलान् ? यस्तो बेलामा पंक्तिकारलाई सधैँ बुर्किना फासोका ३६/३७ वर्ष पनि नपुगेका युवा राष्ट्रपति इब्राहिम ट्रोरेको सम्झना आउँछ । तीन-चार वर्षअघिसम्म

**हाम्रा टाउकामा ऋणै ऋणको भार बोकाएर दुई-चार लाखको तलब चाहिएको छैन । चाहिएको छ उन्नत कृषि, उन्नत शिक्षा र उन्नत स्वास्थ्य । अझ चाहिएको छ– रोजगारीका मनग्गे अवसर, हवाईजहाज, उत्पादकत्व बढाइरहने हाते-उद्योग, हस्तकला र कुटीर उद्योग, पर्यटक र आफ्नै हत्केलाले आफ्नै हत्केलामा उमार्ने अर्थतन्त्र !**

विश्वकै सबैभन्दा गरिब मुलुकका रूपमा चिनिने बुर्किना फासो र ब्राहिमको शासनकाल सुरु भएलगतै अभूतपूर्व ढंगले उन्नति, विकास र समृद्धिका खुड्किला निरन्तर उक्लिरहेको देखिन्छ । उनी आफ्नो देशको विकास लक्ष्य पूरा गर्न कटिबद्ध छन् ।

आजको हाम्रो समाजमा आशाको उज्यालो बोकेका होनहार केही झिल्काहरू नदेखिएका होइनन् । तर, निर्वाचनअघि त्यस्ता ज्योतिपुञ्जहरू विगतमा पनि धेरै देखिएकै हुन् । हामी सधैँ झुक्कियौँ, ठगियौँ, ब्ल्याक होलतिरै जाक्कियौँ । फेरि हामीले देख्ने गरेका सपनाहरूको पुनरावृत्ति भइरह्यो । अब त हामीलाई झिल्का होइनन्, चट्याङ नै चाहिएको हो कि जस्तो लाग्न थालेको छ । तथाकथित 'बा' र 'आमा'हरू होइनन्, नेपाली इब्राहिम ट्रोरेहरू चाहिएको छ, जसको मुटुभित्र उसको देश दुखेको हुन्छ । हाम्रा टाउकामा ऋणै ऋणको भार बोकाएर दुई-चार लाखको तलब चाहिएको छैन । चाहिएको छ उन्नत कृषि, उन्नत शिक्षा र उन्नत स्वास्थ्य । अझ चाहिएको छ– रोजगारीका मनग्गे अवसर, हवाईजहाज, उत्पादकत्व बढाइरहने हाते-उद्योग, हस्तकला र कुटीर उद्योग, पर्यटक र आफ्नै हत्केलाले आफ्नै हत्केलामा उमार्ने अर्थतन्त्र !


टाउको गनेर र थप्पडी बजाएर विकसित पारिँदै ल्याइएको प्रजातन्त्र वा गणतन्त्रका नाममा फरेबी स्वतन्त्रता ओढेर बाँच्नु छैन अबका नेपालीलाई, परदेशी दासताको अदृश्य नकाब (मखुण्डो) पहिरेर बुख्याँचाझैँ अग्लो देखिनु छैन अबका नेपालीलाई ।

स्याङ्जा जिल्लाका किसानले यसपालि सुन्तलाकै खेती गरेर लगभग ३ हजार ३ सय ३३ मेट्रिक टन सुन्तला उत्पादन गरे । उनीहरूले १ अर्ब ३२ करोड आम्दानी अर्जेको समाचार सुनियो । भनिन्छ, तिनले फलाएका ९० प्रतिशत सुन्तला बजारमा गए । जुम्लामा स्याउखेती त्यस्तै छ । करिब ४ हजार ४ सय ८० हेक्टर वरिपरि फैलिएको स्याउखेतीबाट जुम्लेली कृषकले ४१.२९ करोड आम्दानी गरे । गत वर्ष उनीहरूले स्याउ बेचेरै ६१.४ करोड कमाएको रेकर्ड छ । यसरी नै देशका विभिन्न भू-भागमा विभिन्न किसिमका फलफूलको उत्पादन हुने गर्छ । जस्तै, रामेछाप-दोलखातिर जुनारको खेती प्रचलित छ । दोलखाले विगत केही वर्षदेखि जुनारभन्दा कागतीतर्फ बढी केन्द्रित हुँदै गएको दोलखाका मित्रहरू भन्ने गर्छन् । जे होस्, त्यस भेगका साइट्रस प्रजातिका फलहरू राजधानीका बजारमा प्रशस्तै पाइए पनि मागअनुसारको आपूर्ति भने हुने गरेको देखिन्न । थोरै मात्रामा भए पनि यी फलहरू बंगलादेश, भारत र पाकिस्तानतर्फ निर्यात हुने गर्छन् । दुःखको कुरो, यिनै फलफूलहरू बढी परिमाणमा राजधानीमै आयात हुने गरेको छ । सुन्तला, स्याउजस्ता बढी माग हुने फलफूलहरू मित्रराष्ट्र चीन, इजिप्ट, भारतबाट एकदमै बढी परिमाणमा आयात हुने गरेको पाइन्छ । अहिले मुलुकका विभिन्न ठाउँका कृषकले उखु, किबी, ड्रागन फ्रुट, केरा, एभोकाडो, स्ट्राबेरी आदिको व्यावसायिक उत्पादन गर्न थालेका छन् । यसलाई कृषि क्षेत्रमा देखिएको एउटा सकारात्मक संकेत मान्न सकिन्छ । राष्ट्रिय कृषि जनगणना, २०७८ अनुसार नेपालको कुल जनसंख्याको ६७ प्रतिशत खेतीपाती अर्थात् कृषिसम्बन्धी पृष्ठभूमिमा रहेको देखिन्छ । यो संख्या विगत दुई-तीन दशकदेखि द्रुत रूपमा घट्दै गइरहेको स्पष्ट छ । आजभन्दा झन्डै तीन दशकअगाडिसम्म यो जनसंख्या ८० देखि ९० प्रतिशत रहेको मानिन्थ्यो । देशलाई पनि बडो गर्वका साथ कृषिप्रधान देश भनिन्थ्यो । अब त हाम्रो देशलाई विदेशका बहुसंख्यक मानिसले समेत आमा बाबु देशमा, छोराछोरी विदेशमा भन्ने देशका रूपमा चिन्न र भन्न थालेका छन् । नभनून् पनि किन, सामाजिक प्रतिष्ठा आर्जन गर्न र वृद्धि गर्न घरका दुई-चार जना विदेशमा रोजगारी गर्दै गरेको वा उच्च शिक्षा हासिल गर्न गएकै हुनुपर्ने सर्वमान्य जनविश्वास बनिसकेको अवस्था छ, देशमा । देशले यो नियति भोग्नुपर्दा, देशको गौरव, मान र प्रतिष्ठा कति बढ्यो, त्यो त भन्न सकिँदैन । तर, निश्चित रूपले देशभित्रै जसरीतसरी जीवनयापन गरिरहेका बाबुआमा र बाजेबजैहरूको छाती भने अवश्य पनि चौडा भएकै होला । सुखी, सामन्ती, नेता, नेतृ र सरकार पनि ढुक्क । आफूले ओढेर गएको नेपालको झन्डालाई विमानस्थलभित्रै फालेर जाने पनि ढुक्क । नेपालमा ५४ प्रतिशत उद्योग बन्द भइसके, कृषक परिवार पनि ९ प्रतिशतले घटेर ६२ मा पुगेको छ । कृषियोग्य जग्गाको क्षेत्रफल घटेर २२ लाख हेक्टरमा पुगेको छ । पुगोस्, हामी नेपालीलाई केको टाउको दुःखाइ ?

हाम्रो हिमाल अटल छ, हाम्रा झिल्केमिल्के डाँडाहरूमा गुराँस फुलेकै छ । राजनीतिमा जति नै असिना बर्सोस्, हावाहुरी चलोस्, जलवायु परिवर्तनले गर्दा जाडो वा गर्मी बढोस्, नेपाली जाति वीर छ । भूपी शेरचनको कविताको एउटा अंश– हामी वीर हौँ/तर बुद्धू छौँ उद्धृत गर्न मन लाग्यो र चर्को स्वरमा भन्न मन लाग्यो– देश जनताले बनाउने हो, सरकारले चलाउने हो ।

# कर्मचारी स्थायित्वको प्रश्नले बैंकिङ क्षेत्रमा निम्त्याएको मौन संकट

डा. रविन सुवेदी



पछिल्लो समय नेपालको बैंकिङ क्षेत्र उल्लेखनीय रूपमा आकर्षक बन्दै गएको छ । विशेषतः युवापुस्ताका लागि बैंकिङ क्षेत्र प्रमुख रोजगारीको विकल्पका रूपमा स्थापित भएको छ । स्थिर रोजगारी, सामाजिक प्रतिष्ठा तथा करियर सम्भावनाका कारण शिक्षित युवाहरू बैंकिङ पेसातर्फ आकर्षित भइरहेका छन् । तर, अर्कातर्फ बैंकहरूले ती युवा कर्मचारीलाई दीर्घकालसम्म संस्थामा कायम राख्न नसकेको अवस्था विद्यमान छ ।

बढ्दो भूमण्डलीकरण, कार्यसम्बन्धी बढ्दो दबाब, करियर विकासका सीमित अवसर तथा क्रमशः घट्दै गएको पैसाको क्रयशक्तिजस्ता कारणले कर्मचारीमा असन्तुष्टिको भावना विकास भएको पाइन्छ । परिणामस्वरूप, कर्मचारी विदेशी रोजगारीतर्फ पलायन हुने वा अन्य प्रतिस्पर्धी संस्थामा रोजगारी खोज्ने प्रवृत्तितर्फ उन्मुख भएका छन् । यस परिस्थितिले नेपालको बैंकिङ उद्योगमा कर्मचारी पलायनको दर उच्च हुँदै गएको स्पष्ट संकेत गर्छ । उच्च कर्मचारी पलायनका कारण संस्थागत ज्ञान संरक्षणमा समस्या, सेवा गुणस्तरमा गिरावट तथा मानव संसाधन व्यवस्थापनसम्बन्धी लागतमा वृद्धि हुने जोखिम रहन्छ । त्यसैले, बैंकिङ क्षेत्रका संस्थाले कर्मचारी स्थायित्वलाई केन्द्रमा राखी दीर्घकालीन तथा प्रभावकारी मानव संसाधन नीतिहरू अवलम्बन गर्नु अत्यावश्यक छ ।

नेपालको बैंकिङ क्षेत्र पछिल्ला वर्षहरूमा तीव्र परिवर्तनको चरणमा प्रवेश गरेको छ । डिजिटल बैंकिङको विस्तार, कडा नियामकीय प्रावधान, बढ्दो प्रतिस्पर्धा र ग्राहक अपेक्षाको तीव्र वृद्धिले बैंकहरूलाई निरन्तर दबाबमा राखेको छ । बाहिरबाट हेर्दा बैंकिङ क्षेत्र प्रविधि, नाफा र विस्तारको कथाले भरिएको देखिए पनि यसभित्र एउटा कर्मचारीको स्थायित्व र टिकाइराख्ने चुनौती गहिरो र दीर्घकालीन समस्याको रूपमा लुकेको छ ।

बैंकिङजस्तो सेवा-आधारित क्षेत्रमा कर्मचारी नै संस्थाको मुख्य सम्पत्ति हुन् । कर्मचारीको व्यवहार, दक्षता, निरन्तरता र प्रतिबद्धताले ग्राहक सन्तुष्टि, संस्थागत छवि र समग्र कार्यसम्पादन प्रत्यक्ष रूपमा निर्धारण गर्छ । तर, पछिल्लो समय नेपाली बैंकिङ क्षेत्रमा कर्मचारी पलायन बढ्दो क्रममा देखिएको छ । दक्ष, अनुभवी र परिणाममुखी कर्मचारीलाई लामो समय संस्थामा टिकाइराख्न नसक्नु अहिले नेपाली वाणिज्य बैंकहरूको साझा समस्या बन्दै गएको छ । यो समस्या मानव संसाधन व्यवस्थापनमा मात्र सीमित छैन, यसले बैंकहरूको सेवा गुणस्तर, संस्थागत स्थायित्व र दीर्घकालीन प्रतिस्पर्धात्मक क्षमतामा समेत गहिरो असर पारिरहेको छ । प्रायः यो समस्यालाई तलब, सुविधा वा कार्य-जीवन सन्तुलनसँग जोडेर व्याख्या गरिन्छ । तर, हालै गरिएको एक अध्ययनले यस्तो धारणा अपुरो मात्र होइन, कतिपय अवस्थामा भ्रमपूर्ण पनि हुन सक्ने संकेत दिएको छ ।

यही सन्दर्भमा गरिएको एक विस्तृत अध्ययनले नेपाली वाणिज्य बैंकहरूमा कर्मचारी टिकाइमा प्रभाव पार्ने वास्तविक कारण पहिचान गरेको छ । नेपालका वाणिज्य बैंकमा कार्यरत ४ सय जना कर्मचारीमाथि गरिएको सर्वेक्षणले कर्मचारीको स्थायित्व र दीर्घकालीन सेवालाई मुख्य आश्रित पक्ष मानेर कम्पनीको छवि तथा प्रतिष्ठा, कर्मचारी सुविधा, कामप्रतिको सन्तुष्टि, संगठनात्मक कार्यसम्पादन, भर्ना तथा छनोट प्रक्रिया, कार्य वातावरणका बारेमा अध्ययन गरिएको थियो । त्यसैगरी संगठन संस्कृति, नेतृत्व सहयोग, कार्यसम्पादन मूल्यांकन, तालिम तथा विकास, कार्य-जीवन सन्तुलन तथा ट्रेड युनियन/श्रमिक संघ गरी विभिन्न पक्षको परीक्षण गरिएको थियो । अध्ययनको निष्कर्षअनुसार यीमध्ये केही कारणले बैंक कर्मचारीको स्थायित्वमा उल्लेखनीय भूमिका खेलेको पाइएको छ ।

अध्ययनले संस्थाको समग्र कार्यसम्पादन सुदृढ भएको अवस्थामा कर्मचारी टिक्ने सम्भावना उल्लेखनीय रूपमा बढ्ने औँल्याएको छ । स्पष्ट लक्ष्य, पारदर्शी प्रक्रिया, नतिजामुखी व्यवस्थापन र संस्थागत स्थिरताले कर्मचारीमा संस्थाप्रतिको विश्वास बलियो बनाउने अध्ययनले देखाएको छ । यससँगै बजारमा संस्थाको छवि, सामाजिक पहिचान र 'काम गर्न योग्य संस्था' को मान्यताले पनि कर्मचारी टिकाइमा महत्त्वपूर्ण भूमिका खेलेको देखिएको छ । वित्तीय तथा गैरवित्तीय सुविधा, बीमा, बोनस, सुरक्षा र अन्य लाभले कर्मचारीलाई संस्थासँग आबद्ध रहन प्रेरित गर्छ भने कामको प्रकृति, जिम्मेवारी, सम्मान र आत्मसन्तुष्टिले कर्मचारी टिकाइसँग प्रत्यक्ष सम्बन्ध राख्छ । सहकार्यपूर्ण, सुरक्षित र मूल्य-आधारित कार्य वातावरण तथा सुदृढ संगठन संस्कृतिले पनि कर्मचारी टिकाइलाई थप मजबुत बनाउँछ । त्यसैगरी, सुरुवातमै सही व्यक्तिलाई सही पदमा छनोट गर्न सकिए दीर्घकालीन रूपमा कर्मचारी संस्थामा टिक्ने सम्भावना बढ्ने अध्ययनको निष्कर्ष छ ।

तर, अध्ययनको सबैभन्दा चाखलाग्दो निष्कर्ष भनेको सामान्यतया कर्मचारी टिकाइका लागि अत्यन्त महत्त्वपूर्ण मानिने केही लोकप्रिय अवधारणाहरू अपेक्षित रूपमा प्रभावकारी नदेखिनु हो । विशेष गरी कार्य-जीवन सन्तुलन, कार्यसम्पादन मूल्यांकन प्रणाली, तालिम तथा विकास, नेतृत्व सहयोग र ट्रेड युनियनजस्ता पक्षहरूले कर्मचारी टिकाइमा प्रत्यक्ष र निर्णायक भूमिका खेलेको प्रमाण अध्ययनले देखाएको छैन । यसले बैंकहरूले कर्मचारीको सेवालाई दीर्घकालीन बनाउन वा टिकाइराख्न रणनीतिक सुधार गर्ने नाममा परम्परागत रूपमा प्राथमिकता दिँदै आएका क्षेत्रहरूमा पुनर्विचार गर्नुपर्ने आजको आवश्यकता हो । सीमित स्रोत, साधन र प्रयास भए पनि वास्तवमै प्रभाव पार्ने पक्षहरूमा केन्द्रित गर्नुपर्ने आवश्यकता पनि अध्ययनले देखाएको छ ।

कर्मचारी किन टिक्दैनन् भन्ने प्रश्नको उत्तर खोज्दा बैंकहरूले प्रायः तालिम, कार्यसम्पादन मूल्यांकन प्रणाली वा कार्य-जीवन सन्तुलनमा जोड दिने गरेका छन् । यी पक्ष आवश्यक अवश्य छन्, तर अध्ययनले देखाएको कुरा फरक छ । कर्मचारी टिकाइको मूल समस्या संरचनागत र संस्थागत प्रकृतिको देखिन्छ । कर्मचारीले संस्था छोड्ने निर्णय गर्दा पहिलो प्रश्न तलब कति भन्ने हुँदैन । उनीहरू संस्थाको क्षमता, स्थायित्व, भविष्यको सम्भावना र आफू त्यही संस्थासँग गर्व गर्न सक्छन् कि सक्दैनन् भन्ने कुरालाई प्राथमिकता दिन्छन् ।

अध्ययनको सबैभन्दा स्पष्ट सन्देश के हो भने संस्थाको प्रतिष्ठा र समग्र कार्यसंस्कृति कर्मचारी टिकाइका निर्णायक तत्त्व हुन् । जहाँ संस्था स्पष्ट दिशामा अघि बढिरहेको देखिन्छ, नेतृत्वमा स्थिरता छ र बाहिर राम्रो छवि छ, त्यहाँ कर्मचारी स्वाभाविक रूपमा दीर्घकालीन रूपमा टिक्छन् । तर, जहाँ बैंकहरू आन्तरिक राजनीति, नीतिगत अन्योल र अस्थिर निर्णयबाट ग्रस्त छन्, त्यहाँ सुविधा बढाएर पनि कर्मचारीलाई रोकेर राख्न सकिँदैन । आजका कर्मचारी केवल जागिर खोजिरहेका छैनन्, उनीहरू पहिचान, स्थायित्व र भविष्य खोजिरहेका छन् ।

कर्मचारीले संस्थाको वास्तविक क्षमतालाई गहिरोसँग मूल्यांकन गर्ने प्रवृत्ति पनि बढ्दै गएको छ । यसले बैंक नाफामा छ कि छैन भन्नेभन्दा पनि निर्णय प्रक्रिया कति पारदर्शी छ, नेतृत्व कति स्पष्ट छ र गल्तीबाट सिक्ने संस्कृति छ कि छैन वा कार्यक्षेत्रको वातावरण कति सहज छ भन्ने प्रश्नले कर्मचारी टिक्ने-नटिक्ने निर्णय गर्छ ।

नेपाली बैंकिङ क्षेत्रमा सुविधा र लाभको कमी छैन । तर, सम्मान र अपनत्वको अनुभूति सुविधाभन्दा बढी प्रभावकारी हुने कर्मचारीहरूको अपेक्षा हुन्छ । कर्मचारीलाई सुन्ने, निर्णय प्रक्रियामा सहभागी गराउने र योगदानको कदर गर्ने संस्थामा कर्मचारी टिक्ने सम्भावना बढी हुन्छ । जहाँ कर्मचारीलाई केवल 'मानव संसाधन' मात्र होइन, 'मानव पुँजी' का रूपमा हेरिन्छ, त्यहाँ कर्मचारी पलायन स्वाभाविक रूपमा घट्छ ।


अध्ययनले कार्य-जीवन सन्तुलन, तालिम तथा कार्यसम्पादन मूल्यांकन प्रणालीलाई कर्मचारी टिकाइको निर्णायक कारणका रूपमा मानेको छैन । यसको अर्थ यी पक्षहरू आवश्यक छैनन् भन्ने होइन, तर यिनलाई मात्र प्राथमिक समाधान ठान्नु भ्रमपूर्ण हुन सक्छ । यदि संगठनभित्र अविश्वास, अस्थिरता र स्पष्ट दिशाको अभाव छ भने तालिमले कर्मचारीलाई थप प्रतिस्पर्धी मात्र बनाउँछ, मूल्यांकन प्रणालीले असन्तुष्टि बढाउन सक्छ र कार्य-जीवन सन्तुलनले केही समय त दिन्छ, तर दीर्घकालीन प्रतिबद्धता सिर्जना गर्न सक्दैन ।

यो अध्ययनले बैंकका सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत र वरिष्ठ व्यवस्थापनलाई कर्मचारी टिकाइ मानव संसाधन विभागको मात्र जिम्मेवारी होइन, यो संस्थागत नेतृत्वको प्रतिविम्ब हो भन्ने स्पष्ट सन्देश पनि दिएको छ । यदि बैंकहरूले दीर्घकालीन रूपमा सक्षम र स्थिर संस्था बनाउन चाहन्छन् भने रणनीतिक स्पष्टता आवश्यक छ । त्यति मात्र नभई संस्थागत संस्कृतिमा लगानी गर्नुपर्छ र प्रतिष्ठा केवल विज्ञापनबाट नभई आन्तरिक अभ्यासबाट निर्माण गर्नुपर्छ ।

नेपालको बैंकिङ क्षेत्र अहिले नयाँ मोडमा उभिएको छ । प्रविधि, पुँजी र नियमनसँगै अब मानव विश्वास र संस्थागत संस्कृतिको परीक्षा सुरु भएको छ । अध्ययनले जहाँ संस्था स्पष्ट, भरोसायोग्य र सक्षम हुन्छ, त्यहाँ कर्मचारी टिक्छन् भन्ने स्पष्ट सन्देश पनि दिएको छ । जहाँ संगठन अन्योलमा हुन्छ, त्यहाँ सुविधा र तालिमले पनि कर्मचारीलाई रोक्न सक्दैन । कर्मचारीको स्थायित्व, दीर्घकालीन सेवा र टिकाइ अब विकल्प नभई संस्थागत अस्तित्वसँग जोडिएको आवश्यकता बनेको छ ।

# बारेकोट गाउँपालिकाद्वारा सडक स्तरोन्नति सुरु

हेमन्त केसी



वीरेन्द्रनगर- जाजरकोटको बारेकोट गाउँपालिकाले पालिका भित्रका सडकको स्तरोन्नती गर्ने काम सुरु भएको छ । कच्ची कटान भएको ठाउँमा सडक व्यवस्थित बनाउन स्तरोन्नतीको काम सुरु भएको गाउँपालिकाका अध्यक्ष बीरबहादुर गिरीले जानकारी दिए ।

हाल बारेकोट गाउँपालिका दुई ठूला सडकबाट जोडिने गर्दछ । भेरी करिडोर सडक सञ्जालबाट दुई ठाउँमा जोडिने बारेकोट गाउँपालिका हाल आन्तरिक सडकहरुको स्तरोन्नती गर्नतर्फ अगाडी बढेको छ । केही सडक ठेक्का लगाएर काम गर्न लागेको छ भने केही उपभोक्ता समितिमार्फत काम सुरु गरेको अध्यक्ष गिरीले जानकारी दिए ।

बारेकोट गाउँपालिका-३ को मुलसामसम्म सडक स्तरोन्नती गर्न ३ करोड रुपैयाँमा काम सुरु गरिएको छ । पालिका केन्द्रबाट लिम्साबाट मुल्सामसम्मको सडक स्तरोन्नती गर्न उक्त बजेट व्यवस्थापन गरेर काम सुरु भएको हो । मुल्साम सबैभन्दा विकट बस्तीको रुपमा रहेको छ । यही ठाउँबाट जुम्लासमेत जाने आउने गरिन्छ । मुल्सामबाट जुम्लाको टोप्ला जोड्न बीचको हिमाल पार गर्नुपर्ने अवस्था छ ।


त्यस्तै पालिकाको विकट बस्तीको रुपमा रहेको वडा-६ को घर्तीगाउँ-धुमासम्म सडक निर्माण गर्न एक करोड रुपैयाँ विनियोजन गरेर काम सुरु गरिएको छ । यो पनि पालिकाको मुकामसँग जोडनका लागि निर्माण हुन लागेको सडक रहेको छ । पालिकाको सदरमुकाम लिम्सा-छेडा रामिडाँडा सडक स्तरोन्नति गर्न १ करोड बजेट विनियोजन भई काम पनि सुरु भएको छ । यो महत्वकांक्षी सडकका रुपमा लिइन्छ । त्यस्तै वडा-४ र ५ को घाट बालुवा गोठगाउ जिरी सडक स्तरोन्नती गर्न १ करोड बजेट छुट्याएर काम भएको अध्यक्ष गिरीले जानकारी दिए । त्यस्तै वडा-२ को रोकायगाउँ, ध्यारगाउँ, अयर्ना, पछ्याउरी सडक स्तरोन्नति १ करोड रुपैयाँमा ठेक्का समझौता गरि काम सुरु भएको पालिकाले जनाएको छ । अध्यक्ष गिरीले भने, 'काम सुरु भएसँगै सबैले चासो राखिदिनु होला । स्थानीयको रचनात्मक खवरदारी विना विकास निर्माणका काम भरपर्दो तथा प्रभावकारी नहुने अवस्था छ । जनसहभागिताले नै हाम्रा विकास निर्माण कामहरु दिगो हुन्छन् ।'

त्यसैगरी पालिकाले नै चालु आर्थिक वर्षमा काउली-करुका सडक स्तरोन्नती थालेको छ । उपभोक्ता समितिले सम्झौता गरेर कामको सुरुवात हुन लागेको पालिकाले जनाएको छ । त्यस्तै कार्किज्युला-सुवाकोट सडक स्तरोन्नतीको कामसमेत सँगसँगै सञ्चालन भएको छ । बुढागाउँ बेर्ना सडक स्तरोन्नती गर्न जनसहभागिता भइरहेको उनले बताए ।

प्रकृतिक रुपमा सुन्दर रहेको बारेकोट जडीबुटीका लागिसमेत धनी रहेको छ । सबै ठाउँमा सडकको सहज पहुँच भएमा मात्र बारेकोटको विकास तथा समृद्धिमा नयाँ ढोका खुल्ने विश्वास लिइएको छ । बारेकोट नलगाड जलविद्युत आयोजना ४१७ मेगावाटको बाँध स्थल रहेको क्षेत्र पनि हो । माथिल्लो भागमा हिमाल तथा पाटन क्षेत्रले घेरिएको बारेकोट तल्लो क्षेत्रमा बाक्लो बस्ती रहेको छ । उत्तरतर्फ डोल्पा, उत्तर दक्षिणतर्फ जुम्ला रहेको छ । लुम्बिनी-रारा राजमार्गबाट आउने सहायक सडकले बारेकोट जोड्छ भने भेरी करिडोर हुँदै नलगाड जलविद्युत आयोजनाको बाँध स्थलबाट बारेकोट गाउँपालिका जोडेर जुम्ला जाने सडकको कामसमेत जारी रहेको छ । यी सबै सडको बिचमा बारेकोट गाउँपालिका पर्दछ ।

बारेकोट विकटसमेत रहेको छ । हिमालको काखदेखि बेंसीसम्म जोडिएको बारेकोटमा फरक फरक हावापानी पाइन्छ । माथिल्लो भागमा ठूला ठूला हिमतालहरु रहेका छन् । धार्मिक पर्यटनसमेत त्यतिकै रहेको छ । अहिले स्तरोन्नती हुने सडकहरुले बारेकोटको संमग्र विकासमा प्रभाव पार्ने अपेक्षा लिएका स्थानीयका लागि ठूलो राहत हुने सम्भावना रहेको छ । पालिका भित्रका सडकको कच्ची कटान भएका ठाउँमा अब सोही सडकलाई थप विकास गर्न थालिएपछि स्थानीय खुसी भएका छन् ।

# सुन्तला खेती बन्यो बुढेसकालको पेन्सन



स्याङ्जा (कास)- स्याङ्जाको भीरकोट नगरपालिका-७ लोलुङ्गाका ७१ वर्षीय लालप्रसाद कोइरालाले सुन्तला खेतीबाट लाखौं रुपैयाँ आम्दानी गर्दै आएका छन् । जीवनको उर्जाशील समय झण्डै ३२ वर्ष सवारी साधनको सह-चालक र चालक पेशामा बिताएका कोइरालाको बुढेसकालको सहारा सुन्तला व्यवसाय बन्दै गएको छ ।

बुबाले झण्डै ५० वर्षअघि सुरु गरेको सुन्तला व्यवसाय हाल आफ्नो आम्दानीको मुख्य स्रोत बनेको उनले बताए । सुन्तला बिक्रीबाट वर्षेनि राम्रो आम्दानी गर्दै आएका कोइरालाले यस वर्षको सिजनमै झण्डै १५ लाखको सुन्तला बिक्री गरेको जनाए । सुन्तला खेतीका लागि यो वर्ष वातावरण अनुकूल बनेको बताएका कोइरालाले विगतको तुलनामा चालु सिजनबाट राम्रो आम्दानी भएको सुनाए ।

गत वर्ष सुन्तलामा कालो दागलगायतका रोगको संक्रमणले राम्रो उत्पादन लिन नपाएका कोइरालाले गत वर्ष सुन्तला बिक्रीबाट झण्डै ८ लाख आम्दानी गरेको जानकारी दिए । 'वातावरण अनुकूल भएकै कारण यस वर्ष १५ लाख आम्दानी भएको छ' उनले भने, 'बगैंचामा उत्पादन भएका सुन्तलाको राम्रो मूल्य पाउनुका साथै बजारीकरणका लागि कुनै समस्या छैन ।'

लोलुङ्गा र आसपासमा उत्पादित सुन्तला स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकस्थित त्रिपुत्र बागवानी फर्मले खरिद गरेर लैजाने गरेको उनले बताए । फर्मले स्थानीय कृषकसँग बगैंचाबाटै सुन्तला खरिद गरी ग्रेडिङ गरेर काठमाडौं, पोखरा, नारायणगढ र बुटवललगायतका ठूला शहरमा निकासी गर्दै आएको उनले जानकारी दिए । कोइरालाले यस वर्ष बोटबाटै ७०-७५ रुपैयाँ प्रतिकिलोका दरले सुन्तला बिक्री गर्न सफल भएको बताए ।

उत्पादित सुन्तला सिजनको सुरुमै बिक्री गर्दा बजार मूल्य सस्तो हुने भएकाले ढिलो गरी सुन्तला टिपेर बिक्री गरेमा बढी मूल्य पाइने अनुभव उनले सुनाए । सिजनको अन्त्यसम्ममा बोटमा सुन्तला राख्दा बाँदर, लोखर्के, चरा र मुसाबाट जोगाउनै सास्ती हुने गरेको बताएका कोइरालाले रोजगारीको सिलसिलामा छोराछोरी घर बाहिर गएकाले श्रीमतीको साथमा सुन्तलाको स्याहारसम्भार गर्दै आएको बताए ।

# स्वास्थ्य सूचकांकमा डुडुवा गाउँपालिका सर्वोत्कृष्ट

नेपालगन्ज (कास)- बाँकेको डुडुवा गाउँपालिका स्वास्थ्य कार्यक्रमहरुको सूचकांमा जिल्लाकै सर्वोत्कृष्ट भएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा स्वास्थ्य सूचकहरुको आधारमा प्राप्त अंक अनुसार डुडुवा सर्वोत्कृष्ट भएको हो । विभिन्न ३२ वटा इन्डिकेटरबाट प्राप्त ९० अंक र स्वास्थ्य कार्यालयले प्रदान गर्ने १० अंक गरी एक सय अंकमध्ये ७९.३६ प्रतिशत अंक ल्याएर डुडुवा गाउँपालिका पहिलो भएको हो ।

७९.३६ अंकका साथ प्रथम भएको डुडुवा गाउँपालिकालाई लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले सम्मान गरेको छ । स्वास्थ्य कार्यालय बाँकेले आयोजना गरेको 'स्वास्थ्य सेवा तथा कार्यक्रमको प्रथम चौमासिक अवधिको समिक्षा तथा कार्ययोजना गोष्ठी' मा उत्कृष्ट पालिकालाई सम्मान गरिएको हो । स्वास्थ्य कार्यालय बाँकेका फोकल पर्सन नरेशबाबु श्रेष्ठका अनुसार स्वास्थ्य सेवा तथा कार्यक्रमको आधारमा जानकी गाउँपालिका दोस्रो र खजुरा गाउँपालिका तेस्रो भएको छ । जानकी गाउँपालिकाले ७५.२१ प्रतिशत अंक प्राप्त गरेको छ भने तेस्रो भएको खजुरा गाउँपालिकाले ७१.९७ प्रतिशत अंक ल्याएको छ ।

त्यसैगरी जिल्लाको राप्तीसोनारी गाउँपालिका चौथो, नरैनापुर गाउँपालिका पाँचौं, बैजनाथ गाउँपालिका छैटौं, कोहलपुर नगरपालिका सातौं र नेपालगन्ज उपमहानगरपालिका आठौं स्थानमा रहेका छन् ।

खोप, परिवार नियोजन, सुरक्षित मातृत्व, टीबी, क्षयरोग, पोषण लेखाजोखा, सुशासनलगायतका सूचकांकलाई आधार बनाएर मूल्यांकन गरिएको हो । 'यी सबै सूचकांकका आधारमा मूल्यांकन गर्दा डुडुवा, जानकी र खजुराको कार्यसम्पादन उत्कृष्ट देखियो,' स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत नरेश श्रेष्ठले भने, 'अन्य पालिकाको कार्यसम्पादनलाई समेत सुधार गरेर अघि बढ्न सुझाएका छौं ।'

# ७५ घरको मौलिक स्वरुप रुपान्तरण

काठमाडौं (रासस)- काठमाडौं महानगरपालिकाले जय बागेश्वरी क्षेत्रका ७५ घरलाई मौलिक स्वरुपमा रुपान्तरण गर्ने प्रक्रिया थालेको छ ।

कामपा-८ मा पर्ने उक्त क्षेत्रमा बोलपत्रमार्फत निर्माण पक्ष छनोट गरेर नौ करोड चार लाख ८९ हजार ३७७ सम्झौता गरी काम अघि बढाइएको छ । यस योजना अन्तर्गत जयबागेश्वरी मन्दिरदेखि सेतोढोकासम्मको २९० मिटर सडक दायाँबायाँका घरहरुको सडकतर्फको मोहडालाई रुपान्तरण गरेर मल्लकालीन वा राणाकालीन स्वरुप प्रदान गरिने कामपाका सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले जानकारी दिए ।

स्वामित्वका हिसाबले व्यक्ति वा संस्था जसको भए पनि इतिहासको निश्चित समयावधिमा काठमाडौं उपत्यकाभित्र विकास भएका वास्तु शैलीलाई परम्परागत मानिएको छ । यसमा मल्लकालदेखि राणा कालसम्मका संरचना पर्छन् ।

वडा-८ का अध्यक्षसमेत रहेका संगतले भने, 'मल्लकालीन शैलीमा घरको पेटी, कार्नेस, बलैंसी, पाखा वा पाली, झिँगटीको छानो जस्ता भाग राखिनेछ । घरको गारोमा प्रयोग गरिएका इँटा बाहिरबाट देखिने खालका हुन्छन् । एकमुखे, तीनमुखे, पाँचमुखे गरी बिजोर कुँदिएका बुँट्टेदार परम्परागत झ्यालहरू राखिने छन् ।'

यस क्षेत्रमा सडकसँग करिब २५० घर जोडिएका छन् । तीमध्ये सडक वा खुला ठाउँबाट देखिने घर अगाडिको भागकोस्वरुप परिवर्तन गर्न लागिएको संगतले जानकारी दिए ।

यी घरहरुसँग यही सडक खण्डभित्र सेतो ढोका (टुयु ध्वाखा), ढोकासिंह नरसिंह फल्चा, ताम्रेश्वर फल्चा, ताम्रेश्वर महादेव मन्दिर, मन्दिर परिसरमा परम्परागत इनार, ढोका छैं फल्चा, बच्छलेश्वरी डवली फल्चा, मूर्तिसहितको गम्ती महादेव मन्दिर, मन्दिर परिसरमा परम्परागत इनारसहित धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्वका संरचना छन् । कुमारी द्यः दुद्ध स्तुप, रामलंका फल्चा, नवग्रह मूर्ति, मठा फल्चा, मृत्युञ्जय महादेव, ब्रह्मा मन्दिर, नरसिंह भगवान मन्दिर, नवदूर्गा फल्चा, नवदूर्गा डवली, जयबागेश्वरी मन्दिर, सुन्धारालगायत स्थानीय जनजीवन, आस्था र श्रद्धासँग जोडिएका मूर्त सम्पदा छन् ।

यो लिच्छवीकालीन सहर हो । यही प्राचीनतालाई कायम राखेर मौलिकस्वरुप पुस्तान्तरण गर्नु योजनाको मुख्य उद्देश्य हो । यस क्रममा वडाले करिब तीन रोपनी क्षेत्रफलमा फैलिएको यःपुखु (मनपर्ने पोखरी) पुनःनिर्माण गर्दैछ ।

कामपा क्षेत्रभित्रका ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा वास्तुकलात्मक महत्वका परम्परागत शैलीका निजी तथा संस्थागत स्वामित्वका भवनको स्वरूपलाई कायम राख्न कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो ।


## दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दिक्तेल, खोटाङ
कोशी प्रदेश, नेपाल

### दरभाउपत्रहरू स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२।०९।२५

यस नगरपालिकाद्वारा तपसिलको निर्माण कार्यहरूका लागि विभिन्न मितिमा प्रकाशित सूचनाहरू अनुसार रितपूर्वक विद्युतीय बोलपत्र प्रणाली (e–GP) मार्फत दर्ता हुन आएको दरभाउपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएको देहाय अनुसारको दरभाउपत्रहरू स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | योजनाको नाम | छनौट भएको दरभाउपत्रदाता | दरभाउपत्रदाताको कबोल अंक (मु.अ.कर, कन्टेन्जेन्सी बाहेक र पि.एस. सहित) |
|---|---|---|---|
| 02/DRMM/SQ/W/2082/083 | Maintenance and Fencing Work of Jagadamba MaVi Khiri | Chundevi Nirman Sewa, Suryabinayak-3, Bhaktapur | रु.१०,८५,८१८।८५ |
| 04/DRMM/SQ/W/2082/083 | Ratnapark-Ward Office Bamrang-Dalle Dobhan Road Upgradation Works. | Sports Nirman Sewa, Di.Ru. Ma.Na.Pa.-3, Khotang | रु.१२,८५,००८।२५ |

प्रमुख प्रशासकीय अधिकृत



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०९/२५ गतेको कारोबार राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८०/०२/१९ गतेको कारोबार राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **मिति २०७९/०९/०३ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा (ऋणी ज्ञान अर्थ मुभर्स प्रा.लि. को लागी) र २०८०/०१/१२ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा (ऋणी हरिकृष्ण ढुंगेलको लागी)** को सूचना प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी **मिति २०७९/१२/०७ को कारोबार राष्ट्रिय दैनिक पत्रिका र २०८०/०१/१० को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा (ऋणी ज्ञान अर्थ मुभर्स प्रा.लि. को लागी) र मिति २०८०/०२/१९ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा (ऋणी ज्ञान अर्थ मुभर्स प्रा.लि. र ऋणी हरिकृष्ण ढुंगेलको लागी संयुक्त रुपमा)** सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुन: यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

**ऋणीको विवरण**

१. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहि कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा मिति २०७३/०४/२३ मा दर्ता नं. १५३४७५/०७३/०७४ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, हेटौंडामा मिति २०७३/०५/१२ मा स्थायी लेखा नम्बर (PAN) ६०४३०१३४३ अन्तर्गत दर्ता कायम भएको **ज्ञान अर्थ मुभर्स प्रा.लि.** ।

२. पदम बहादुर ढुङ्गेलको नाति, ज्ञान बहादुर ढुंगेलको छोरा, मकवानपुर जिल्ला, मनहरी गा.बि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **हरिकृष्ण ढुंगेल** (ना.प्र.नं. ८७४, जारी मिति २०३६/११/१०, जि.प्र.का. मकवानपुर) ।

**ऋणी (१) को व्यक्तिगत जमानीकर्ताको विवरण**

पदम बहादुर ढुङ्गेलको नाति, ज्ञान बहादुर ढुंगेलको छोरा, मकवानपुर जिल्ला, मनहरी गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **हरिकृष्ण ढुंगेल** (ना.प्र.नं. ८७४, जारी मिति २०३६/११/१०, जि.प्र.का. मकवानपुर) ।

**ऋणी (१) र (२) को व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. ज्ञान बहादुर ढुंगेलको बुहारी, हरिकृष्ण ढुंगेलको पत्नी, मकवानपुर जिल्ला, साबिक मनहरी गा.बि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **गंगादेवी ढुङ्गेल** (ना.प्र.नं. ३४७२, जारी मिति २०५९/१२/१८, जि.प्र.का. मकवानपुर) । | २. ज्ञान बहादुर ढुंगेलको नाति, हरिकृष्ण ढुंगेलको छोरा मकवानपुर जिल्ला, मनहरी गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **सन्देश डि.सि. (ढुङ्गेल)** (ना.प्र.नं. १९/१४७९८, जारी मिति २०६१/०२/२८, जि.प्र.का. मकवानपुर) । |

**ऋणी (२) को व्यक्तिगत जमानीकर्ताको विवरण**

ज्ञान बहादुर ढुङ्गेलको नातिनी, हरिकृष्ण ढुंगेलको छोरी, मकवानपुर जिल्ला, मनहरी गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने **प्रतिक्षा डि.सि.** (ना.प्र.नं. ३८/२५९२०, जारी मिति २०६२/०५/०७, जि.प्र.का. मकवानपुर) ।

**धितोको विवरण**

१. **ऋणी १ को पक्षमा धितोबन्धकी कायम रहेको** हरिकृष्ण ढुंगेल (ना.प्र.नं. ८७४, जारी मिति २०३६/११/१०, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, मनहरी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. २५७ र २५८ को क्षेत्रफल क्रमश: ०-६-० र ०-२-० (वि.क.धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. **ऋणी १ र ऋणी २ को नाममा संयुक्त धितोबन्धकी कायम रहेको** गंगादेवी ढुङ्गेल (ना.प्र.नं. ३४७२, जारी मिति २०५९/१२/१८, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. १५६६२, १६४०७, ४३६२ र ८२०४ को क्षेत्रफल क्रमश: ०-०-३.७५, ०-०-४.२५, ०-१-१८ र ०-०-११.२५ (वि.क.धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. ज्ञान अर्थ मुभर्स प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

४. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी ज्ञान अर्थ मुभर्स प्रा.लि. कायम भएको तपसिल बमोजिमको सवारी साधनहरु :

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| SWM Motorbikes Silver Vase-440 (2018) | बा ९९ प ६२६५ | A3VF00241 | ZN0A300AAGV000244 |
| SWM Motorbikes Silver Vase-440 (2018) | बा ९९ प ६२६४ | A3VF00064 | ZN0A300AAGV000276 |
| SWM Motorbikes RS-300R (2018) | बा ९९ प ९९६५ | 581VG00327 | ZN0A201AAVG000342 |
| SWM Motorbikes RS-300R (2018) | बा ९९ प ९९६४ | 581VG00223 | ZN0A201AAVG000242 |
| SWM Motorbikes RS-300R (2018) | बा ९९ प ९९६३ | 581VG00345 | ZN0A201AAVG000289 |
| SWM Motorbikes RS-300R (2018) | बा ९९ प ९९६२ | 581VG00378 | ZN0A201AAGV000351 |
| SWM Motorbikes RS-300R (2018) | बा ९९ प ९९६१ | 581VG00206 | ZN0A201AAGV000258 |
| SWM Motorbikes RS-300R (2018) | बा ९९ प ६२६६ | 581VG00430 | ZN0A201AAGV000444 |

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१०/०९ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१०/१० गते १६:०० बजे यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य बित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website : www.siddharthabank.com

# कर्णालीको मह ब्राण्डिङ गरिँदै

गोविन्द खत्री

सुर्खेत- कर्णाली प्रदेशका विभिन्न जिल्लामा उत्पादन हुने महलाई ब्राण्डिङ गरी बजारीकरणका लागि यहाँका किसान जुटेका छन् ।

कर्णालीको महलाई प्रशोधन, प्याकेजिङ र लेवलिङ गरेर बिक्री गर्न प्रदेश राजधानी वीरेन्द्रनगर-१२ सुर्खेतमा कर्णाली मह प्रशोधन साझा सुविधा केन्द्र सञ्चालनमा ल्याइएको हो । नेपाल मौरी पालक महासंघ कर्णाली प्रदेशले प्रवर्द्धन गर्नेगरी केन्द्र सञ्चालन गरिएको छ ।

साझा सुविधा केन्द्रमा कृषकहरुले मह प्रशोधन गरेर आफैं पनि बिक्री गर्न सक्नेछन् । उद्योगको भने आगामी दिनमा 'कर्णाली गोल्ड हनी' नामबाट ब्राण्डिङ गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा मह बिक्री गर्ने योजना छ । महासंघका कार्यक्रम संयोजक खगेन्द्र भण्डारीका अनुसार कर्णालीका मौरी पालक किसानहरुले उत्पादन गरेको मह खरिद गरी स्तरीय मह बिक्री गर्ने व्यावसायिक योजना रहेको छ ।

साझा सुविधा केन्द्रमा हाल पाँच सय किलो मह एकै पटक प्रशोधन गर्न सक्ने क्षमताको मेसिन जडान गरिएको छ । जसबाट वार्षिक १० लाख किलो मह प्रशोधन गर्ने योजना रहेको भण्डारीले जानकारी दिए । महासंघका अनुसार हाल कर्णालीमा करिब ३० टन मह उत्पादन हुन्छ । कर्णालीभर ११ हजार मौरी पालक कृषक छन् । करिब ८ हजार आधुनिक घारमा र अन्य परम्परागत मुढेघारमा मौरी पालन भइरहेको छ ।

साझा सुविधा केन्द्रको मंगलबार विधिवत रुपमा उद्घाटन गरिएको छ । कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाहले उद्घाटन गरेका हुन् । मन्त्री शाहले कर्णालीमा उच्च हिमाली क्षेत्रमा जडबुटीयुक्त मह पाइने भएकाले यसको उचित ब्राण्डिङ र बजारीकरण गर्न आवश्यक रहेको औंल्याए । महमा शुद्धताको ग्यारेण्टिसहित बजारीकरण गरी मुद्रा आर्जन गर्न सक्ने अवसर कर्णालीमा रहेको उनको भनाइ थियो ।

कर्णालीमा विषादीको कम प्रयोग हुने गरेकाले अर्गानिक क्षेत्र बचाउँदै मौरीको अस्तित्व बचाउन सबै जनाले जिम्मेवार हुनुपर्नेमा मन्त्री शाहले जोड दिए । मौरी संरक्षण, महको ब्राण्डिङलगायतका प्रदेश सरकारको तर्फबाट आवश्यक सहयोग गर्ने पनि मन्त्री शाहले प्रतिबद्धता जनाए ।

मौरी पालक महासंघ कर्णाली प्रदेशका अध्यक्ष लिलाराम ढकालले कर्णाली प्रदेश सरकार र हेल्भटास नेपालको इनइलम परियोजनाको सहयोगमा मह प्रशोधनका लागि साझा सुविधा केन्द्र स्थापना गरिएको जानकारी दिए । महको प्रवर्द्धनसँगै बालबालिकाको पोषण सुधारका लागि सरकारले विद्यालयहरुको दिवा खाजामा महको प्रयोग अनिवार्य गर्नुपर्ने माग गरे । सरकार र संघ संस्थाको सहयोगमा महासंघले कर्णालीको महलाई विश्वमा चिनाउन सकिने योजना बनाएको ढकालले बताए ।

यसअघि घरेलु विधिबाट केही प्रशोधन गरेपनि आवश्यक प्रशोधन नगरी बिक्री गर्दै आएकोमा प्रशोधन केन्द्र खुलेपछि गुणस्तरीय मह बेच्न सकिने मौरी पालक कृषकको अपेक्षा छ । यसअघि प्रतिकिलो ६ देखि ८ सयमा बिक्री गर्दै आएकोमा प्रशोधनपछि एक हजार रुपैयाँ केजी बिक्री गर्ने कृषकको भनाइ छ । प्रशोधित मह सानो प्याकेटमा पनि तयार गरेर बिक्री गर्ने जनाइएको छ ।

# रोजगारीका लागि भारत जानेको तथ्यांक राख्न सीमानाकामा चेकपोष्ट

धनगढी (कास) भारतसँग सीमा जोडिएको भन्सार नाकामा नागरिकको सहज आवागमनका लागि एकीकृत भन्सार जाँच प्रणाली व्यवस्थित गरिने भएको छ ।

सुदूरपश्चिम प्रदेशका आर्थिक मामिला मन्त्री बहादुरसिंह थापाले बुधबार कैलालीको त्रिनगर र कञ्चनपुरको गड्डाचौकी भन्सार नाकाको स्थलगत निरीक्षण गर्दै यसअघिबाटै सञ्चालनमा रहेको एकीकृत भन्सार जाँच प्रणाली लागु गर्न छुट्टै चेकपोष्ट बनाउन थालेको बताए । उनले चेकपोष्ट बनाउने विषयमा मन्त्रिपरिषद्बाट निर्णय भइसकेको र सोका लागि चालु आर्थिक वर्षमा बजेट पनि विनियोजन भएको बताए ।

भारत जाने र भारबाट आउने मानिस र उनीहरुले बोकेका झोला तथा सामानको जाँचका लागि स्क्रिनिङ मेसिनसहितको चेकपोष्ट दुवै भन्सार नाकामा स्थापना गर्ने तयारी रहेको बताए । उनले रोजगारीका लागि भारत जाने नेपाली र भारतका नेपाल आउने भारतीय नागरिकको तथ्यांक राख्ने तथा पर्यटकको तथ्यांकसमेत व्यवस्थित ढंगले राख्ने कामसमेत चेकपोष्टले गर्ने बताए ।

मन्त्री थापाले दुवै देशका नागरिकलाई सहज सेवा प्रदान गर्न भन्सार क्षेत्रमा आगमन प्रक्रियालाई सरल बनाइने र सीमा क्षेत्रमा हुने अनावश्यक झन्झट हटाइने बताए । प्रदेश सरकारको पहिलो कार्यकालमा समेत रोजगारीका लागि भारत जानेहरुको तथ्यांक संकलनका लागि भन्सार नाकामा सहायता केन्द्र सञ्चालन गरेको थियो । तर सो केन्द्र धेरै लामो समयसम्म सञ्चालन हुन सकेन ।

सीमा क्षेत्रमा हुने विभिन्न आपराधिक क्रियाकलाप नियन्त्रण र लागू औषध ओसारपसार रोकथाममा पनि प्रदेश सरकारले स्थापना गर्ने चेकपोष्टले भूमिका निर्वाह गर्ने आन्तरिक मामिला तथा कानुन मन्त्री हिसासिंह सार्कीले बताए ।

भन्सार नाका अनुगमन तथा निरीक्षण टोलीमा आर्थिक मामिला मन्त्री थापा, भौतिक पूर्वाधार विकास मन्त्री सुरेन्द्रबहादुर पाल र आन्तरिक मामिला तथा कानुन मन्त्री सार्कीको समेत सहभागिता रहेको थियो । टोलीले दुवै सीमा नाकाको अवस्था, सेवा प्रवाह र सुधारका सम्भावनाबारे स्थलगत रूपमा अवलोकन गरेको बताइएको छ ।

# विराटनगर महानगर नगरसभाको १७ औं अधिवेशन सम्पन्न

## जेनजी आन्दोलनका कारण वार्षिक बजेटको २० प्रतिशत रकम कटौती

कारोबार संवाददाता




विराटनगर- भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण देखाउँदै विराटनगर महानगरपालिकाले चालु आर्थिक वर्षका लागि विनियोजित बजेटको २० प्रतिशत कटौती गर्ने निर्णय गरेको छ ।

बिहीबार विराटनगरमा सम्पन्न भएको नगरसभाको १७ औं अधिवेशनले आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजित बजेटको २० प्रतिशत रकम कटौती गर्ने निर्णय गरेको हो । जेनजी आन्दोलनबाट उत्पन्न परिस्थिति, घरजग्गा कारोबारमा आयको मन्दी, संस्थागत बहाल कर लक्ष्यअनुरुप असुल हुन नसक्नुलगायतका कारण प्रक्षेपण गरिएकोभन्दा महानगरको आय न्यून हुने देखिएको हुँदा चालु आर्थिक वर्षका लागि विनियोजित बजेटको २० प्रतिशत कटौती गर्ने निर्णय गरिएको उपमेयर शिल्पा निराला कार्कीले बताइन् । 'वडास्तरीय बाहेकका विषय क्षेत्रगत तथा नगरस्तरीय योजना/कार्यक्रम समायोजन हुनेगरी संशोधित बजेट तथा कार्यक्रम गर्न चाहन्छु,' सत्रौं अधिवेशनमा उपमेयर कार्कीले प्रस्तुत संशोधित बजेट तथा कार्यक्रममा उल्लेख छ ।

चालु आर्थिक वर्षका लागि ४ अर्ब ४० लाख आय अनुमान गरिएकोमा साउनदेखि पुस १५ गतेसम्म १ अर्ब १५ करोड ८४ लाख ४८ हजार ३ सय ३५ रुपैयाँ अर्थात २८.९३ प्रतिशत मात्र यथार्थ आय हुन सकेको छ । यसैगरी कुल अनुमानित व्यय ४ अर्ब ४० लाख अनुमान गरिएकोमा पुस १५ गतेसम्म ७१ करोड ७० लाख ७५ हजार २ सय ८४ रुपैयाँ अर्थात १७ दशमलव ९० प्रतिशत मात्र व्यय भएको उपमेयर कार्कीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनमा उल्लेख छ ।

खर्चमध्ये पुँजीगततर्फ १४ करोड ४४ लाख खर्च भएको छ । प्रशासनिक एवं चालु खर्चतर्फ ५४ करोड ८० लाख खर्च भएको छ भने वित्तीयतर्फ २ करोड ४५ लाख खर्च भएको छ ।

यसैगरी कुल अनुमानित आयमा आन्तरिक राजस्वतर्फ १ अर्ब ४० करोड अनुमान गरिएकोमा पुस १५ गतेसम्म १९ करोड ८५ लाख मात्र यथार्थ आय संकलन भएको उपमेयर कार्कीले बताइन् । त्यसैगरी राजस्व बाँडफाँडबाट प्राप्त राजस्वबाट १ अर्ब १९ करोड अनुमान गरिएकोमा १७ करोड ९० लाख मात्र प्राप्त भएको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय सरकारतर्फ १ अर्ब १७ करोड ६८ लाख अनुमान गरिएकोमा ६० करोड २३ लाख ९० हजार अनुदान प्राप्त भएको छ । प्रदेश सरकार अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ ७ करोड ८५ लाख अनुमान गरिएकोमा २ करोड ३० लाख प्राप्त भएको देखिन्छ । संघसंस्था अनुदानतर्फ १ करोड ६६ लाख अनुमान गरिएकोमा ८२ लाख प्राप्त भएको छ । यसैगरी गत वर्षको मौज्यता १४ करोड ९९ लाख रहेको छ ।

मेयर नागेश कोइरालाको अध्यक्षतामा भएको अधिवेशन अत्यन्तै मर्यादित र व्यवस्थित रुपमा विराटनगर महानगरको इतिहासमै सबैभन्दा छोटो समयमा सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत योगेन्द्रप्रसाद दुलालले बताए ।

**महानगरको एकता देशमै नमुनाः मेयर कोइराला**

विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाबीचको एकता र सहकार्यकै बलमा महानगरले पछिल्ला चार वर्षमा चुनौतीपूर्ण परिस्थितिबीच पनि विकास यात्रालाई निरन्तरता दिएको बताएका छन् ।

नगरसभाको १७औं अधिवेशनलाई सम्बोधन गर्दै मेयर कोइरालाले कार्यकालको करिब चार वर्ष अनेकौं संकट र कठिनाइका बीच बिते पनि जनअपेक्षाप्रतिको उत्तरदायित्वबाट आफूहरू विचलित नभएको उल्लेख गरे । 'यो अवधि छोटो महसुस हुनुको कारण जनप्रतिनिधिहरूबीचको आपसी विश्वास, सहकार्य र एकता हो,' उनले भने, '७५३ वटै स्थानीय तहमध्ये विराटनगर जनप्रतिनिधिहरूको सम्बन्ध र सहकार्यका हिसाबले कमजोर छैन, बरु राष्ट्रिय फोरमहरूमा यसको प्रशंसा हुने गरेको छ ।'

मेयर कोइरालाका अनुसार यो सौहार्दपूर्ण सम्बन्ध जनप्रतिनिधिमा मात्र सीमित नरही वडा तहदेखि महानगरसम्मका कर्मचारीहरूसँग पनि मजबुत छ, जसले संस्थागत सफलताको आधार तयार गरेको छ । बाँकी कार्यकालमा समेत यही एकता अझ मजबुत हुने उनको विश्वास छ ।

उनले एकताकै कारण भौतिक पूर्वाधारसँगै स्वास्थ्य र शिक्षामा उल्लेखनीय सुधार आएको दाबी गरे । करिब २ अर्ब रुपैयाँ लगानीमा जाइकाको सहयोगमा सञ्चालित खानेपानी आयोजना ७० प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको, सन्ध्याकालीन आरतीलगायतका ठूला परियोजना सञ्चालनको तयारीमा रहेको जानकारी गराए । स्वास्थ्य सेवातर्फ मोरङका १७ पालिकामध्ये विराटनगर तेस्रो स्थानमा पुगेको उल्लेख गर्दै रानी र बैजनाथपुर अस्पतालमा स्वास्थ्य बीमा, फिजियोथेरापी, प्याथोलोजी र बर्थिङ सेन्टरसहित सेवा विस्तार भएको बताए । साथै, देशमै पहिलोपटक विराटनगरले सञ्चालनमा ल्याएको 'महानगर अटिजम सेवा केन्द्र' प्रभावकारी बन्दै गएको उनको भनाइ छ । सामुदायिक विद्यालयप्रति अभिभावक र विद्यार्थीको आकर्षण पनि बढेको उनले बताए ।

तर, सीमित स्रोत-साधनका बीच असिमित जनआकांक्षा सम्बोधन गर्नु चुनौतीपूर्ण बनेको मेयर कोइरालाले स्वीकार गरे । उनले भदौ २४ गते 'जेनजी आन्दोलन' का क्रममा भएको हिंसात्मक घटनाबाट महानगरको प्रशासनिक भवनसहित १३ वटा वडा कार्यालयमा आगजनी भई झण्डै १ अर्ब रुपैयाँ बराबरको क्षति भएको स्मरण गराए । 'यो क्षति पूर्ति गर्न हामीलाई केही वर्ष लाग्नेछ,' उनले भने ।

आन्दोलनका क्रममा आफ्नै निजी निवास र वडा नम्बर १ का अध्यक्ष काजीबहादुर बस्नेतको घरमा समेत आगजनी भएको उल्लेख गर्दै उनले जनसेवामा निरन्तर खटिँदा आफ्नै कार्यालय र घर जलाइँदा पीडा महसुस भएको बताए । आन्दोलनले भवन मात्र होइन, शववाहनदेखि जेसीबी, फर्निचर र महत्वपूर्ण कागजातसम्म नष्ट गरेको भन्दै उनले तीन महिनासम्म कार्यकक्षविनै चिया पसलबाट महानगरको काम सम्हाल्नु परेको अनुभव पनि सुनाए ।

आम्दानी घटेको र संरचना ध्वस्त भएको अवस्थामा मनोबल कमजोर हुनु स्वाभाविक भए पनि नगरसभा सदस्य र कर्मचारीलाई आत्मबल नघटाउन उनले आग्रह गरे । 'संकटको समयमा देखाइने साहस, दृढ संकल्प र सेवाभावले नै इतिहास निर्माण गर्छ,' मेयर कोइरालाले भने ।

# तुलसीपुरमा गाई भैंसीको निःशुल्क कृत्रिम गर्भाधान

दाङ (कास)- तुलसीपुर उपमहानगरपालिकाले गाई भैंसीको निःशुल्क कृत्रिम गर्भाधान सेवा दिन थालेको छ । यसले कृषकलाई सहजता भएको कृषक बताउँछन् ।

नगर प्रमुख खड्काले कार्यक्रम ठूलो नदेखिए पनि पशुपालक कृषकलाई प्रोत्साहन गर्दै पशुपालनमार्फत आयआर्जनको वातावरण बनाउने उद्देश्यले यो कार्यक्रम ल्याइएको बताए । उनले स्थानीय सरकार कृषकको पनि हो भन्ने सन्देश दिन यो कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे । 'कृषले भैंसी लिएर पशु सेवा शाखाको कार्यालयसम्म पुग्न सहज हुँदैन,' नगर प्रमुख खड्काले भने, 'त्यसकारण प्राविधिक नै कृषकको गोठसम्म पुगेर सेवा दिने व्यवस्था मिलाएका छौं । यसले कृषकलाई केही सहजता थप्नुका साथै पशुपालनमा आवश्यक पर्ने एउटा महत्वपूर्ण काम बिना झण्झट सम्पन्न हुने भएको छ ।'

नगर प्रमुख खड्काका अनुसार निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रम सम्बन्धी सूचना वडा कार्यालय हुँदै कृषकसम्म पुऱ्याउने कामलाई अझ व्यवस्थित रूपमा अगाडि बढाउन वडा समितिहरूले पनि उत्तिकै तदारुकता देखाउनुपर्ने हुन्छ । 'यो राज्यका तर्फबाट आएको एउटा अनुदान हो,' उनले भने, 'गाउँ-गाउँका कृषकहरू निःशुल्क कृत्रिम गर्भाधानको अभियानबारे जानकार हुनुपर्छ भन्ने हाम्रो मान्यता हो ।'

पछिल्लो समय कृषि वा पशुपालन दुवै क्षेत्रमा कृषक उत्साहित नदेखिएको तुलसीपुर-१२ का वडाध्यक्ष खुशीराम चौधरी बताउँछन् । कृषि तथा पशुपालनप्रति कृषकलाई कसरी आकर्षित गर्ने भन्ने विषयमा स्थानीय सरकारले गम्भीर रूपमा सोच्नुपर्ने बेला आएको उनको भनाइ छ । पालिकाले कृषकलाई प्रवर्द्धन गर्ने उद्देश्यले महत्वपूर्ण कार्यक्रम अघि बढाएको उनले बताए । 'पालिकाले पशु सेवा शाखाका प्राविधिक कृषकको गोठमै पुगेर निःशुल्क कृत्रिम गर्भाधान गरिदिने व्यवस्था मिलाउनु कृषकका लागि उत्साह जनक कुरा हो,' उनले भने । यसले पछिल्लो समय खुम्चिँदै गएको गाईभैंसी पालन व्यवसाय पुनः उत्साहका साथ अगाडि बढ्ने विश्वास लिएको उनले बताए ।

वडाध्यक्ष चौधरीका अनुसार पछिल्लो समय बजारमा दूध तथा दुग्ध जन्य पदार्थको माग बढ्दो छ । गाईभैंसी पालनबाट मलमुत्र पनि प्राप्त हुने भएकाले त्यसलाई मलका रूपमा प्रयोग गरेर बिग्रँदै गएको माटोको अवस्था जोगाउन सकिन्छ । 'यी विविध पक्षले गाईभैंसी पालन व्यवसाय आयआर्जनको राम्रो स्रोत बन्न सक्छ,' उनले भने, 'स्थानीय सरकारले यसतर्फ नागरिकलाई प्रोत्साहित गर्न थप कार्यक्रम ल्याउन जरुरी छ ।' निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रम कृषकको गोठसम्मै पुग्ने भएकाले यसलाई सरकारले दिएको वास्तविक अर्थमा कृषकसम्म पुग्ने अनुदानको रूपमा लिएको राष्ट्रिय पशुपालन तथा दुग्ध उत्पादन समाजका अध्यक्ष शशीराम बुढाथोकीले बताए । 'सरकारले विगतमा पनि कृषि तथा पशुपालनमा आबद्ध कृषकलाई प्रोत्साहन गर्न करोडौं रुपैयाँ अनुदान नछुट्याएको होइन,' उनले भने, 'तर ती अनुदानहरू धेरैजसो वास्तविक कृषकसम्म पुग्न सकेनन् ।' उनका अनुसार एउटा कृषकले बालीनाली र गोठ सम्हाल्दै कागजपत्र मिलाउने अवस्था नहुन सक्छ, प्रक्रियाबारे सबै जानकारी नहुन सक्छ ।

विगतमा पशुपालक कृषकले आफैं आठ सयदेखि एक हजार रुपैयाँसम्म तिरेर गर्दै आएको कृत्रिम गर्भाधानको काम अब स्थानीय सरकारले गर्नुपर्छ भन्ने सोचका साथ आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेटबाट कार्यक्रम सञ्चालन गरिएको पशु सेवा शाखा प्रमुख डा. मनोज वलीले जानकारी दिए । यस आर्थिक वर्षमा तुलसीपुर क्षेत्रमा करिब सात सयको हाराहारीमा गाई र भैंसीमा निःशुल्क कृत्रिम गर्भाधान गर्ने लक्ष्य लिइएको छ ।

# नवलपुरमा महिला र पुरुष मतदाता बराबर

चितवन (कास)- नेपालकै कान्छो जिल्लाको रुपमा रहेको गण्डकी प्रदेशको नवलपुरमा पुरुष र महिला मतदाता बराबर रहेका छन् । आगामी फागुन २१ गते हुने निर्वाचनका लागि निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम नामावलीअनुसार जिल्लामा महिला पुरुष मतदाता लगभग बराबरी अवस्थामा रहेका छन् ।

नवलपुरका जिल्ला निर्वाचन अधिकारी लालप्रसाद शर्मा भुसालकाअनुसार नवलपुरमा एक लाख ३४ हजार १७० महिला तथा एक लाख ३४ हजार ३५२ पुरुष मतदाता रहेका छन् । शर्माका अनुसार जिल्लामा जम्मा दुई लाख ६८ हजार ५२६ मतदाता रहेका छन् । जसमा चार जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक मतदाता रहेका छन् । फागुन २१ मा हुने निर्वाचनमा जिल्लाका ११४ मतदानस्थलको ३११ मतदान केन्द्रबाट मतदान हुने भुसालले जानकारी दिए ।

अघिल्लो निर्वाचन २०७९ मा जिल्लामा एक लाख ३६ हजार १२१ महिला तथा एक लाख २४ हजार ३३६ पुरुष मतदाता एवम् चार जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक गरी जम्मा दुई लाख ६० हजार ४६१ मतदाता रहेका भुसालले बताए । उनका अनुसार जिल्लामा आठ हजार ६५ नयाँ मतदाता थपिँदा महिला मतदाताको संख्या भने अघिल्लो निर्वाचनको भन्दा पनि घटेको छ । अघिल्लो निर्वाचनमा भन्दा आगामी निर्वाचनका लागि जिल्लामा करिब दुई हजार महिला मतदाता कमी भएको उनले बताए । जिल्लामा प्रतिनिधिसभा सदस्यको निर्वाचन क्षेत्र दुई वटा रहेका छन् । निर्वाचन क्षेत्र-१ मा महिला मतदाता धेरै देखिएका छन् । यहाँ ७१ हजार ९८ महिला, ६५ हजार ९८२ पुरुष तथा एक जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक मतदाता गरी एक लाख ३ हजार ८१ मतदाता रहेका भुसालले जानकारी दिए । यस क्षेत्रमा ५८ मतदान स्थलको १५७ मतदान केन्द्रबाट मतदान हुने भुसालको भनाइ छ ।

**Vacancy Announcement**

**Trainee Assistant (Few)**

**Required Qualification:**
- Bachelors Degree or above in Management Stream
- Good knowledge about the office package (MS Word, Excel etc).
- Good command over English and Nepali typing
- Age not exceeding 25 years
- Driving License
- Candidates with prior experience and local residence will be given priority.

**Job Location:**
Koshi, Madesh, Bagmati, Gandaki, Lumbini, Karnali, Sudur Pachim Pradesh

**To apply:**
Email CV, Copy of Citizenship Certificate, PP Size Photo, Academic Certificates, Certificate of Experience (if any) and a hand written application along with expected salary/benefits to **asianlifehr@gmail.com** within 15th January 2026.

**Note:**
Only shortlisted candidates will be notified for the interview. The company reserves the right to reject any or all applications without assigning any reason whatsoever.

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.
**Head Office :** Maitidevi - 30, Kathmandu
**Phone :** +977-1-4510115 / 4530270
**Email :** asianlife@asianlife.com.np
www.asianlife.com.np

**बीबी एपेरल्स प्रा. लि.**
का.म.न.पा. वडा नं १० ,काठमाण्डौं ।
को
**कम्पनी खारेज सम्बन्धि लिक्वीडेटरको सार्वजनिक सूचना ।**

प्रकाशित मिति : २०८२/०९/२५

कम्पनी ऐन २०२१ बमोजिम नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६८/०४/०८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा **बीबी एपेरल्स प्रा. लि. द. न. ८४८०६ /०६८/०६९** दर्ता को **बीबी एपेरल्स प्रा.लि** नामक कम्पनी को मिति २०८२/०९/२३ मा बसेको शेयरधनीको बिशेष बैठकबाट कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता, ऋण दायित्व वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाणसहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तानी गरी बाँकी जायजेथा शेयरधनीलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कुनै दावी नलाग्ने व्यहोरा समेत सम्वन्धित सबैलाई सुचित गरिन्छ ।

**श्री माधव कुवँर** **दामासाही व्यवसायी इजाजत नं ४४६**
मोबाईल न ९८५१०२२८७१
काठमाडौं ।

**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कलैया, बारा
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०८२-०९-२५)

यस कलैया उपमहानगरपालिकाको मिति २०८२/०८/०५ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशिक बोलपत्र (E-bidding) आह्वानको सूचना अनुसार रित पूर्वक पर्न आएका बोलपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी तपसिलको बोलपत्र स्वीकृत गर्नको लागि मूल्यांकन समितिको मिति २०८२/०९/१४ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनौट गरिएको बोलपत्रदाताको नाम | ठेगाना | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|---|---|
| 1 | KSMC/NCB/WORKS-01-2082/83 | Khaurahi Khola Sidema Bato Nirman Karya Bhawanipur Dekhi Barewa Samma | Narayan Construction | Birgunj-16, Nagawa | ११२१५०२५.६३ |

**प्रमुख प्रशासकीय अधिकृत**

# सामान्य अंकले बढ्यो नेप्से, घट्यो कारोबार

काठमाडौं (कास)- साता कारोबारको अन्तिम दिन बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अंकले बढेको छ। नेप्से ४.५९ अंकले बढेर २ हजार ६४०.५४ बिन्दुमा समेटिएको हो।

बिहीबार ३२८ कम्पनीको एक करोड चार लाख ३१ हजार ७६० कित्ता सेयर खरिद बिक्री हुँदा चार अर्ब ९० करोड रुपैयाँको कारोबार भएको छ। आज नेप्से बढे पनि कारोबार रकम बुधबारको तुलनामा घटेको छ। बुधबार पाँच अर्ब १७ करोडको सेयर कारोबार भएको थियो।

बिहीबार १२९ कम्पनीको सेयर मूल्य बढेको छ भने ११५ वटाको घट्दा १५ कम्पनीको कारोबार स्थिर रह्यो।

आज सान्भी इनर्जीको मूल्य सर्वाधिक ८.१६ प्रतिशतले बढेर प्रतिकित्ता ७९५ रुपैयाँ पुगेको छ। एसवाई प्यानलको मूल्य ५.७१ प्रतिशतले बढेर प्रतिकित्ता एक हजार २५८ पुगेको छ।

आज सुपर मादी हाइड्रोपावरको मूल्य सर्वाधिक ३.९० प्रतिशतले घटेर प्रतिकित्ता ५१८ रुपैयाँमा झरेको छ। बिहीबार एसवाई प्यानलको प्रतिकित्ता २० करोड ६ लाख बराबरको सेयर कारोबार भएको छ, जुन सर्वाधिक कारोबार हो।

सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो सूचीमा रहेको बन्दीपुर केबलकारको ८३३ मा १७ करोड ६० लाख बराबरको सेयर कारोबार भएको नेप्सेले जनाएको छ।

आज कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये ६ समूहको परिसूचक घटेको छ भने बाँकी सात समूहको परिसूचक बढेको छ। यसमध्ये होटल्स तथा पर्यटन समूहको परिसूचक सर्वाधिक ०.४० प्रतिशतले बढेको छ।

बिहीबार फ्लोट इन्डेक्स ०.२५ प्रतिशत बढेको छ। यस्तै, सेन्सेटिभ फ्लोट इन्डेक्स ०.२३ प्रतिशतले र सेन्सेटिभ इन्डेक्स शून्य दशमलव २० प्रतिशतले बढेका छन्।

# एनसेलद्वारा सेयर स्वामित्व र नियमावली प्रावधान बदल्न आग्रह




काठमाडौं (कास)-दूरसञ्चार सेवाप्रदायक एनसेलले कम्पनीको सेयर स्वामित्व तथा सर्त पुनरवलोकनका लागि सरकारसँग माग गरेको छ। एनसेलले प्रधानमन्त्री सुशीला कार्कीसमक्ष सरकारका निर्णय, नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्र नवीकरणका लागि तोकेका सर्त र दूरसञ्चार नियमावली २०५४ मा गरिएको संशोधनसमेत पुनरवलोकन गरी स्वच्छ तथा व्यवसायमैत्री वातावरण बनाउन अनुरोध गरेको हो।

कम्पनीले प्रधानमन्त्री कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, दूरसञ्चार प्राधिकरण, लगानी बोर्ड, उद्योग विभागलगायतमा पत्र बुझाउँदै कम्पनीले विगतमा भएका केही मन्त्रिपरिषद् स्तरीय निर्णय तथा नियमावली व्यवस्था सच्याउन आग्रह गरेको छ। सातबुँदे अनुरोधमा दूरसञ्चार प्राधिकरणले तोकेका सेयर स्वामित्व तथा अतिरिक्त ब्याजसम्बन्धी सर्तसमेत अनुचित, अनुपयुक्त र अन्यायपूर्ण भएकाले तत्काल पुनर्विचार गरी आवश्यक सुधार माग गरिएको छ।

नियमावलीमा भएको सेयर स्वामित्व परिवर्तनमा प्रतिबन्ध लगाउने निर्णयलाई पुनर्विचार गरी सेयरको वैधानिक रुपमा भएको हस्तान्तरण गर्ने मौलिक अधिकारको कार्यान्वयनको लागि अनुरोध गरिएको छ।

कम्पनीले नवीकरण दस्तुरमा अन्यायपूर्ण लगाइएको ब्याज मिनाहा गरी नेपाल टेलिकमसरह व्यवहारका लागि अनुरोध गरेको छ। पत्रमा दूरसञ्चार सेवाप्रदायक र इन्टरनेट सेवाप्रदायक कम्पनीको काम, कर्तव्य प्रस्ट छुट्टिने गरी नीतिगत एवं कानुनी व्यवस्थाका लागि प्रधानमन्त्रीसँग अनुरोध गरिएको छ। सरकारले नै एनसेलको सेयर खरिद बिक्रीलाई यथास्थितिमा स्वीकार नगर्ने भनी गरेको निर्णयका कारण कतिपय काम-कारबाही अघि बढ्न नसकेको उल्लेख छ। यसबाट एनसेलले उपलब्ध गराउने दूरसञ्चार सेवा, नियमित व्यवसायिक तथा व्यवस्थापकीय कार्यमा कानुनी उल्झन र एनसेलको सम्पूर्ण व्यवसाय सञ्चालनमा कठिनाई उत्पन्न भएकाले सरकारबाट तत्काल पहलकदमी लिई समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्न पत्रमा भनिएको छ।

एनसेलका एक करोड ४० लाख सेवाग्राही, प्रत्यक्ष तथा अप्रत्यक्ष एक लाख बढीको रोजगारी अवसर, राज्यलाई अर्बौं रुपैयाँको राजस्व सुनिश्चितता, नेपालमा विदेशी लगानी आकर्षणजस्ता महत्वपूर्ण पक्षलाई नजिकबाट नियाल्दै मोबाइल सेवाको २५ वर्षको अवधि समाप्तपछि पनि निरन्तरता दिनु सबैको हितमा हुने कम्पनीको दाबी छ।

एनसेलको सेयरधनीमध्येको रेनोल्ड्स होल्डिङ लिमिटेडको सम्पूर्ण सेयर रेनोल्ड्स होल्डिंग्सको सेयरधनी आजियाटा इन्भेस्टमेन्ट यूके लिमिटेडले स्पेट्रलाइट यूके लिमिटेडलाई बिक्री गरेको अवस्थामा सेयर खरिद बिक्री कारोबारलाई मान्यता दिन पनि सरकारसँग अनुरोध गरिएको छ।

## गतिविधि

### बैंकिङ क्षेत्रमा गैरकानुनी काम नगर्न एनआईसी एसियाको आग्रह

काठमाडौं (कास)-एनआईसी एसिया बैंकले बैंकिङ क्षेत्रमा भइरहेको उच्छृंखल र अराजक गतिविधिप्रति ध्यानाकर्षण भएको जनाएको छ। बैंकको इटहरी शाखामा कार्यरत कर्मचारीमाथि गालीगलौज गर्दै अभद्र व्यवहार गरी कार्यालयमा अराजक गतिविधि गरेको घटनाप्रति ध्यानाकर्षण भएको बताएको हो।

बैंकजस्तो संवेदनशील र अत्यावश्यक सेवा प्रवाह गर्ने स्थानमा गरिने यस्ता कुनै पनि गैरकानुनी तथा उच्छृंखल गतिविधि स्वीकार्य नहुने र यस्ता गतिविधिबाट बैंकमा कार्यरत कर्मचारीसँगै समग्र बैंकिङ क्षेत्रमै असुरक्षित वातावरण सिर्जना भएको एनआईसी एसियाको ठहर छ।

बैंक कार्यालयभित्र हुलहुज्जत तथा होहल्ला गर्ने, आगजनी तथा जिउज्यानमा हानि पुऱ्याउने उद्देश्यका साथ पेट्रोल छर्कनेजस्ता कानुनद्वारा बर्जित क्रियाकलापबाट मुलुकको आर्थिक विकासमा ठूलो योगदान पुऱ्याइरहेको बैंकिङ क्षेत्रलाई नकारात्मक असर पार्ने बैंकले जनाएको छ। कुनै पनि वहानामा कर्मचारीमाथि हुने यस्ता अभद्र व्यवहार सह्य नहुने हुँदा उक्त घटनामा संलग्न व्यक्तिमाथि सम्बन्धित निकायले आवश्यक अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न र कर्मचारीलाई सुरक्षा दिन बैंकले आग्रह गरेको छ।

### आइजीआई प्रुडेन्सियलको लाभांश पारित



काठमाडौं (कास)- आइजीआई प्रुडेन्सियलको इन्स्योरेन्सको २८औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

साधारणसभामा कम्पनी अध्यक्ष हेमराज ढकालले बीमाले व्यक्तिको जीवन, सम्पत्ति, व्यवसाय तथा दायित्व संरक्षण गर्दै प्राकृतिक तथा मानव सिर्जित विभिन्न जोखिमबाट उत्पन्न हुन सक्ने आर्थिक संकटविरुद्ध सुरक्षा कवचको रुपमा काम गर्दै आएको बताए।

समीक्षा वर्षमा सेयरधनीलाई चुक्ता पुँजीको ५ प्रतिशत नगद लाभांश दिने प्रस्ताव साधारणसभाले सर्वसम्मत स्वीकृत गरेको कम्पनीले जनाएको छ। कम्पनीको प्रधान कार्यालय नारायणचौर नक्सालबाट पानीपोखरीस्थित आफ्नै भवनमा सर्ने निर्णय गरेको छ।

कम्पनीले पानीपोखरीस्थित २ रोपनी ६ आना २ पैसा ३ दाम जग्गामा करिब ६० हजार वर्गफिटमा २ तल्ला पार्किङसहित ११ तल्लाको भवन निर्माण गरेको छ।

कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले चुक्ता पुँजी ३ अर्ब २ करोडसहित निर्जीवन बीमा कम्पनीमध्ये सबभन्दा ठूलो संस्थाको रूपमा रहेको बताए।

### नेपाल निर्यात परिषद् अध्यक्षमा थपलिया

काठमाडौं (कास)-नेपाल निर्यात परिषद् अध्यक्षमा डा रामशरण थपलिया निर्वाचित भएका छन्। परिषद्को बुधबार सम्पन्न २८औं वार्षिक साधारणसभाले थपलियाको नेतृत्वमा निर्विरोध नयाँ कार्यसमिति निर्वाचित गरेको हो।

परिषद् प्रथम उपाध्यक्षमा हरिप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा हरि ढकाल, महासचिव वसन्तराज अधिकारी, कोषाध्यक्षमा राजु बानिया, सचिवमा अमृतमान श्रेष्ठ र सह-कोषाध्यक्षमा हरिशरण भेटवाल निर्वाचित भएका छन्। परिषद्ले नेपालमा उत्पादित हस्तकलाका सामान, फेल्ट, धातुका सामग्री, गार्मेन्ट, नेपाली ढाकाका कपडा, उलनका हाते उत्पादनलगायत सामाग्री विदेशमा निर्यात गर्दै आएको छ।


### महालक्ष्मीका अध्यक्ष उपाध्यायको शपथ



काठमाडौं (कास)-महालक्ष्मी विकास बैंकको हालै सम्पन्न २४औं वार्षिक साधारणसभाको नवनिर्वाचित सञ्चालक समितिबाट अध्यक्षको रुपमा चयन भएका राजेश उपाध्यायले पद तथा गोपनीयताको शपथ लिएका छन्।

उनले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम राष्ट्र बैंकका डेपुटी गर्भनर बमबहादुर मिश्रसमक्ष पद तथा गोपनियताको शपथ लिएका हुन्। कार्यक्रममा राष्ट्र बैंक बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक र वित्तीय सस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशकलगायत पदाधिकारी उपस्थित थिए।

### सौर्य विद्युत् उत्पादक संघ अध्यक्षमा मल्ल



काठमाडौं (कास)- नेपाल सौर्य विद्युत् उत्पादक संघ अध्यक्षमा भरतकुमार मल्ल निर्वाचित भएका छन्। राजधानीमा सम्पन्न संघको २५औं वार्षिक साधारणसभाबाट १६ सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो।

संघको वरिष्ठ उपाध्यक्षमा दीपक गौतम, प्रथम उपाध्यक्षमा रामेश्वर वाग्ले, द्वितीय उपाध्यक्षमा सुदर्शन बानियाँ, महासचिवमा नेत्रबहादुर खत्री, सचिवमा केशवराज शर्मा र कोषाध्यक्षमा रामप्रसाद कोइराला निर्वाचित भएका छन्।

यस्तै, संघको सदस्यमा राजेन्द्रबहादुर खड्का, निस्था गौतम, विश्व शाह, कृष्णराज चुदाली, योगेन्द्रबहादुर श्रेष्ठ, दीपकराज पौडेल, तिलकलाल श्रेष्ठ, कुमार बस्नेत र सुबोध रिमाल निर्वाचित भएको निर्वाचन उपसमितिले जनाएको छ।

राष्ट्रिय प्रसारण लाइन पुगे-नपुगेका, सुगम, दुर्गम, क्षेत्रमा घरेलु सौर्य विद्युत् प्रणालीलगायत स्वास्थ्य, शिक्षा, सिँचाइ, सञ्चार, खानेपानी क्षेत्रमा सौर्य ऊर्जाका माध्यमबाट विद्युतीकरण गरी सेवा पुर्याउन संघले भूमिका निर्वाह गर्दै आइरहेको नवनिर्वाचित द्वितीय उपाध्यक्ष सुदर्शन बानियाले जानकारी दिए।

सौर्य ऊर्जा उत्पादनमा क्रियाशील संस्थालाई सङ्गठित गर्ने उद्देश्यले निजी क्षेत्रको प्रयासमा २०५७ साउन २० मा नेपाल सौर्य विद्युत् उत्पादक संघ स्थापना भएको थियो। संघमा हालसम्म १३८ उद्योग तथा कम्पनी आबद्ध छन्।

### सिंगटी हाइड्रोको सेयर बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल

काठमाडौं (कास)-सिंगटी हाइड्रो इनर्जीले हकप्रद सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरेको छ। सम्झौतामा सिंगटी हाइड्रो इनर्जीका प्रबन्ध सञ्चालक सुदीप खड्का र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले हस्ताक्षर गरेका थिए।

कम्पनीको सोह्रौं वार्षिक साधारणसभाबाट चुक्ता पुँजीको १:१ अनुपातमा हकप्रद साधारण सेयर निष्कासन गर्ने निर्णय पारित भएको थियो। कम्पनीले उक्त निष्कासनबाट प्राप्त रकम अन्य हाइड्रोपावर कम्पनीबाट प्रवर्द्धन गरेको ६१.११ मेगा वाटको नारखोला जलविद्युत् तथा ८६.५९ मेगावाटको लान्द्रुक मोदी जलविद्युत् आयोजनामा लगानी गर्न प्रयोग गरिने बताएको छ।


## हिमालयन बैंक लिमिटेडको नाममा रहेको गैर-बैंकिङ्ग सम्पत्ति तथा बैंकको धितोमा रहेको चल सम्पत्ति (मिल मेशिनरी) लिलाम बिक्रीको ७ (सात) दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति: २०८२/०९/२५)

**यस बैंकको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर-बैंकिङ्ग तथा धितोमा रहेको चल अचल सम्पति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा यो गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। उक्त गैर-बैंकिङ्ग तथा धितो मा रहेको चल अचल सम्पति खरिद गरी लिन इच्छुक महानुभावले देहायका शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**तपसिल**

| | |
|---|---|
| | **गैर-बैंकिङ्ग सम्पत्तिको विवरण** |
| १ | मालपोत कार्यालय चावहिल, काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला गोठाटार गा.वि.स./गा.पा./न.पा. वडा नं. ९ नक्सा सीट नं. १०२११०९१३ को कि.नं. १६१ को क्षे.फ. ०-५-०-० (रोपनी) को जग्गा। |
| २ | मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक बनेपा गा.वि.स./गा.पा./न.पा. वडा नं. १० नक्सा सीट नं. १० को कि.नं. ३१९३ र ३१९१ को क्रमशः क्षे.फ. ६७२.६१ ब.मी. र २२७.९६ ब.मी. को जग्गा तथा सोको लिगलगापात समेत। |
| ३ | मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक बनेपा गा.वि.स./गा.पा./न.पा. वडा नं. ७ नक्सा सीट नं. ७ को कि.नं. २७० क्षे.फ. १३५.४२ ब.मी. को जग्गा तथा सोको लिगलगापात समेत। |
| ४ | मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम भएको काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल गा.वि.स./गा.पा./न.पा. वडा नं. ८ नक्सा सीट नं. ८ को कि.नं. १०६५ को क्षे.फ. ५४७६.५३ ब.मी. को जग्गा तथा सोमा बनेको कारखाना भवन र सोमा जडित सम्पुर्ण प्लान्ट तथा मेशिनरीको साथै मेशिनको पार्ट्सहरु समेत। |
| ५ | मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम भएको काभ्रेपलाञ्चोक जिल्ला बनेपा गा.वि.स./गा.पा./न.पा. वडा नं. ५ नक्सा सीट नं. ५ को कि.नं. २०४१ र २७९ को क्रमशः क्षे.फ. २३.४३ ब.मी. र ३३२.९५ ब.मी. को जग्गा तथा सोको लिगलगापात समेत। |
| ६ | मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम भएको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ९ नक्सा सिट नं. ०९३०९२००२ को कि.नं. २१ क्षे.फ. २३०.८० ब.मी. को जग्गा र सोमा बनेको घर तथा सोको लिगलगापात समेत। |
| | **धितोमा रहेको चल सम्पत्ति (मिल मेशिनरी) को विवरण** |
| १ | काभ्रेपलाञ्चोक जिल्ला उग्रचण्डी गा.वि.स./गा.पा./न.पा. वडा नं. १ स्थित कि.नं. ७३९, ७४२ र ७४३ बनेको कारखाना भवनमा जडित विस्कुट उत्पादनको लागि प्रयोग हुने मिल मेशिनरीहरु मात्र। |

**बोलपत्रका शर्तहरु :**

१. बोलपत्र फाराम यस बैंकको देहाय बमोजिमको शाखा कार्यालयबाट कार्यालय समयभित्र रु. १,०००/- (फिर्ता नहुने गरी) तिरि खरिद गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए वमोजिम मिति, स्थान र समयमा प्राप्त भईसक्नु पर्नेछ। म्याद नाघी वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने/खोलिने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेका दिन बोलपत्रहरु बुझाउन/खोल्न सकिनेछ। बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको अंकको १० (दश) प्रतिशतले हुने रकम बैंकले तोकेको खाता नम्बर 90099999993017 (HIMALAYAN BANK LTD, INTER DEPARTMENT TICKET ACC NPR BNK) मा नगदै जम्मा गरेको रसिद वा यस बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट चेक" को सक्कल प्रति शिलबन्दी बोलपत्र साथ समावेश गरि पेश गर्नुपर्नेछ।
५. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र खरिद तथा पेश गर्ने शाखा कार्यालयहरु | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८२/१०/०२ कार्यालय समयसम्म | २०८२/१०/०६ दिनको ४:३० वजे | सुन्धारा पाटन शाखा, बनेपा शाखा र बैंकको अन्य सम्पूर्ण शाखा कार्यालयहरु। | सामान्य प्रशासन विभाग, केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौं। |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
सामान्य प्रशासन विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-५९७१३४६, पो.ब.नं. २०५९० काठमाडौं



## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति: : २०८२/०९/२५)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो को कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबै लाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

१ **ऋणीको नाम र ठेगानाको विवरण (विराटनगर शाखा, मोरङ्ग)**

महादेव मेहताको नाति, सत्यनारायण मेहताको छोरा, सुनसरी जिल्ला छिटाहा गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ३१७२/५३३ (जारी मितिः २०५५/०५/०५, स्थान सुनसरी) भएको **हरि किसुन मेहता**।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

राम कृष्ण मेहताकी छोरी, सत्यनारायण मेहताकी बुहारी, हरि किसुन मेहताकी श्रीमती, सुनसरी जिल्ला छिटाहा गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल मोरङ्ग जिल्ला बिराटनगर महानगरपालिका वडा नं. ०६ बस्ने, ना.प्र.नं. ०६३०१५/३०३८ (जारी मितिः २०६३/१२/२३, स्थान सुनसरी) भएकी **पार्वती कुमारी मेहता**।

२ **ऋणीको नाम र ठेगानाको विवरण (खाादवारी शाखा, संखुवासभा)**

नर बहादुर जिमीको नाति, जस बहादुर जिमीको छोरा, संखुवासभा जिल्ला माम्लिङ्ग गा.वि.स वडा नं. ०९ स्थायी घर भई हाल संखुवासभा जिल्ला धर्मदेवी न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ३९६२/२३६, (जारी मितिः २०५६/०५/१६, स्थान संखुवासभा) भएको **बाल कुमार जिमी**।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

कालुलाल धिमालकी छोरी, जस बहादुर जिमीकी बुहारी, बाल कुमार जिमीकी श्रीमती, संखुवासभा जिल्ला, माम्लिङ्ग गा.वि.स वडा नं. ०९ स्थायी घर भई हाल संखुवासभा जिल्ला धर्मदेवी न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. १०८८०/७२३ (जारी मितिः २०७१/०८/२९, स्थान संखुवासभा) भएकी **उषा जिमी**।

**धितोको विवरण**

संखुवासभा जिल्ला, माम्लिङ्ग गा.वि.स वडा नं. ०९ स्थायी घर भई हाल संखुवासभा जिल्ला धर्मदेवी न.पा. वडा नं. ०५ बस्ने, **उषा जिमी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०२ नक्सा सिट नं. २ज मा अवस्थित कि.नं. २३४७, क्षेत्रफल ०-०-६.५-० बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**सवारी साधनको विवरण:**

ऋणी **बाल कुमार जिमी** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्र-१-०२-००३त १४८३ भएको Johndeere Tractor 5310.

३ **ऋणी फर्म र फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण (चन्द्रगढि शाखा, झापा)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, झापामा मिति २०७०/०२/२७ गते प्रा.फ.र.नं. ८००/४२१२, अन्तर्गत दर्ता भएको **खनाल स्टोर**।

ठेगाना: झापा जिल्ला चन्द्रगढी गा.वि.स. वडा ०७।

**ऋणी फर्मका प्रोप्राइटर:**

गंगाराम खनालको नाति, धर्मनन्द खनालको छोरा, झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. २१६७२/६४५९ - तेह्रथुम (जारी मितिः २०४६/०९/१६, स्थान झापा) भएको **राजन प्रसाद खनाल**।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. धर्मनन्द खनालको नाति, राजन प्रसाद खनालको छोरा, झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १४ स्थायी घर भई हाल झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ०४-०१-७३-१२४३९ (जारी मितिः २०७३/११/१८, स्थान झापा) भएको **अनिल खनाल**।
२. वेदनिधि रिमालकी छोरी, धर्मनन्द खनालकी बुहारी, राजन प्रसाद खनालकी श्रीमती, तेह्रथुम जिल्ला तम्फुला गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. २९४०४/३०३ (जारी मितिः २०५५/०४/१५, स्थान तेह्रथुम) भएकी **विष्णु खनाल**।

**धितोको विवरण**

१. तेह्रथुम जिल्ला तम्फुला गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १० बस्ने, **विष्णु खनाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला चन्द्रगढी गा.वि.स. वडा ०६ सिट नं. ६ मा अवस्थित कि.नं. ६३३७ क्षेत्रफल ०-१-६-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. झापा जिल्ला भद्रपुर न.पा. वडा नं. १० बस्ने, **राजन प्रसाद खनाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला चन्द्रगढी गा.वि.स. वडा ०६ सिट नं. ६ मा अवस्थित कि.नं. ६९८५ र ७५२० क्षेत्रफल क्रमशः ०-१-०-० र ०-०-६.७५-० विगाहा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४ **ऋणी फर्म र फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण (बिर्तामोड बि.एन.सी. शाखा, झापा)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा मिति २०७३/०२/०५, प्रा.फ.नं.घ.उ.वि. ५६४/६६५/१२५४८, अन्तर्गत दर्ता भएको **बराइली पशुपालन तथा कृषी उपज केन्द्र**।

ठेगानाः झापा जिल्ला, बाहुण्डागी गा.वि.स. वडा नं. ०२।

**ऋणी फर्मका प्रोप्राइटरः** बुद्धि बल विश्वकर्माको नाति, धन बहादुर विश्वकर्माको छोरा, सुनसरी जिल्ला सिंगिया गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. १८१/८१६००५९'क' (जारी मितिः २०३८/०४/१४, स्थान सुनसरी) भएको **गोपाल विश्वकर्मा**।

**ऋणी फर्मका व्यक्तिगत जमानतकर्ताको विवरण**

१. धन बहादुर विश्वकर्माको नाति, गोपाल विश्वकर्माको छोरा, झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ०१/५०३१ (जारी मितिः २०६३/०८/१८, स्थान झापा) भएको **मनोजकुमार विश्वकर्मा**।
२. वुद्ध वीर विश्वर्माकी छोरी, धन बहादुर विश्वकर्माकी बुहारी, गोपाल विश्वकर्माकी श्रीमती, झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ०५३१३५०६ (जारी मितिः २०४६/०३/०१, स्थान झापा) भएकी **जानुका देवी विश्वकर्मा**।

**धितोको विवरण**

सुनसरी जिल्ला सिंगिया गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. ०४ बस्ने, **गोपाल विश्वकर्मा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला बाहुण्डाँगी गा.वि.स. वडा नं. ०२ सिट नं. २ मा अवस्थित कि.नं. ११३७ क्षेत्रफल ०-१-१०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# ‘निगमको आगामी बाटो व्यवसाय विविधीकरण र पारदर्शिता’

सरकारी स्वामित्वको नेपाल आयल निगमले पेट्रोलियम पदार्थ बिक्री वितरण गर्न थालेको करिब ६ दशक नजिक पुगेको छ । निगम कम्पनी ऐन, २०२१ बमोजिम २०२७ पुस २६ मा स्थापना भएको हो । निगमले शनिबार ५६औं वार्षिकोत्सव मनाउँदै छ । नेपालको ऊर्जा सुरक्षा, पेट्रोलियम पूर्वाधार, बजार व्यवस्थापन र निगमको भावी रणनीति, गरिरहेका सुधार प्रयास र आगामी चुनौतीलगायत विषयमा निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टसँग कारोबारकर्मी *कौशिला कुँवरले* गरेको कुराकानीको सार:



चण्डिकाप्रसाद भट्ट
कार्यकारी निर्देशक, नेपाल आयल निगम

**छिमेकी भारतले २०७२ मा लगाएको अघोषित नाका बन्दपछि सरकारले ९० दिनलाई पुग्ने गरी पेट्रोलियम पदार्थ भण्डारण विस्तार गर्ने नीति लिएको थियो । यसलाई कार्यान्वयन गर्न निगमले अहिले कुन स्तरमा काम गरिरहेको छ र हालको मौज्दात क्षमता अवस्था के छ ?**

सरकारको ९० दिनको भण्डारण रणनीति निगमका लागि प्रमुख मार्गदर्शक सिद्धान्त हो । मैले जिम्मेवारी सम्हाल्नुअघि भण्डारण क्षमता निकै कमजोर थियो । सामान्य अवरोध हुँदा पनि बजारमा समस्या आउने जोखिम रहन्थ्यो । पहिले हामीसँग करिब ५ देखि ६ दिन मात्र पुग्ने तेल मौज्दात राख्न सक्ने क्षमता थियो । तर, अहिले हामीले यसमा ठोस सुधार गरेका छौं । हालको अवस्थामा हामीसँग पेट्रोल करिब १० दिन, डिजेल करिब १२ दिन र हवाई इन्धन १५ दिन पुग्ने गरी भण्डारण क्षमता विकास भएको छ । यो क्षमता विस्तार गर्न पूर्वाधारको अधिकतम उपयोग र नयाँ पूर्वाधार निर्माणलाई अगाडि बढाएका छौं । उदाहरणका लागि, हामीले अमलेखगञ्जमा १३ हजार २ सय किलोलिटर र पोखरामा १० हजार किलोलिटर क्षमताको भण्डारणगृहलाई पूर्ण रूपमा सञ्चालनमा ल्याएका छौं । पोखराको डिपो पहिले नै निर्माण भइसके पनि सञ्चालनमा आउन सकेको थिएन । अहिले सञ्चालनमा ल्याएर क्षमता विस्तार गरेका छौं ।

यसका साथै तत्कालको आवश्यकता पूरा गर्न रणनीतिक परिवर्तन पनि गरेका छौं । विराटनगर र नेपालगञ्जमा रहेका पुराना मट्टीतेल ट्यांकीलाई परिमार्जन र रुपान्तरण गरेर अहिले पेट्रोल भण्डारण गर्न मिल्ने बनाइएको छ । यसले गर्दा अतिरिक्त खर्च नगरीकनै पेट्रोल भण्डारण क्षमतामा उल्लेख्य वृद्धि भएको छ ।

**पूर्वाधार विस्तारका क्षेत्रमा निगमले अहिले के–कस्ता नयाँ आयोजना अगाडि बढाइरहेको छ, जसले भविष्यमा ढुवानी र वितरणलाई सहज बनाओस् ?**

पूर्वाधार विकास नै निगमको दिगोपनको आधार हो । अहिले हामी दुईटा महत्वपूर्ण र रणनीतिक आयोजनामा केन्द्रित छौं । पहिलो, अमलेखगञ्जदेखि चितवनसम्मको पेट्रोलियम पाइपलाइन विस्तारसँगै चितवनमा ९१.२ मिलियन मेट्रिक टन क्षमताको विशाल भण्डारणगृह निर्माण गर्ने प्रक्रिया सुरु भएको छ । दोस्रो, झापाको चारआलीमा १८.२ मिलियन मे.टन क्षमताको नयाँ डिपो निर्माण काम अगाडि बढ्दै छ । मेरो कार्यकालको सबैभन्दा महत्वपूर्ण र गौरवपूर्ण कार्य भनेको हवाई इन्धनलाई पनि पाइपलाइन प्रणालीमा जोड्ने तयारी हो । अहिलेसम्म नेपालमा पाइपलाइनबाट हवाई इन्धन ल्याउने व्यवस्था थिएन । अब चितवनमा पाइपलाइनमार्फत नै हवाई इन्धन ल्याउनेछौं । यो आयोजना सम्पन्न भएपछि नेपालले पेट्रोलियम पदार्थ ढुवानीका लागि भारतमा ट्यांकर पठाउनुपर्ने बाध्यता अन्त्य हुनेछ । यसले ढुवानी खर्च घटाउने मात्र नभई बाटोमा हुने चुहावट र प्राविधिक नोक्सानीलाई पनि शून्यमा झार्नेछ ।

**निगम स्थापनाको करिब ६ दशक पुग्न लाग्दा पनि अहिलेसम्म एलपीजी (ग्यास) भण्डारणको आफ्नै संयन्त्र छैन । ग्यास भण्डारणगृह निर्माण गर्ने आगामी योजना के छ ?**

हो। करिब ६ दशक पुग्न लाग्दा पनि हामीसँग एलपीजीको आफ्नै भण्डारण छैन । विगतमा ग्यास खपत सीमित थियो तर, पछिल्लो समय नेपालको ऊर्जा खपतको स्वरुप बदलिएको छ । अहिले दुर्गम र ग्रामीण क्षेत्रमा समेत दाउराको सट्टा ग्यास प्रयोग व्यापक भएको छ । अर्कोतिर ठूला उद्योग विशेषगरी टायल उद्योगले फर्नेस आयल छाडेर एलपीजी प्रयोग गर्न थालेका छन्, जसले गर्दा ग्यास माग ह्वात्तै बढेको छ । अहिले हामीले ग्यास ढुवानीका लागि मात्रै वार्षिक करिब ६ अर्ब रुपैयाँ खर्च गरिरहेका छौं, जुन रकम सबै भारतीय ट्रान्सपोर्टरलाई भुक्तानी गर्नुपर्छ । यो ठूलो वैदेशिक मुद्रा बाहिरिने बाटो हो । यसलाई समाधान गर्न हामीले इन्डियन आयल कर्पोरेसनसँग गम्भीर छलफल गरिरहेका छौं । मोतिहारीदेखि सर्लाहीसम्म ग्यास पाइपलाइन ल्याउने र सर्लाहीमा कम्तीमा १५ दिनका लागि पुग्ने एलपीजी भण्डारणगृह निर्माण योजनामा अगाडि बढिसकेका छौं । यो आयोजनाको वित्तीय मोडालिटी र भारत सरकारको सहयोगको स्वरुपबारे टुंगो लागेपछि निर्माण कार्यले गति लिनेछ ।

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको डिपो स्थानान्तरण गर्न किन ढिलाइ भइरहेको छ । काम किन अघि बढ्न सकेको छैन ? अघि बढ्न नसक्नु मुख्य कारण के हो ?**

विमानस्थलको डिपो सार्ने विषय सुरक्षा र प्राविधिक दृष्टिकोणले अत्यन्तै जरुरी छ । यो काममा केही ढिलाइ हुनुको मुख्य कारण नागरिक उड्डयन प्राधिकरणसँगको कानुनी र प्राविधिक समन्वय अभाव हो । प्राधिकरणले हामीलाई जग्गाको स्पष्ट सम्झौता, भाडादर र समयसीमा तोकेर दिनुपर्ने हुन्छ । प्राधिकरणले हामीलाई करिब १०० रोपनी जग्गा दिने सहमति जनाइसकेको छ । तर, त्यहाँको फाइल अहिले पर्यटन मन्त्रालयमा प्रक्रियामा छ ।

**एलपीजी (ग्यास)मा घरायसी र व्यावसायिक प्रयोजनका लागि छुट्टाछुट्टै मूल्य तोक्ने (दोहोरो मूल्य प्रणाली) विषयमा निगम किन अलमलिएको हो ? दुई मूल्य किन लागू गर्न नसकेको हो ? राज्यले दिने अनुदानको फाइदा व्यापारीले लिने तर उपभोक्ता किन सधैं मारमा पर्ने?**

उपभोक्तालाई मार नपरोस् भनेरै हामीले विगतमा रातो र नीलो सिलिन्डर व्यवस्था गर्न खोजेका थियौं । तर, त्यतिबेला एक सिलिन्डरबाट अर्कोमा ग्यास खन्याएर व्यावसायिक प्रयोजनमा प्रयोग हुने र अनियमितता हुने डरले त्यो सफल हुन सकेन । ग्यासमा दोहोरो मूल्य प्रणाली सुन्दा सजिलो लागे पनि कार्यान्वयनमा धेरै जटिलता छन् । अहिले हामीले दुईवटा नयाँ विकल्पमा गृहकार्य गरिरहेका छौं । पहिलो विकल्प भनेको सबैलाई परल मूल्यमा ग्यास बेच्ने र घरायसी उपभोक्ताको पहिचान गरी उनीहरूको बैंक खातामा सीधै अनुदान रकम वा 'क्यासब्याक' पठाइदिने । तर, यसमा एउटा ठूलो चुनौती छ । अहिले प्रति सिलिण्डर करिब २०० देखि ३०० रुपैयाँ घाटा छ । परल मूल्यमा बेच्नेबित्तिकै उपभोक्ताका लागि एकैपटक ३०० रुपैयाँ मूल्य बढ्छ । चुनाव र अन्य राजनीतिक, सामाजिक परिस्थितिका कारण सरकारले उपभोक्तालाई मार पर्ने गरी यस्तो निर्णय लिन सकेको छैन ।

दोस्रो विकल्प भनेको व्यावसायिक प्रयोजनका लागि ४५० केजीको ठूलो सिलिन्डर अनिवार्य गर्ने र सानो सिलिन्डरलाई घरायसी प्रयोजनमा मात्र सीमित गर्ने हो । यसका लागि हामीले कार्यविधि बनाइरहेका छौं । ६० वटा ग्यास उद्योगमध्ये सबैको क्षमता ठूला सिलिन्डर वितरण गर्ने नहुन सक्छ, जसले गर्दा व्यवसायीबीच आन्तरिक विवाद हुने डर पनि छ । त्यसैले सबै पक्षसँग छलफल गरेर मात्र हामी निष्कर्षमा पुग्नेछौं ।

**व्यापारीले दोहोरो फाइदा लिइरहेका छन् नि? उनीहरूले राज्यको अनुदान पनि लिने र उपभोक्तासँग पनि कर र महँगो मूल्य असुल्ने । यो रोक्न राज्यले अनुगमन किन गर्दैन ?**

तपाईंले भन्नुभएको कुरा सही हो । व्यापारीले राज्यको अनुदानको फाइदा उठाएर उपभोक्तालाई मारमा पारिरहेका हुन सक्छन् । तर, यसलाई रोक्न अनुगमनमा केही व्यावहारिक चुनौती छन् । हामीसँग अहिले भएको जनशक्तिले देशभरका सबै होटल, रेस्टुरेन्ट र उद्योग अनुगमन गर्न सम्भव छैन ।

यदि हामीले दोहोरो मूल्य प्रणाली लागू गरिहाल्यौं भने पनि घरायसी प्रयोगका लागि सस्तोमा दिएको ग्यास लुकीछिपी होटल वा व्यवसायमा जाँदैन भन्ने ग्यारेन्टी गर्न गाह्रो छ । त्यस्तै, केही ग्यास व्यवसायी पनि यो प्रणालीविरुद्धमा छन्, किनकि यसले उनीहरूको बजार प्रभावित हुन सक्छ । त्यसैले हामीले एउटा ठोस निष्कर्ष निकाल्न गृहकार्य गरिरहेका छौं । अहिले हामी व्यावसायिक प्रयोजनका लागि ४५० केजीको ठूलो सिलिन्डर अनिवार्य गर्ने र सानो सिलिन्डर घरायसी प्रयोगका लागि मात्र छोड्ने कार्यविधि बनाउँदै छौं ।

**सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२ स्वीकृत गरेको छ । आदेश स्वीकृतिसँगै निगमले काम पनि अघि बढाउला । पेट्रोलमा इथानोल मिसाउँदा उपभोक्तालाई कस्तो फाइदा पुग्छ ?**

पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउन सरकारले स्वीकृति दिइसकेको छ । यसले उपभोक्तालाई सीधै फाइदा पुग्छ कि पुग्दैन भन्ने कुरा मूल्य निर्धारण समितिले तय गर्छ । चिनी उद्योगीले प्रतिलिटर १०० रुपैयाँमा इथानोल दिन सक्ने बताएका छन्, पेट्रोलको मूल्य १६० रुपैयाँ हाराहारी रहँदा इथानोल ५०–६० रुपैयाँ सस्तो देखिन्छ । तर, सरकारले यसमा लगाउने कर र शुल्कका कारण यो महँगो पर्न जाने चुनौती छ । मेरो विचारमा सरकारले वातावरण संरक्षणका लागि यसमा केही सहुलियत दिनुपर्छ । इथानोल मिसाउँदा यसले इन्जिनको कार्यक्षमता सुधार्छ । यसका साथै यो वातावरणमैत्री पनि छ, किनकि पेट्रोल बाल्दा निस्कने कार्बन मोनोअक्साइड र कार्बनडाइअक्साइड यसको प्रयोगले कम गर्छ । इथानोल स्वदेशमै उत्पादन हुने भएकाले आयात प्रतिस्थापन हुन्छ, विदेशी मुद्रा जोगिन्छ र किसानहरूले आफ्नो कच्चा पदार्थको राम्रो मूल्य पाउँछन् । एउटा इथानोल उद्योग स्थापना हुँदा करिब २०० करोड लगानी हुन्छ र सयौंले रोजगारी पाउँछन् । त्यसैले केही प्राविधिक माइलेज कम भए पनि समग्रमा यो देशका लागि फाइदाजनक छ ।

**पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम मूल्य घट्दा पनि निगमले नघटाउने तर बढ्दा तुरुन्तै बढाउने गर्छ भन्ने गुनासो छ नि ?**

यो बुझाइमा अलिकति भ्रम छ । हामीले स्वचालित मूल्य प्रणाली लागू गरेका छौं । तर, कहिलेकाहीँ अन्तर्राष्ट्रिय बजारमा मूल्य ह्वात्तै बढ्दा हामीले सोही अनुपातमा उपभोक्ता मूल्य बढाउन सक्दैनौं । उदाहरणका लागि, डिजेलमा ९ रुपैयाँ बढ्दा हामीले मूल्य स्थिर राखेर निगमको कोषबाट घाटा बेहोरेका थियौं । जब पछि अन्तर्राष्ट्रिय मूल्य घट्छ, तब पहिले बेहोरेको त्यही घाटा पूर्ति गर्न मूल्य समायोजनमा केही समय लाग्न सक्छ । अहिले हामी एकदमै पारदर्शी छौं–१.५० रुपैयाँभन्दा कमको घटबढलाई निश्चित प्रणालीमा राखेर मूल्य निर्धारण गरिरहेका छौं ।

**निगमको हालको वित्तीय अवस्था कस्तो छ र यसले राज्यलाई कस्तो योगदान दिइरहेको छ?**

निगम अहिले वित्तीय रूपमा निकै सुदृढ अवस्थामा छ । अघिल्लो वर्ष हामी ११ अर्ब रुपैयाँ नाफामा थियौं भने गत आर्थिक वर्षमा १४ अर्ब रुपैयाँ नाफा कमाउन सफल भयौं । यसको मुख्य श्रेय स्वचालित मूल्य प्रणालीलाई जान्छ । राज्यलाई योगदानको कुरा गर्दा, हामीले विभिन्न ट्याक्स शुल्क र ड्युटीमार्फत वार्षिक करिब ११० अर्ब रुपैयाँ सरकारलाई बुझाउँछौं । साथै, गत आर्थिक वर्षमा हामीले करिब १ अर्ब रुपैयाँ लाभांशका रूपमा अर्थ मन्त्रालयलाई दिएका थियौं र यो वर्ष पनि केही रकम पठाउने तयारीमा छौं ।

**निगमका आगामी योजना के छन् र कसरी अगाडि बढाउने सोच्नुभएको छ ? नयाँ व्यावसायिक क्षेत्र के–के हुन् ?**

हाम्रो अबको प्राथमिकता विश्वसनीयता र पारदर्शिता हो । हामीले डिपोलाई अटोमेसन (स्वचालित)मा लगेका छौं । यसले गर्दा व्यवसायी र उपभोक्ताले तेलको परिमाणमा ढुक्क हुन सक्छन् । भविष्यमा विद्युतीय सवारी प्रयोग बढ्दै जाँदा पेट्रोल र डिजेलको खपत घट्न सक्छ । त्यसैले हामी व्यवसाय विविधीकरणमा लाग्दै छौं । अब बिटुमिन, हाइड्रोजन फ्युल लुब्रिकेन्ट्स, ग्रीजजस्ता पेट्रोलियम उत्पादनको व्यापार सुरु गर्ने सोचमा छौं । अहिले चार्जिङ स्टेसनको काम विद्युत् प्राधिकरणले गरिरहेकाले त्यसमा हात हालेका छैनौं । तर, संस्थाको दीर्घकालीन स्थायित्वका लागि नयाँ ऊर्जा क्षेत्रमा लगानी गर्नेछौं ।

**हालको अवस्थामा हामीसँग पेट्रोल करिब १० दिन, डिजेल करिब १२ दिन र हवाई इन्धन १५ दिन पुग्ने गरी भण्डारण क्षमता विकास भएको छ । यो क्षमता विस्तार गर्न पूर्वाधारको अधिकतम उपयोग र नयाँ पूर्वाधार निर्माणलाई अगाडि बढाएका छौं ।**

**अहिलेसम्म नेपालमा पाइपलाइनबाट हवाई इन्धन ल्याउने व्यवस्था थिएन । अब चितवनमा पाइपलाइनबाट हवाई इन्धन ल्याउनेछौं । यो आयोजना सम्पन्न भएपछि नेपालले पेट्रोलियम ढुवानीका लागि भारतमा ट्यांकर पठाउनुपर्ने बाध्यता अन्त्य हुनेछ ।**

**उपभोक्तालाई मार नपरोस् भनेरै हामीले विगतमा रातो र नीलो सिलिन्डर व्यवस्था गर्न खोजे पनि सफल हुन सकेन । ग्यासमा दोहोरो मूल्य प्रणाली सुन्दा सजिलो लागे पनि कार्यान्वयनमा धेरै जटिलता छन् । सोही कारण दुईवटा नयाँ विकल्पमा गृहकार्य गरिरहेका छौं ।**

**इथानोल स्वदेशमै उत्पादन हुने भएकाले आयात प्रतिस्थापन हुन्छ, विदेशी मुद्रा जोगिन्छ र किसानले आफ्नो कच्चा पदार्थको राम्रो मूल्य पाउँछन् । एउटा इथानोल उद्योग स्थापना हुँदा करिब २०० करोड लगानी हुन्छ र सयौंले रोजगारी पाउँछन् ।**

**निगम अहिले वित्तीय रूपमा सुदृढ अवस्थामा छ । अघिल्लो वर्ष ११ अर्ब नाफामा थियौं भने गत आर्थिक वर्षमा १४ अर्ब रुपैयाँ नाफा कमाउन सफल भयौं । यसको मुख्य श्रेय स्वचालित मूल्य प्रणालीलाई जान्छ ।**

**भविष्यमा विद्युतीय सवारी प्रयोग बढ्दै जाँदा पेट्रोल र डिजेलको खपत घट्न सक्छ । त्यसैले हामी व्यवसाय विविधीकरणमा लाग्दै छौं । अब बिटुमिन, हाइड्रोजन फ्युल लुब्रिकेन्ट्स, ग्रीजजस्ता पेट्रोलियम उत्पादनको व्यापार सुरु गर्ने सोचमा छौं ।**

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजतपत्र प्राप्त संस्था
केन्द्रीय कार्यालय : दोस्रो तल्ला अन्नपूर्ण आर्केड, दरवारमार्ग, काठमाडौं
फोन नं.: +९७७-०१-४२६८७१९, फ्याक्स नं.: +९७७-०१-४२६९३०८
टोल फ्रि नं. १६६००११५०१५
को

नगद लाभांश वितरण सम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०९/२१ गते सम्पन्न २४ औं वार्षिक साधारण सभाबाट यस संस्थाले आ.व. २०८१/८२ को वितरण योग्य मुनाफा रकमबाट चुक्ता पूँजीको ५.३७ प्रतिशतका दरले नगद लाभांश (नगद लाभांश तथा बोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत) प्रदान गरिएको सन्दर्भमा उक्त नगद लाभांश हितग्राही खातामा बैंक खाता अद्यावधिक गरिसकेका शेयरधनीहरुको हकमा सम्बन्धित बैंक खातामा मिति २०८२/०९/२१ गते देखि जम्मा गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

हितग्राही खातामा बैंक खाता अद्यावधिक नगराएका शेयरधनीहरु तथा हालसम्म पनि आफ्नो शेयर अभौतिकीकरण नगराउनु भएका शेयरधनी महानुभावहरुले आफ्नो शेयर अभौतिकिकरण गराई सो संगसंगै हितग्राही खातामा बैंक खाता समेत अद्यावधिक गराई समयमा नै आफ्नो नगद लाभांश प्राप्त गर्नु हुन अनुरोध छ ।

साथै आफ्नो शेयर धितो राखेका शेयरधनी महानुभावहरुको हकमा समयमा नै आफ्नो नगद लाभांश प्राप्त गर्नको लागि सम्बन्धित बैंक/वित्तीय संस्थाको स्वीकृति पत्र यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेडमा पेश गर्नु हुन समेत अनुरोध छ ।

*नोटः* यस कम्पनीको शेयर दाखिला खारेजी बन्द हुने दिन सम्ममा मर्जर पश्चात् गाभिने बैंक तथा वित्तीय संस्थाको खाता नं. रहेको शेयरधनीहरुको खाता नं. परिवर्तन हुने हुँदा त्यस्तो शेयरधनीहरुको लाभांशको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट फिर्ता आउन सक्ने हुंदा यथाशक्य छिटो आफ्नो परिवर्तित नयाँ खाता नं. हितग्राही खातामा अद्यावधिक गराउनु हुन यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

शेयर रजिष्ट्रार
Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ०१-५९७०७४७, फ्याक्सः ०१-४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com




मतदानमा सहभागी बनौं।

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो ।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं ।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं ।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं ।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरूपमा लिएर जाऔं ।
- दबाब र प्रभावमा परी मतदान नगरौं ।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं ।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं ।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Himalayan Bank Ltd.
SEALED TENDER NOTICE

(First date of publication 09-01-2026)

Himalayan Bank Limited invites sealed tender from VAT registered eligible interested parties for the supply, installation, and commissioning of **"IBM AIX SERVER & STORAGE"**. The interested parties can obtain tender document from General Administration Department, Corporate Office, Kamaladi with a request letter in the letter head of the company upon deposit of Rs.5,000.00 (Non-Refundable) in any of the nearest HBL branches. The last date for submission of sealed tender is 23-01-2026 within office hours and should be addressed to General Administration Department.

Bidders are required to submit two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope. Failure to submit proposals separately will result in disqualification. Other terms & Conditions will be as per the details mentioned in the bid documents.

Bank reserves the right to accept or reject the tender fully or partially without assigning any reason whatsoever.

HBL Himalayan Bank Ltd.
General Administration Department
Himalayan Bank Limited
Corporate Office, Kamaladi, Kathmandu
Phone: 01-5971346

टीबीआई पब्लिकेसन्स लिमिटेड, ४९२ मध्यमार्ग, बुद्धनगर -१० काठमाडौं । द. नं. ५६/०६६/०६७ । फोन : ०१-४७९५०००, पोस्ट बक्स नं. १०४०७ । इमेल : editor@karobardaily.com । मुद्रक : एक्सप्रेस कलर प्रेस प्रालि बुद्धनगर । गो.हु.का.द.नं. २/०८०/०८१ । अध्यक्ष : भवन भट्ट । उपाध्यक्ष : शिशीर भट्ट । प्रबन्ध निर्देशक : प्रकाश अधिकारी । प्रधान सम्पादक : बालकृष्ण ज्ञवाली
TBI Publications Limited, 492 Madhyamarga, Buddhanagar - 10 Kathmandu | Regd. 56/066/067 | Tel. : +97714795000 | P.O. Box: 10407 | Printed at : Express Colour Press | Chairman : Bhaban Bhatta | Vice Chairman : Shisheer Bhatta | Managing Director : Prakash Adhikari | Editor in Chief : Balkrishna Gnawali